# मध्यमकालीन खर्च संरचना
## (Medium-Term Expenditure Framework)

(आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५)

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

असार १, २०८२

# मध्यमकालीन खर्च संरचना
# (Medium-Term Expenditure Framework)
# आर्थिक वर्ष २०८२/८३–२०८४/८५

गण्डकी प्रदेश सरकार
**गण्डकी प्रदेश नीति तथा योजना आयोग**
पोखरा, नेपाल

असार १, २०८२

**मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/८३-२०८४/८५)**

प्रतिलिपि अधिकार @ गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरा, नेपाल

फोनः ०६१-४५२५९४

ईमेल: pppcgandaki@gmail.com

वेबसाइटः ppc.gandaki.gov.np

# भूमिका

मध्यमकालीन खर्च संरचना (MTEF) योजनाबद्ध सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो । यसले सीमित आर्थिक स्रोतलाई वस्तुपरक रूपमा विश्लेषण गरी प्राथमिकताका क्षेत्रहरूमा तीन वर्ष अवधिका लागि सन्तुलित बजेट विनियोजन, प्रक्षेपण र कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्दछ । प्रदेशको वित्त व्यवस्थापनको सम्बन्धमा यस संरचनाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को आधारमा आय-व्ययको उच्चतम योजना बनाउन सहयोग पुर्याउँदछ ।

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) ले "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को सोच अनुरूप उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समावेशी विकास हासिल गर्ने लक्ष्य राखेको छ । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्य स्थापित गर्दै, प्राथमिकतामा रहेका कार्यक्रमहरूको निरन्तरता, बहुवर्षीय आयोजनाको समयमै सम्पादन र स्रोतको पूर्वनिर्धारण गर्ने भूमिका निर्वाह गर्दछ । साथै, यसले दिगो विकास लक्ष्य (SDGs), लैङ्गिक समानता, जलवायु अनुकूलन र प्रदेशको रूपान्तरणकारी प्राथमिकताहरूलाई बजेटमा समावेश गरी कार्यान्वयनको गतिशीलता बढाउँदछ ।

मध्यमकालीन खर्च संरचनामा आगामी तीन आर्थिक वर्ष (२०८२/८३–२०८४/८५) को लागि यथार्थपरक राजस्व र व्ययको प्रक्षेपण, स्रोतको सुनिश्चितता र योजनाका नतिजा सूचकहरू प्राप्तिको मार्गचित्र समावेश गरिएको छ । विषयगत मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, दोस्रो पञ्चवर्षीय योजना र प्रादेशिक बजेट सूचना प्रणालीबाट प्राप्त तथ्याङ्कको विश्लेषणलाई आधार बनाई यो दस्तावेज तयार गरिएको छ । यसको कार्यान्वयनले वित्तीय अनुशासन, पुँजीगत खर्च र सोको गुणस्तरमा सुधार र आर्थिक सुदृढीकरणमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा छ ।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचनाको निर्माणमा सहयोग पुर्याउने विषयगत मन्त्रालय, निकाय तथा सबै सरोकारवाला प्रति हार्दिक आभार व्यक्त गर्दछौ ।

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

**पोखरा, गण्डकी प्रदेश**

# विषयसूची

**भूमिका**
परिच्छेद : एक ........ १
परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ मध्यमकालीन खर्च संरचनाको परिचय ........ २
१.३ उद्देश्य ........ ३
१.४ नीतिगत व्यवस्था ........ ४
१.५ संस्थागत व्यवस्था ........ ५
१.५.१ प्रदेश स्रोत अनुमान समिति ........ ५
१.५.२ बजेट समिति ........ ६
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ ६
१.६.१ समष्टिगत वित्त खाका निर्धारण र त्रिवर्षीय स्रोत अनुमानः ........ ६
१.६.२ विषय क्षेत्रगत बजेट सीमा तथा स्रोत बाँडफाँटः ........ ७
१.६.३ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमाः ........ ७
१.६.४ खर्च तथा स्रोतबीचको तालमेलको समीक्षा एवम् परिमार्जन: ........ ७
१.६.५ मध्यमकालीन खर्च संरचनाको स्वीकृति र प्रकाशनः ........ ७
परिच्छेद: दुई ........ ८
मध्यमकालीन खर्च संरचना ........ ८
२.१ पृष्ठभूमि ........ ८
२.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ ९
२.२.१ प्रादेशिक सोच ........ ९
२.२.२ प्रादेशिक लक्ष्य ........ ९
२.२.३ प्रादेशिक उद्देश्य ........ ९
२.२.४ प्रादेशिक रणनीति ........ ९
२.३ मध्यमकालीन वित्त खाका ........ १०
२.४ मध्यमकालीन नतिजा खाका ........ ११
२.५ मध्यमकालीन बजेट तथा कार्यक्रम खाका ........ १४
२.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १६
२.६.१ **मन्त्रालय तथा निकायगत** तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १६
२.६.**२** प्राथमिकताको आधारमा बाँडफाँट ........ १९
२.६.२ दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट ........ १९

२.६.३ लैङ्गिक सङ्केतको आधारमा बाँडफाँट ........ २०
२.६.४ जलवायु परिवर्तन सङ्केतका आधारमा बजेटको बाँडफाँट ........ २१
२.७ अन्तर सरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण ........ २२
परिच्छेद: तीन ........ २३
आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम तथा बजेट ........ २३
३.१ आर्थिक वर्ष २०८२/८३ को विकास कार्यक्रम बजेट ........ २३
३.१.१ कार्यक्रम प्रकृतिका आधारमा विनियोजित बजेट ........ २३
३.१.२ प्राथमिकताको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट ........ २४
३.१.३ दिगो विकास लक्ष्यको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट ........ २४
३.१.४ लैङ्गिक सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट ........ २५
३.१.५ जलवायु सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट ........ २५
**३.२ मन्त्रालय तथा निकायगत** तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २५
परिच्छेद : चार ........ २७
मन्त्रालय/ निकायगत मध्यमकालीन खर्च संरचना ........ २७
४.१ आर्थिक मामिला मन्त्रालय ........ २७
४.१.१ पृष्ठभूमि ........ २७
४.१.२ प्रमुख कार्यक्षेत्र ........ २७
४.१.३ प्रमुख सवाल तथा चुनौती ........ २८
४.१.४ रूपान्तरणका रणनीति ........ २८
४.१.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ........ २९
४.१.६ दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आबद्धता ........ २९
४.१.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता ........ ३०
४.१.८ त्रिवर्षीय नतिजा सूचक ........ ३०
४.१.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु हजारमा) ........ ३१
४.१.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम ........ ३२
४.१.११ सम्भाव्य जोखिम पक्ष ........ ३४
४.२ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ........ ३४
४.२.१ पृष्ठभूमि ........ ३४
४.२.२ प्रमुख कार्यक्षेत्र ........ ३५
४.२.३ प्रमुख सवाल तथा चुनौती ........ ३५
४.२.४ रूपान्तरणकारी रणनीति ........ ३६
४.२.५ प्रमुख कार्यक्रम ........ ३७
४.२.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता ........ ३७

४.२.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता ........ ३८
४.२.८ त्रिवर्षीय नतिजा सूचक ........ ३९
४.३.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान ........ ४०
४.२.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम ........ ४०
४.२.११ सम्भाव्य जोखिम पक्ष ........ ४५
४.३ वन तथा वातावरण मन्त्रालय ........ ४५
४.३.१ पृष्ठभूमि ........ ४५
४.३.२ कार्यक्षेत्र ........ ४६
४.३.३ प्रमुख सवाल ........ ४७
४.३.४ रूपान्तरणकारी रणनीति ........ ४८
४.१ दिगो वन व्यवस्थापन ........ ४८
४.२ जैविक विविधता संरक्षण ........ ४९
४.३ जलाधार व्यवस्थापन ........ ५०
४.३.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ........ ५०
५.१ दिगो वन व्यवस्थापन ........ ५१
५.२ जैविक विविधता संरक्षण ........ ५२
५.३ जलाधार व्यवस्थापन ........ ५२
४.३.६ दोस्रो आवधिक योजना कार्यान्वयनसँगको आबद्धता ........ ५३
४.३.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता ........ ५४
४.३.८ त्रिवर्षीय नतिजा सूचक ........ ५४
४.३.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५५
४.३.१० आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण ........ ५५
४.३.११ सम्भाव्य जोखिम पक्ष ........ ६०
४.४ पर्यटन तथा उद्योग मन्त्रालय ........ ६०
४.४.१ पृष्ठभूमि ........ ६०
४.४.२ प्रमुख कार्यक्षेत्र ........ ६०
४.४.३ प्रमुख सवाल तथा चुनौती ........ ६१
४.४.४ रूपान्तरणका रणनीति ........ ६१
४.४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ........ ६२
४.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ ६२
४.४.७ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता ........ ६३
४.४.८ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता ........ ६३
४.४.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६३

४.४.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम ... ६४
४.४.११ सम्भाव्य जोखिम पक्ष ... ६४
४.५ स्वास्थ्य मन्त्रालय ... ६५
४.५.१ पृष्ठभूमि ... ६५
४.५.२ प्रमुख कार्यक्षेत्र ... ६५
४.५.३ प्रमुख सवाल तथा चुनौती ... ६६
४.५.४ रूपान्तरणकारी रणनीति ... ६६
४.५.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ... ६८
४.५.६ दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आवद्धता ... ७१
४.५.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता ... ७१
४.५.८ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ... ७१
४.५.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान ... ७२
४.५.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम ... ७३
४.५.११ सम्भाव्य जोखिम पक्ष ... ७५
४.६ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय ... ७५
४.६.१ पृष्ठभूमि ... ७५
४.६.२ प्रमुख कार्यक्षेत्र ... ७५
४.६.३ प्रमुख सवाल तथा चुनौती ... ७५
४.६.४ रुपान्तरणकारी रणनीति ... ७६
४.६.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ... ७७
४.६.६ दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आवद्धता ... ७८
४.६.७ दिगो विकास लक्ष्य कार्यान्वयनसगँको आवद्धता ... ७८
४.६.८ त्रिवर्षीय नतिजा सूचक ... ७८
४.६.९ त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान (रु हजारमा) ... ७९
४.६.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम ... ८०
४.६.११ सम्भाव्य जोखिम पक्ष ... ८५
४.७ उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय ... ८५
४.७.१ पृष्ठभूमि ... ८५
४.७.२ प्रमुख कार्यक्षेत्र ... ८६
४.७.३ प्रमुख सवाल तथा चुनौती ... ८७
४.७.४ रुपान्तरणकारी रणनीति ... ८८
४.७.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ... ९०
४.७.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता ... ९२

४.७.७ दिगो विकास लक्ष्य कार्यान्वियनसँगको आबद्धता ........ ९३
४.७.८ त्रिवर्षीय नतिजा सूचक र लक्ष्य ........ ९४
४.७.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम........ ९६
४.७.११ सम्भाव्य जोखिम पक्ष........ ९७
४.८ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय ........ ९७
४.८.१ पृष्ठभूमि ........ ९७
४.८.२ प्रमुख कार्यक्षेत्र ........ ९७
४.८.३ प्रमुख सवाल तथा चुनौती ........ ९७
४.८.४ रुपान्तरणकारी रणनीति........ ९८
४.८.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ........ ९८
४.८.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता ........ ९९
४.८.७ दिगो विकास लक्ष्य कार्यान्वियनसँगको आवद्धता ........ ९९
४.८.८ त्रिवर्षीय नतिजा सूचक ........ १००
४.८.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान........ १०१
४.८.१० वार्षिक विकास कार्यक्रम ........ १०१
४.८.११ सम्भाव्य जोखिम पक्ष........ १०२
४.९ **गण्डकी प्रदेश** नीति **तथा योजना आयोग**........ १०२
४.९.१ पृष्ठभूमि ........ १०२
४.९.२ प्रमुख कार्यक्षेत्र ........ १०३
४.९.३ प्रमुख सवाल तथा चुनौती ........ १०३
४.९.४ रुपान्तरणकारी रणनीति........ १०४
४.९.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ........ १०४
४.९.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता ........ १०४
४.९.७ दिगो विकास लक्ष्य कार्यान्वियनसँगको आवद्धता ........ १०५
४.९.८ त्रिवर्षीय नतिजा सूचक ........ १०५
४.१०.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान........ १०६
४.९.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम........ १०७
४.९.११ सम्भाव्य जोखिम पक्ष........ १०८
४.१० प्रदेश सभा सचिवालय ........ १०८
४.१०.१ पृष्ठभूमि........ १०८
४.१०.२ कार्य क्षेत्र ........ १०९
४.१०.३ प्रमुख सवाल तथा चुनौती ........ १०९
४.१०.४ रुपान्तरणकारी रणनीति........ १०९

४.१०.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ....... ११०
४.१०.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता ....... ११०
४.१०.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता ....... ११०
४.१०.८ त्रिवर्षीय नतिजा सूचक ....... ११०
४.१०.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु. हजारमा) ....... १११
४.१०.११ सम्भाव्य जोखिम पक्ष ....... १११
४.११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ....... १११
४.११.१ पृष्ठभूमि ....... ११२
४.११.२ कार्य क्षेत्र ....... ११२
४.११.३ प्रमुख सवाल तथा चुनौती ....... ११२
४.११.४ रुपान्तरणकारी रणनीति ....... ११२
४.११.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ....... ११३
४.११.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता ....... ११४
४.११.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता ....... ११५
४.११.८ त्रिवर्षीय नतिजा सूचक ....... ११५
४.११.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु. हजारमा) ....... ११६
४.११.१० कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण ....... ११६
४.११.११ सम्भावित जोखिम पक्ष ....... ११६
४.१२ मुख्य न्यायधिवक्ताको कार्यालय ....... ११६
४.१२.१ पृष्ठभूमि ....... ११६
४.१२.२ कार्य क्षेत्र ....... ११७
४.१२.३ प्रमुख सवाल तथा चुनौती ....... ११८
४.१२.४ रुपान्तरणकारी रणनीति ....... ११८
४.१२.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ....... ११८
४.१२.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता ....... ११८
४.१२.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता ....... ११९
४.१२.८ त्रिवर्षीय नतिजा सूचक ....... ११९
४.१२.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान ....... ११९
४.१२.१० कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण ....... १२०
४.१२.११ सम्भाव्य जोखिम पक्ष ....... १२०
४.१३ प्रदेश लोकसेवा आयोग ....... १२०
४.१३.१ पृष्ठभूमि ....... १२१
४.१३.२ प्रमुख कार्यक्षेत्र ....... १२१

४.१३.३ प्रमुख सवाल तथा चुनौती ........ १२२
४.१३.४ रुपान्तरणकारी रणनीति ........ १२२
४.१४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम ........ १२२
४.१४.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता ........ १२३
४.१४.८ त्रिवर्षीय नतिजा सूचक ........ १२३
४.१४.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु. हजारमा) ........ १२५
४.१४.११ सम्भाव्य जोखिम पक्ष ........ १२६

## परिच्छेद : एक

## परिचय

### १.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ देखि दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा आएको छ। 'समृद्ध नेपाल सुखी नेपाली' को दीर्घकालीन सोच, २१०० सँग सामन्जस्यता कायम गरी तर्जुमा भएको योजनाले संरचनात्मक रूपान्तरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जनामा जोड दिएको छ। दोस्रो पञ्चवर्षीय योजनाले लिएका नतिजा हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन गर्नु आवश्यक हुन्छ।

नेपालको संविधानले लिएको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपाल सरकारले **"समृद्ध नेपालः सुखी नेपाली"** को दीर्घकालीन सोचका साथ योजनाबद्ध विकास यात्रामा अगाडि बढेको छ। यस दीर्घकालीन सोच हासिल गर्ने दिशामा वि.सं. २०८३ (सन् २०२६) सम्ममा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नती गर्ने र वि. सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको छ। योजनाबद्ध विकासको करिव सात दशक लामो अनुभव सहित राष्ट्रिय स्तरमा सोह्रौ योजना कार्यान्वियन मार्फत जनआकांक्षाको सम्बोधन गर्नतर्फ अग्रसर रहेको छ।

गण्डकी प्रदेश सरकारले विकासको राष्ट्रिय आकांक्षा पुरा गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता बमोजिम योजनाबद्ध विकास प्रयासमा प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको अनुभव सहित दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्याएको छ। दोस्रो पञ्चवर्षीय योजनाले प्रदेशको समग्र विकास तथा समुन्नतिको गतिलाई द्रुततर तुल्याउन **"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी"** को सोच सहित उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य लिएको छ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण वित्तीय औजारको रूपमा रहेको छ । यसले उपलब्ध स्रोत साधनको वस्तुपरक आंकलन गरी प्राथमिकता प्राप्त क्षेत्रमा मध्यम अवधिका लागि बजेट विनियोजन तथा प्रक्षेपणमा सन्तुलन कायम गर्न र सार्वजनिक वित्तको कुशलतापूर्वक परिचालन गर्न सहयोग पुऱ्याउँदछ । नागरिकका अपेक्षित योजनाको मागलाई बजेटको सीमा अनुरूप प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजन गरी अपेक्षित नतिजा प्राप्त गर्न मध्यमकालीन खर्च संरचना उपयोगी हुन्छ । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दै आएको छ । समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट तथा कार्यक्रम खाकाको समष्टि नै मध्यमकालीन खर्च संरचना

हो । यसले आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गरी विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यस सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले दीर्घकालीन सोच तथा आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न एवम् रणनीति तथा कार्यनीतिको कार्यान्वयन, क्षेत्रगत तथा कार्यक्रमगत प्राधमिकता निर्धारण, खर्च र स्रोतको आँकलन तथा प्रक्षेपण गरी वित्त व्यवस्थापन तथा आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ सुधारको औजारको रूपमा आत्मसात गदै प्रदेश स्रोत अनुमान समितिले निर्धारण गरेको स्रोतको अनुमान एवम् खर्च सीमाको आधारमा बजेट उपशीर्षकगत तहमा सम्बन्धित मन्त्रालय निकायबाट प्रस्तावित एवम् चालु सोह्रौं योजना तथा दिगो विकास लक्ष्यसँग तादात्म्यता हुनेगरी कार्यक्रम/आयोजना प्राथमिकीकरण तथा पुनःप्राथमिकीकरण गर्न समेत सहयोग हुनेगरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको परिचय

आवधिक योजना र वार्षिक बजेटबीच अन्तरआवद्धता कायम गर्ने सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। यसले उपलब्ध साधन-स्रोतको अनुमान र त्यसलाई योजनाले लिएका प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गत समष्टिगत आर्थिक तथा वित्त खाका, नतिजा खाका र कार्यक्रम तथा बजेट खाका रहेका हन्छन्। बजेट खाका अन्तर्गत सार्वजनिक स्रोततर्फ अन्तरसरकारी वित्तीय हस्तान्तरण, आन्तरिक राजस्व र आन्तरिक ऋण आंकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ। क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको रकम विनियोजन र प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने अनुदान तथा राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ। यसरी निर्धारण भएको बजेट सीमा भित्र रहेर मन्त्रालय एवम् निकायहरूले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन्। सम्बन्धित निकायहरूसँगको छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ। यो खाका तयार गर्दा बजेट कार्यान्वयनबाट आगामी तीन वर्षमा प्राप्त हुने नतिजाको अनुमान गरिन्छ। यसमा प्रदेश स्रोत अनुमान समितिले निर्धारण गरेको स्रोतको अनुमान एवम् खर्च सीमा निर्धारणको आधारमा पहिलो वर्षको खर्च र स्रोत अनुमानको वार्षिक बजेटसँग तादात्म्यता राखी बाँकी दुई वर्षको प्रक्षेपण गरिन्छ। गत आर्थिक वर्षको प्रगति समीक्षा र चालु आर्थिक वर्षको संशोधित अनुमान सहित आगामी तीन आर्थिक वर्षको स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । यस संरचनालाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पुऱ्याउँछ ।

सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा विभिन्न समस्या विद्यमान छन् । आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीचमा तादात्म्यता नरहनु, कुनै कार्यक्रम/आयोजनामा आवश्यक बजेट नछुट्याइनु, कुनै कार्यक्रम/आयोजनामा आवश्यकताभन्दा बढी बजेट छुट्याइनु, रुग्ण आयोजनाका समस्या समाधान नभइ निरन्तर रूपमा बजेट विनियोजन हुनु, स्रोतको सुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजना सञ्चालनमा रहनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् । यी समस्याको सम्बोधनका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनलाई कानुनतः व्यवस्थित गरिएको छ।

**मध्यमकालीन खर्च संरचनाका विशेषताः**

**क) आवधिक योजना र वार्षिक बजेट बीचको सम्बन्धः** मध्यमकालीन खर्च संरचनाले आवधिक योजना कार्यान्वयनको लागि नतिजा सूचक र लक्ष्य, स्रोतको अनुमान तथा सो अनुसारका कार्यक्रम तथा आयोजना वार्षिक बजेटमा समावेश गर्न सहयोग गर्दछ। यसको लागि योजनाको सोच, लक्ष्य र रणनीतिलाई खर्च संरचनाको सम्बन्धित विषय क्षेत्रगत खण्डमा समावेश गरिएको हुन्छ। साथै, योजनामा निर्धारित लक्ष्य र सूचकको आधारमा तीन वर्षको नतिजा खाका समावेश गरिएको हुन्छ ।

**ख) विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र पुनःप्राथमिकीकरण:** योजनाले लिएका लक्ष्य हासिल गर्न उपलब्ध स्रोत साधनको महत्तम परिचालन गर्नुपर्ने हुन्छ । विकास कार्यक्रम वा आयोजनाबाट हासिल हुने प्रतिफल तथा यसबाट आर्थिक, सामाजिक विकासमा पुग्ने योगदानको आधारमा प्राथमिकीकरण तथा पुनःप्राथमिकीकरण गर्नु आवश्यक हुन्छ। प्राथमिकता प्राप्त आयोजनालाई पर्याप्त बजेट विनियोजन गरी कार्यान्वयन गर्न समेत यो खर्च संरचना सहयोगी हुन्छ ।

**ग) प्रति एकाई लागत अनुमान:** कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि सञ्चालन गरिने क्रियाकलापको कुल लागत अनुमान गर्न लाभान्वित जनसंख्या वा प्रतिफलको आधारमा गणना गरिन्छ। मन्त्रालय तथा निकायले सञ्चालन गर्ने आयोजना र कार्यक्रमका विभिन्न क्रियाकलापको प्रति एकाइ खर्च अनुमानको साथै विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचक समेत प्रस्तुत गरिन्छ।

**१.३ उद्देश्य**

मध्यमकालीन खर्च संरचनाका उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,

(ख) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउने,

(ग) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्ने,

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने,
(ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउने,
(च) प्रदेश सरकारको आन्तरिक स्रोत र सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणका आधारमा समष्टिगत वित्त खाका, नतिजा खाका तथा बजेट खाका तयार गर्ने,
(छ) विषयगत मन्त्रालय तथा निकायको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने।

## १.४ नीतिगत व्यवस्था

**क. नेपालको संविधान**: नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने प्रावधान रहेको छ । संविधानको धारा ६० मा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा राजस्व उठाउन सक्ने व्यवस्था रहेको छ । नेपाल सरकारले सङ्कलन गरेको राजस्व तीन वटै तहमा न्यायोचित वितरण गर्ने र नेपाल सरकारले प्रदेश एवम् स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि संविधानको भाग २६ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरण आयोगको सिफारिस बमोजिम हुने संवैधानिक व्यवस्था छ ।

**ख. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४:** अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १७ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने व्यवस्था गरेको छ । ऐनले मध्यमकालीन खर्च संरचना तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक रकम छुट्याउनु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी, मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने विवरण समेत खुलाउनुपर्ने व्यवस्था गरेको छ ।

**ग. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८:** यस ऐनको परिच्छेद ३ मा राजस्व र व्ययको अनुमान तथा दफा ५ मा नीति तथा योजना आयोगले आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त मध्यमकालीन खर्च संरचनामा नीति तथा योजना आयोगले समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रममा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ

। त्यसै गरी प्रदेश मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ ।

**घ. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९:** नियमावलीको नियम १० मा मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी चैत मसान्तसम्म तयार गर्नु पर्ने प्रावधान रहेको छ । यसरी तयार भएका खाकाहरुका आधारमा सबै विषयगत मन्त्रालयहरूले मध्यमकालीन खर्च संरचना तयार गरी बैशाख पन्ध्र गतेभित्र नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । यसरी मन्त्रालयले तयार गर्ने मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल समावेश हुनुपर्ने व्यवस्था छ । त्यसैगरी, सो दस्तावेजमा तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट, गत आर्थिक वर्षको यथार्थ खर्च तथा चालू आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका र तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल सहित नतिजा खाका रहनु पर्ने व्यवस्था रहेको छ । यसरी तयार गरिने मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरणलाई विषयगत मन्त्रालयहरूले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि समेत गर्नुपर्ने प्रावधान रहेको छ।

**ङ. प्रदेश सरकारको बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०:** निर्देशिकाको दफा ३ मा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को व्यवस्थालाई आत्मसात गरेको छ ।

### १.५ संस्थागत व्यवस्था

#### १.५.१ प्रदेश स्रोत अनुमान समिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ बमोजिम देहाय अनुसारको प्रदेश स्रोत अनुमान समिति रहने व्यवस्था रहेको छः

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | -संयोजक |
| सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| सचिव, आर्थिक मामिला मन्त्रालय | -सदस्य |
| प्रमुख, नेपाल राष्ट्र बैंक, पोखरा | -सदस्य |
| प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | -सदस्य सचिव |

प्रदेशको खर्च, राजस्व, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र बजेट कार्यान्वयनको समीक्षा गरी उपलब्ध हुन सक्ने स्रोतको आंकलन गर्ने जिम्मेवारी प्रदेश स्रोत अनुमान समितिमा रहेको छ। समितिले आवधिक योजना, क्षेत्रगत दीर्घकालीन योजना, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारको नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको आवश्यकता आंकलन सहित स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सो समेतको आधारमा मध्यमकालीन समष्टिगत वित्त खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ। समितिले फागुन १५ गतेभित्र सुझाव सहितको प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।

### १.५.२ बजेट समिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १३ बमोजिम प्रदेश सरकारका मन्त्रालय वा निकाय अन्तर्गतको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यको समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न देहायअनुसारको बजेट समिति रहने व्यवस्था रहेको छः

(क) लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको नवौं तह वा दशौं तह वा सो सरहको अधिकृत - अध्यक्ष

(ख) प्रमुख, योजना तथा बजेट महाशाखा - सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(घ) प्रमुख, योजना शाखा -सदस्य सचिव

बजेट समितिले प्रदेश सरकारका मन्त्रालय वा निकाय अन्तर्गतको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यमा समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्नुपर्ने जिम्मेवारी रहेको छ । समितिले नीति तथा योजना आयोगबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनका आधारमा आफ्नो केन्द्रीय निकाय र अन्तर्गतको कार्यालयको लागि मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम तयार गरी नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने एवम् सोको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्ने गराउने कार्य समेत गर्दछ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### १.६.१ समष्टिगत वित्त खाका निर्धारण र त्रिवर्षीय स्रोत अनुमानः

प्रदेश स्रोत अनुमान समितिले प्रदेशको खर्च, राजस्व, नेपाल सरकारबाट प्राप्त हुने अनुदान, र बजेट कार्यान्वयनको समीक्षा गरी आगामी तीन आर्थिक वर्षमा उपलब्ध हुन सक्ने स्रोत तथा गर्न सकिने खर्चको सीमाको अनुमान तथा प्रक्षेपण गरेको छ । स्रोत अनुमान तथा प्रक्षेपण गर्दा गत आर्थिक वर्षको वार्षिक र चालू आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक अवस्था, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने राजस्व र सङ्घबाट प्राप्त हुने अनुदान लगायतका प्रदेश सञ्चित कोषमा जम्मा हुने स्रोत समेतलाई आधारका रूपमा लिइएको छ ।

### १.६.२ विषय क्षेत्रगत बजेट सीमा तथा स्रोत बाँडफाँटः

प्रदेश नीति तथा योजना आयोगले दोस्रो पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य स्थानीयकरणको मार्गचित्र, विषय क्षेत्रगत नीति तथा योजना, प्रादेशिक आवश्यकता तथा प्राथमिकता, बहुवर्षीय आयोजना कार्यान्वयनको अवस्था एवम् नयाँ कार्यक्रम तथा आयोजना समेतलाई आधार लिई आगामी तीन आर्थिक वर्षको बजेट सीमा एवम् स्रोत बाँडफाँट गरेको छ । त्यसैगरी, बजेट तर्जुमाका लागि आयोगको निर्णयअनुसार स्वीकृत बजेट तर्जुमा मार्गदर्शन समेत गरी चालू, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेट सीमा प्रदेश मन्त्रालय र निकायहरूमा प्रेषण गरिएको थियो ।

### १.६.३ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमाः

प्रदेश नीति तथा योजना आयोगबाट प्राप्त मार्गदर्शन एवम् बजेट सीमाको अधीनमा रही मन्त्रालय/निकायहरूद्वारा विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । मध्यमकालीन खर्च संरचना मस्यौदा तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण गरिएको छ। त्यसैगरी, प्रदेश मन्त्रालय वा निकायबाट कार्यक्रम वा आयोजनाको विवरण तयार गरी प्रति एकाइ लागत र विषय क्षेत्रगत नतिजा खाका समेत समावेश गरी तयार गरिएको प्रस्तावित मध्यमकालीन खर्च संरचना नीति तथा योजना आयोगमा प्राप्त भएको छ ।

### १.६.४ खर्च तथा स्रोतबीचको तालमेलको समीक्षा एवम् परिमार्जनः

विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त मध्यमकालीन खर्च संरचना मस्यौदालाई पुनरावलोकन गर्नुका साथै बजेट मागको प्राविधिक विश्लेषण समेत गरिएको छ । मन्त्रालय/निकायबाट प्राप्त मध्यमकालीन खर्च संरचनालाई दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्रहरू र दिगो विकास लक्ष्यबीच तादात्म्यता कायम गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमाको क्रममा लैङ्गिक तथा जलवायु संकेत र दिगो विकास लक्ष्यका आधारमा आयोजना तथा कार्यक्रमलाई साङ्केतीकरण गरिएको छ।

### १.६.५ मध्यमकालीन खर्च संरचनाको स्वीकृति र प्रकाशनः

गण्डकी प्रदेश नीति तथा योजना आयोगबाट तयार भएको मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२।०८३- २०८४।०८५) आयोगको मिति २०८२ असार १ गतेको निर्णयअनुसार स्वीकृत गरिएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ बमोजिम राजस्व र व्ययको अनुमानको साथमा दफा ५ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचनाको दस्तावेज आर्थिक मामिला मन्त्रालय मार्फत २०८२ असार १ गते गण्डकी प्रदेश सभा समक्ष पेस गरिएको छ।

## परिच्छेदः दुई

## मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमि

सुदृढ प्रदेश अर्थतन्त्र निर्माण, उत्पादन तथा उत्पादकत्वमा बढोत्तरी र रोजगारीको सिर्जना गरी आत्मनिर्भर र समुन्नत प्रदेशको लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन आवश्यक छ । गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य र सामाजिक तथा आर्थिक परिदृश्यका आधारमा मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/८३-२०८४/८५) तर्जुमा गरिएको छ । मध्यमकालीन खर्च संरचनाले प्रादेशिक विकास प्राथमिकतासँग स्रोतको महत्तम र रणनीतिक उपयोग गरी सामञ्जस्यता सुनिश्चित गर्दछ । यसको कार्यान्वयनबाट प्रदेशको समुन्नति र सुख हासिल गर्ने लक्ष्यमा योगदान पुग्नेछ । यस संरचनाका वृहत आर्थिक- सामाजिक तथ्याङ्कका सम्बन्धमा आवधिक योजना र अघिल्ला मध्यमकालीन खर्च संरचनालाई आधारको रुपमा लिईएको साथै केही तथ्याङ्क साधारण औषत विधिबाट प्रक्षेपण गरिएको छ। विषयगत मन्त्रालय एवंम निकायका मध्यमकालीन खर्च संरचनाको समष्टिगत स्वरुप यस संरचनामा तत् तत् निकायगत सम्पूर्ण कार्यक्रम एवंम सम्बोधनका क्षेत्रलाई आवधिक योजना एवंम दीर्घकालीन सोच समेतको आधारमा तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनमा देहाय बमोजिमका अवसर र चुनौतीहरूको आंकलन गरिएको छः

**अवसर**

- खर्चको सीमा र प्राथमिकता अनुरूप वार्षिक बजेट विनियोजन भइ वित्तीय अनुशासन कायम हुनु,
- पारदर्शी र पूर्वानुमानयोग्य बजेट प्रणाली मार्फत सरकारको जवाफदेहिता र वित्तीय सुशासन कायम हुनु,
- स्थानीय तहका लागि मार्गदर्शनका साथै सिकाइको आदानप्रदान हुनु,
- प्रादेशिक विकास प्राथमिकता अनुकूल स्रोत साधनको उच्चतम परिचालन हुनु,
- दिगो विकास लक्ष्य जस्ता दीर्घकालीन सोच सहितका विषयहरूको कार्यान्वयनमा अन्तर आबद्धता हुनु,
- सार्वजनिक स्रोतको विनियोजन कुशलता र कार्यदक्षता कायम भई सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि हुनु,
- सार्वजनिक निकाय र पदाधिकारीहरूको वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि हुनु ।

**चुनौती**

- विषयगत मन्त्रालय/निकाय अन्तर्गतका जिम्मेवार अधिकारीमा बजेट, योजना, र वित्तीय विश्लेषणमा विशेषज्ञताको क्षमता विकास गर्नु,
- विश्वसनीय र अद्यावधिक सूचना तथा तथ्याङ्कको प्राप्ति एवम् एकीकृत र खण्डीकृत सूचना प्रणालीको विकास गर्नु,
- नीतिगत अस्थिरताबीच मध्यमकालीन खर्च संरचनाको परिपालन सुनिश्चित गर्नु,
- आर्थिक उतार-चढावको सन्दर्भमा राजस्व अनुमान र समग्र वित्तीय अवस्थाको प्रतिकुलताका बाबजुद मध्यमकालीन खर्च संरचनालाई अनुपालन गर्नु,
- उपलब्ध सीमित स्रोत साधन र विकास लक्ष्यबीच सामञ्जस्यता कायम गर्नु,
- आन्तरिक ऋण सम्बन्धमा नीति कानुन र संस्थागत संरचना निर्माण गर्नु।

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### २.२.१ प्रादेशिक सोच

**"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"**

उच्च आर्थिक वृद्धि, समुन्नत अर्थतन्त्र, उच्च उत्पादन, सम्मानित रोजगारी र आय तथा भौतिक सुविधा, सुरक्षा र स्वच्छ पर्यावरण भएको समुन्नत प्रदेशमा बसोबास गर्ने स्वस्थ, शिक्षित, सीपयुक्त तथा सम्पन्न नागरिक।

### २.२.२ प्रादेशिक लक्ष्य

आत्मनिर्भरता, सामाजिक न्याय र समुन्नति हासिल गर्ने।

### २.२.३ प्रादेशिक उद्देश्य

१. गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु,

२. मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु,

३. गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नु।

### २.२.४ प्रादेशिक रणनीति

१. उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने,

२. मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने,

३. दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर- आबद्धता अभिवृद्धि गर्ने,

४. हरित, कार्बन तटस्थ तथा जलवायु अनुकूलनका कार्य र स्वच्छता अभिवृद्धि गर्ने,

५. विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने,

६. नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने,

७. स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सवलीकरण तथा सुदृढीकरण गर्ने,

८. प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने ।

**२.३ मध्यमकालीन वित्त खाका**

दोस्रो पञ्चवर्षीय योजनामा गण्डकी प्रदेशले लिएको "आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी" को सोच एवम् योजनाको लक्ष्य तथा उद्देश्य अनुरूप आगामी तीन आर्थिक वर्षको समष्टिगत वित्त खाका तयार गरिएको छ । वित्त खाका तर्जुमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्यायिक, नतिजामूलक व्यवस्थापन लगायत निजी, समुदाय तथा सहकारी क्षेत्रको लगानी, उत्पादन, रोजगारीमा प्रोत्साहन हुने गरी समुन्नत अर्थतन्त्र निर्माणमा जोड दिइएको छ । दोस्रो पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, राष्ट्रिय तथा प्रादेशिक आर्थिक अवस्था र राजस्व तथा अर्थतन्त्रका सूचकहरूमा देखिएको प्रवृत्तिलाई मध्यनजर गरी उत्पादन, रोजगारी र आय लगायतका आर्थिक सूचकहरूको लक्ष्य निर्धारण गरिएको छ । समष्टिगत वित्त खाकाका सूचकहरूको विद्यमान स्थिति तथा आगामी तीन वर्षको अपेक्षित उपलब्धि तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.३ मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ सम्म को उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.७८ | ४.८८ | ६.८ | ८.८५ | ८ |
| २ | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु. दश लाख | ५१८०० | ५४८१६.१ | ५२२५१० | ५७३८५१ | ५८७६०३ |
| ३ | प्रतिव्यक्ति आय (GNI Per | अमेरिकी डलर | १५७० | १६२० | १८२० | २००० | २३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Capita) | | | | | | |
| ४ | प्राथमिक क्षेत्रको अनुपात (कृषि, वन, खानी र उत्खनन) | प्रतिशत | २७ | २७.८ | २५.६ | २४.८६ | २३.८० |
| ५ | द्वितीय क्षेत्रको अनुपात (उद्योग, विद्युत, ग्याँस, पानी र निर्माण) | प्रतिशत | १६.८ | १६.५ | १८.४ | १९.८ | २० |
| ६ | तृतीय क्षेत्रको अनुपात (सेवा) | प्रतिशत | ५६.२ | ५५.८ | ५६ | ५५.३४ | ५६.२ |

### २.४ मध्यमकालीन नतिजा खाका

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले लिएका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका निर्धारण गर्दा चालू आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि तथा माथि उल्लेख भएबमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ को लक्ष्य तय गरिएको छ। दोस्रो पञ्चवर्षीय योजना, आर्थिक वर्ष २०८०/८१ को यथार्थ उपलब्धि, आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि, विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका रूपान्तरणका प्रमुख क्षेत्रहरूको आधारमा मध्यमकालीन नतिजा खाका तयार गरिएको छ ।

तालिका २.४ मध्यमकालीन नतिजा खाका

| **क्र.सं.** | **प्रदेशका लक्ष्य, गन्तव्य र सूचक** | **एकाइ** | **२०८०/८१ सम्म को यथार्थ उपलब्धि** | **२०८१/८२ को अनुमानित उपलब्धि** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** |
| १ | गरिबीको दर | प्रतिशत | ११.८८ | ११.८८ | ९.४ | ८.६ | ७.१ |
| २ | बहुआयामिक गरिबी | प्रतिशत | १४.२ | १४.२ | ८.२ | ७ | ७.३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२९ | ०.२९ | ०.२८ | ०.२८ | ०.२७ |
| ४ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ४१.५ | ४३ | ४५ | ४८ | ५२ |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४४.१ | ४५ | ४८ | ५२ | ५३ |
| ६ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ८२१ | ९३३ | १२०० | १६०० | १७०० |
| ७ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९५.५५ | ९९.८ | १०० | १०० | १०० |
| ८ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ९९.३ | ९९.५– | ९९.७ | १०० | १०० |
| ९ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५ | ७०– | ७२ | ७५ | ७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२ | ७२ | ७२.७ | ७३ | ७४ |
| ११ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २२ | २१ | २० | १८ | १३ |
| १२ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २० | १९ | १९ | १८ | १६ |
| १३ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म | जना | १९ | ११ | ५ | ४ | ३ |
| १४ | कुल प्रजनन दर | प्रतिशत | १.४ | १.४ | १.८ | १.९ | १.९ |
| १५ | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ८१.७ | ८१.७ | ८३ | ८३.५ | ८६ |
| १६ | माध्यमिक तह (९–१२) मा खुद भर्नादर | प्रतिशत | ५९.९ | ५९.९ | ७०.९ | ७५.८ | ८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३९ | ४३ | ४८ | ५२ | ६० |
| १८ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६१ | ०.६६० | ०.६७३ | ०.७१ |

**२.५ मध्यमकालीन बजेट तथा कार्यक्रम खाका**

मध्यमकालीन बजेट तथा कार्यक्रम खाकामा दोस्रो पञ्चवर्षीय योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति र परिमाणात्मक लक्ष्यका आधारमा दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र एवम् समष्टिगत आर्थिक स्थायित्व, विनियोजन कुशलता र अनुमान योग्यतालाई मुख्य आधारका रुपमा लिइएको छ । नतिजा खाकाका साथै विषय क्षेत्रगत परिमाणात्मक लक्ष्य हासिल हुने गरी स्रोत तथा खर्च अनुमान गरिएको छ ।

तालिका २.५ चालु आर्थिक वर्ष तथा आगामी तीन आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण

| सि.नं. | स्रोत | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| क. | **व्यय अनुमान** | **३२९७८५७५** | **३१९७९९९९** | **३३४७२५२५** | **३५०७१०९८** |
| १ | चालु खर्च | १११५००६० | १०६३५६१६ | १११२७०३४ | ११६४१२९६ |
| २ | पुँजीगत खर्च | १९५१७९९३ | १९०९३३२४ | १९७९५४९० | २०५२४८०२।०७ |
| ३ | वित्तीय व्यवस्था | ३००००० | २५०००० | ३००००० | ४५०००० |
| ४. | वित्तीय हस्तान्तरण | २०१०५२२ | २००१०५९ | २२५०००० | २४५५००० |
| ख. | **आय अनुमान** | **३२९७८५७५** | **३१९७९९९९** | **३३४७२५२५** | **३५०७१०९७** |
| १ | **आन्तरिक राजस्व** | **५१७००००** | **५४५९३८८** | **५८३८६८५** | **६३५४२४२** |
| १.१ | कृषि क्षेत्र | १३४२ | २२०० | २३१० | २४२५।५ |
| १.२ | घर जग्गा लगायतको | १०१६३५९ | १२५०००० | १३५०००० | १४८५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | रजिष्ट्रेशन दस्तुर | | | | |
| १.३ | बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ७१९६ | ५२०० | ५४६० | ६५५२ |
| १.४ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | २२७८ | २२७८ | २३६९ | २६५३ |
| १.५ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | २७२३०२ | | | |
| १.६ | पर्यटन,पदयात्रा | २७६ | ५९५० | ६२४८ | ७६८४ |
| १.७ | सवारी साधन कर | १३३१३९४ | १३८०००० | १४९०४०० | १६२४५३६ |
| १.८ | यातायात क्षेत्रको अन्य आम्दानी | ९५०००० | ९१५००० | ९८८२०० | १०७२१९७ |
| १.९ | अन्य आम्दानी | १५८८८५३ | १८९८७६० | १९९३६९८ | २१५३१९४ |
| २ | **राजस्व बाँडफाँट** | **९६११२००** | **९७९२९४०** | **१०२५९२१८** | **१०८१२९५८** |
| २.१ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७६८८९६० | ७७८९८०० | ८१५५९२१ | ८६०४४९६ |
| २.३ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १९२२२४० | २००३१४० | २१०३२९७ | २२०८४६२ |
| ३ | **नेपाल सरकारबाट प्राप्त रोयल्टी** | **४८१०००** | **४९८९७७** | **५३१७८१** | **५८६५६९** |
| ३.१ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ४३१९० | ५८४०० | ६१३२० | ६६२२६ |
| ३.२ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४८०९ | २५०० | २६२५ | २७५६ |
| ३.३ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०१ | १०० | १०८ | ११७ |
| ३.४ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३८४८०० | १४२४५० | १४८१४८ | १६२९६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.५ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | | २७५००० | २९७००० | ३२९६७० |
| ३.६ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ४८१०० | २०५२७ | २२५८० | २४८३८ |
| ४ | **अनुदान** | **१३०८३६००** | **१२२३३६००** | **१३०४२८४२** | **१३९३७३२८** |
| ४.१ | वित्तीय समानीकरण अनुदान | ७६३८८०० | ७७३८९०० | ८२४७७६३ | ८८२१७४० |
| ४.२ | सशर्त अनुदान चालु | २१५९४०० | २१५९४०० | २३१०५५८ | २४७२२९७ |
| ४.३ | सशर्त अनुदान पुँजीगत | १४३९९०० | ११९७००० | १२७३६०८ | १३५५११९ |
| ४.४ | विशेष अनुदान चालु | १३४८०० | २५९००० | २७४५४० | २९१०१२ |
| ४.५ | विशेष अनुदान पुँजीगत | ५२०७०० | २३९६०० | २५६३७२ | २७४३१८ |
| ४.६ | समपुरक अनुदान पुँजीगत | ११९०००० | ६३९७०० | ६८०००१ | ७२२८४१ |
| ५ | **गत वर्षको नगद मौज्दात** | **२९३२७७५** | **२२४५०९४** | **२००००००** | **१५८००००** |
| ६ | **दायित्व** | **१७०००००** | **१७५००००** | **१८०००००** | **१८०००००** |
| ६.१ | आन्तरिक ऋण | १७००००० | १७५०००० | १८००००० | १८००००० |
| | जम्मा राजस्व/प्राप्ती | ३२९७८५७५ | ३१९७९९९९ | ३३४७२५२५.०२ | ३५०७१०९७२१ |
| ग. | बचत (-) न्यून (+) | ० | ० | ० | ० |

**२.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट**

**२.६.१ मन्त्रालय तथा निकायगत तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

मन्त्रालय तथा निकायगत तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण  तालिका नं. २.६.१ मा प्रस्तुत गरिएको छः

तालिका २.६.१ मन्त्रालय तथा निकायगत तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**(रु. हजारमा)**

| आर्थिक वर्ष | मन्त्रालय/निकाय | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| २०८२/८३ | प्रदेश व्यवस्थापिका | १६२०२० | ५००० | १६७०२० |
| २०८३/८४ | प्रदेश व्यवस्थापिका | १६९६३५ | ५२३५ | १७४८७० |
| २०८४/८५ | प्रदेश व्यवस्थापिका | १७७६०८ | ५४८१ | १८३०८९ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | प्रदेश लोक सेवा आयोग | १०८००० | ३४००० | १४२००० |
| २०८३/८४ | प्रदेश लोक सेवा आयोग | ११३०७६ | ३५५९८ | १४८६७४ |
| २०८४/८५ | प्रदेश लोक सेवा आयोग | ११८३९१ | ३७२७१ | १५५६६२ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २०५०० | २००० | २२५०० |
| २०८३/८४ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २१४६४ | २०९४ | २३५५८ |
| २०८४/८५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २२४७२ | २१९२ | २४६६५ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८८५५०० | १५८४०० | १०४३९०० |
| २०८३/८४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९२७११९ | १६५८४५ | १०९२९६३ |
| २०८४/८५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९७०६९३ | १७३६४० | ११४४३३३ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | वन तथा वातावरण मन्त्रालय | ६००९०० | ४६४१४० | १०६५०४० |
| २०८३/८४ | वन तथा वातावरण मन्त्रालय | ६२९१४२ | ४८५९५५ | १११५०९७ |
| २०८४/८५ | वन तथा वातावरण मन्त्रालय | ६५८७१२ | ५०८७९४ | ११६७५०६ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | उद्योग तथा पर्यटन मन्त्रालय | २६३६२४ | ५७८५६९ | ८४२१९३ |
| २०८३/८४ | उद्योग तथा पर्यटन मन्त्रालय | २७६०१४ | ६०५७६२ | ८८१७७६ |
| २०८४/८५ | उद्योग तथा पर्यटन मन्त्रालय | २८८९८७ | ६३४२३३ | ९२३२२० |

| आर्थिक वर्ष | मन्त्रालय/निकाय | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| २०८२/८३ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १९५१६६३ | १३५०८७ | २०८६७५० |
| २०८३/८४ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०४३३९१ | १४१४३६ | २१८४८२७ |
| २०८४/८५ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २१३९४३० | १४८०८४ | २२८७५१४ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ४९७३९० | ११४८३५१८ | ११९८०९०८ |
| २०८३/८४ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ५१२३१२ | ११८२८०२४ | १२३४०३३५ |
| २०८४/८५ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ५२७६८१ | १२१८२८६४ | १२७१०५४५ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | ३३१००० | ३५५४१०० | ३८८५१०० |
| २०८३/८४ | उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | ३४६५५७ | ३७२११४३ | ४०६७७०० |
| २०८४/८५ | उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | ३६२८४५ | ३८९६०३६ | ४२५८८८२ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | १५२४१४३ | ८७१०२४ | २३९५१६७ |
| २०८३/८४ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | १५९५७७७ | ९११९६२ | २५०७७४० |
| २०८४/८५ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | १६७०७७९ | ९५४८२४ | २६२५६०४ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| २०८२/८३ | स्वास्थ्य मन्त्रालय | २६१७२९० | ७०९७५० | ३३२७०४० |
| २०८३/८४ | स्वास्थ्य मन्त्रालय | २७४०३०३ | ७४३१०८ | ३४८३४११ |
| २०८४/८५ | स्वास्थ्य मन्त्रालय | २८६९०९७ | ७७८०३४ | ३६४७१३१ |
| **आर्थिक वर्ष** | **मन्त्रालय/निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |

| | | | | |
|---|---|---|---|---|
| २०८२/८३ | प्रदेश नीति तथा योजना आयोग | ७१००० | ६००० | ७७००० |
| २०८३/८४ | प्रदेश नीति तथा योजना आयोग | ७४३३७ | ६२८२ | ८०६१९ |
| २०८४/८५ | प्रदेश नीति तथा योजना आयोग | ७७८३० | ६५७७ | ८४४०८ |

## २.६.२ प्राथमिकताको आधारमा बाँडफाँट

प्राथमिकता क्रम अनुसार तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.२.१ मा प्रस्तुत गरिएको छः

तालिका २.६.२ प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**(रु. हजारमा)**

| प्राथामिकता क्रम | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | २९८७२५७९ | ९३.४१ | ३१२६६६८५ | ९३.४१ | २९८७२५७९ | ९३.४१ |
| दोश्रो (P2) | २१०७४२० | ६.५९ | २२०५८३९.४ | ६.५९ | २१०७४२० | ६.५९ |
| **जम्मा** | ३१९७९९९९ | १०० | ३३४७२५२५ | १०० | ३१९७९९९९ | १०० |

## २.६.२ दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६.३.१: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**(रु. हजारमा)**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ० | सांकेतीकरण नगरिएको | ९६९६३३६ | ३०.३२ | ९८१४१४४.३ | २९.३२ | ९८९००४९ | २८.२ |
| १ | गरिबीको अन्त्य | ८९५४४ | ०.२८ | ४२८४४८.३२ | १.२८ | ४५९४३१.४ | १.३१ |
| २ | शून्य भोकमरी | १८२९२५६ | ५.७२ | १९१४६२८.४ | ५.७२ | २००६०६७ | ५.७२ |
| ३ | स्वस्थ जीवन | २८४९४१८ | ८.९१ | २९८२४०२ | ८.९१ | ३४७२०३९ | ९.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा | ५५९६५० | १.७५ | ५८५७६९.१९ | १.७५ | ६१३७४४.२ | १.७५ |
| ५ | लैंगिक समानता | ५४३६६ | ०.१७ | ५६९०३.२९३ | ०.१७ | ५९६२०.८६ | ०.१७ |
| ६ | सफा पानी तथा सरसफाइ सेवा | १८६१२३६ | ५.८२ | १९४८१०१ | ५.८२ | २१०४२६६ | ६ |
| ८ | सम्मानित रोजगारी र आर्थिक वृद्धि | ६३९६ | ०.०२ | ६६९४.५०५ | ०.०२ | ७०१४.२१९ | ०.०२ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ११५६०७७० | ३६.१५ | १२१००३१८ | ३६.१५ | १२६७८२०२ | ३६.१५ |
| १० | असमानता न्यूनीकरण | ८९५४४ | ०.२८ | ९३७२३.०७ | ०.२८ | ९८१९९.०७ | ०.२८ |
| ११ | दिगो सहर र बस्तीहरू | १९०२८१० | ५.९५ | १९९१६१५.२ | ५.९५ | २०६९१९५ | ५.९ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १४७१०८ | ०.४६ | १५३९७३.६२ | ०.४६ | १५०८०५.७ | ०.४३ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १११९३० | ०.३५ | ११७१५३.८४ | ०.३५ | १२२७४८.८ | ०.३५ |
| १५ | भूसतह स्रोतको उपयोग | ११५१२८ | ०.३६ | ११७१५३.८४ | ०.३५ | १२६२५५.९ | ०.३६ |
| १६ | शान्तिपूर्ण, न्याय पूर्ण र सशक्त समाज | ९९१३८० | ३.१ | १०४०९९५.५ | ३.११ | १०८७२०४ | ३.१ |
| १७ | दिगो विकासका लागि साझेदारी | ११५१२८ | ०.३६ | १२०५०१.०९ | ०.३६ | १२६२५५.९ | ०.३६ |
| **कुल जम्मा** | | ३१९७९९९ | १०० | ३३४७२५२५ | १०० | ३५०७१०९७ | १०० |

### २.६.३ लैङ्गिक सङ्केतको आधारमा बाँडफाँट

लैङ्गिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.४.१ मा प्रस्तुत गरिएको छः

तालिका २.६.४.१: लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | **प्रत्यक्ष लाभ** | ९७०१९६३ | ३०.३४ | ११७१५३८३.७५ | ३५ | १२९७६३०५.८९ | ३७ |
| २ | **अप्रत्यक्ष लाभ** | २०४२४२१४ | ६३.८७ | १९४१४०६४.५ | ५८ | १९९९०५२५.२९ | ५७ |
| ३ | **तटस्थ** | १८५३८२२ | ५.८ | २३४३०७६.७५ | ७ | २१०४२६५.८२ | ६ |
| | **जम्मा** | **३१९७९९९९** | **१००** | **३३४७२५२५** | **१००** | **३५०७१०९७** | **१००** |

## २.६.४ जलवायु परिवर्तन सङ्केतका आधारमा बजेटको बाँडफाँट

जलवायु परिवर्तन सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६.५.१: जलवायु परिवर्तन सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| सङ्केत नम्बर | जलवायु सङ्केत | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | **प्रत्यक्ष लाभ** | ३२४२७७१.८९९ | १०.१४ | ३६८१९७७.७५ | ११ | ४९०९९५३.५८ | १४ |
| २ | **अप्रत्यक्ष लाभ** | २००३८६६७.३७ | ६२.६६ | २०४१८२४०.२५ | ६१ | १९६३९८१४.३२ | ५६ |
| ३ | **तटस्थ** | ८६९८५५९.७२८ | २७.२ | ९३७२३०७ | २८ | १०५२१३२९.१ | ३० |
| | **जम्मा** | **३१९७९९९९** | **१००** | **३३४७२५२५** | **१००** | **३५०७१०९७** | **१००** |

**२.७ अन्तर सरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण**

प्रदेश सरकारबाट स्थानीय तहमा तीन आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको अनुमान तथा प्रक्षेपण तालिका नं. २.७.१ मा प्रस्तुत गरिएको छः

तालिका २.७.१: स्थानीय तहमा हुने वित्त हस्तान्तरण तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| **अनुदानको प्रकार** | | **२०८२/८३ को अनुमान** | **२०८३/८४ को अनुमान** | **२०८४/८५ को अनुमान** |
|---|---|---|---|---|
| समानीकरण अनुदान | न्युनतम अनुदान | १४७५५५ | १६५९१२ | १८१०२८ |
| | सुत्रमा आधारित अनुदान | ९६६०४५ | १०८६२२५ | ११८५१९३ |
| | कार्य सम्पादनमा आधारित | ४६४०० | ५२१७२ | ५६९२६ |
| | **जम्मा** | **११६००००** | **१३०४३०९** | **१४२३१४६** |
| सशर्त अनुदान | चालु | ० | ० | ० |
| | पुँजीगत | १९५०० | ९५६९१ | ९७६८९ |
| | **जम्मा** | **१९५००** | ९५६९१ | ९७६८९ |
| विशेष अनुदान | चालु | ५९५५० | ३९६२८ | ३९६२८ |
| | पुँजीगत | २६७१३९ | ३००३७२ | ३००३७२ |
| | **जम्मा** | **३२६६८९** | **३४००००** | **३४००००** |
| समपुरक अनुदान (पुँजीगत) | चालु | ० | ० | ० |
| | पुँजीगत | ४९४८७० | **५१००००** | **५१००००** |
| | **जम्मा** | **४९४८७०** | **५१००००** | **५१००००** |
| **हस्तान्तरण गरिने जम्मा अनुदान** | | **२००१०५९** | **२२५००००** | **२४५५०००** |

## परिच्छेद: तीन

## आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम तथा बजेट

### ३.१ आर्थिक वर्ष २०८२/८३ को विकास कार्यक्रम बजेट

समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका साथै आगामी आर्थिक वर्ष सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनालाई मध्यमकालीन खर्च संरचनाको अभिन्न अङ्गको रूपमा वार्षिक विकास कार्यक्रम समावेश गरिएको छ । यसले मध्यमकालीन खर्च संरचना थप प्रभावकारी हुने अपेक्षा गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनाको बजेट बाँडफाँट देहायअनुसार प्रस्तुत गरिएको छः

### ३.१.१ कार्यक्रम प्रकृतिका आधारमा विनियोजित बजेट

आर्थिक वर्ष २०८२/८३ लागि प्रस्तावित बजेटको चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको विनियोजित बजेट विवरण तालिका ३.१ मा उल्लेख गरिएको छ । विकास कार्यक्रमको विषय क्षेत्रगत विवरण रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य लैङ्गिक सङ्केत, जलवायु सङ्केतका आधारमा विस्तृत विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

तालिका ३.१ आर्थिक वर्ष २०८२/८३ चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको विनियोजित बजेट विवरण

रकम रू हजारमा

| क्र.सं. | खर्च | बजेट | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | चालु खर्च | १०६३५६१६ | ३३.२६ |
| २ | पुँजीगत खर्च | १९०९३३२४ | ५९.७ |
| ३ | वित्तीय व्यवस्था | २५०००० | ०.७८२ |
| ४ | वित्तीय हस्तान्तरण | २००१०५९ | ६.२५७ |
| | जम्मा | ३१९७९९९९ | १००.०० |

### ३.१.२ प्राथमिकताको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

प्राथमिकताको आधारमा आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित बजेट देहायबमोजिम रहेको छः

तालिका ३.२ प्राथमिकताको आधारमा विनियोजित बजेट विवरण

रकम रू हजारमा

| प्राथमिकता क्रम | २०८२/८३ को खर्च अनुमान | |
|---|---|---|
| | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २९८७२५७९ | ९३.४१ |
| प्राथमिकता दोश्रो (P2) | २१०७४२० | ६.५९ |
| **जम्मा** | ३१९७९९९९ | १०० |

### ३.१.३ दिगो विकास लक्ष्यको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

दिगो विकास लक्ष्यको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३.३ दिगो विकास लक्ष्यको आधारमा विनियोजित बजेट विवरण

रकम रू हजारमा

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| ० | सांकेतीकरण नगरिएको | ९६९६३३६ | ३०.३२ |
| १ | गरिबीको अन्त्य | ८९५४४ | ०.२८ |
| २ | शून्य भोकमरी | १८२९२५६ | ५.७२ |
| ३ | स्वस्थ जीवन | २८४९४१८ | ८.९१ |
| ४ | गुणस्तरीय शिक्षा | ५५९६५० | १.७५ |
| ५ | लैंगिक समानता | ५४३६६ | ०.१७ |
| ६ | सफा पानी तथा सरसफाइ सेवा | १८६१२३६ | ५.८२ |
| ८ | सम्मानित रोजगारी र आर्थिक वृद्धि | ६३९६ | ०.०२ |
| ९ | उद्योग,नवीन खोज र पूर्वाधार | ११५६०७७० | ३६.१५ |
| १० | असमानता न्यूनीकरण | ८९५४४ | ०.२८ |
| ११ | दिगो सहर र बस्तीहरू | १९०२८१० | ५.९५ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १४७१०८ | ०.४६ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १११९३० | ०.३५ |
| १५ | भूसतह स्रोतको उपयोग | ११५१२८ | ०.३६ |
| १६ | शान्तिपूर्ण,न्याय पूर्ण र सशक्त समाज | ९९१३८० | ३.१ |
| १७ | दिगो विकासका लागि साझेदारी | ११५१२८ | ०.३६ |
| | कुल जम्मा | **३१९७९९९९** | **१००** |

### ३.१.४ लैङ्गिक सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

लैङ्गिक सङ्केतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३.४ लैङ्गिक सङ्केतको आधारमा विनियोजित बजेट विवरण

रकम रू हजारमा

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | २०८२/८३ को व्यय अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ९७०१९६३ | ३०.३४ |
| २ | अप्रत्यक्ष लाभ | २०४२४२१४ | ६३.८७ |
| ३ | तटस्थ | १८५३८२२ | ५.८ |
| | जम्मा | ३१९७९९९ | १०० |

### ३.१.५ जलवायु सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

जलवायु सङ्केतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३.५ जलवायु सङ्केतको आधारमा विनियोजित बजेट विवरण

रकम रू हजारमा

| सङ्केत नम्बर | जलवायु सङ्केत | २०८२/८३ को व्यय अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ३२४२७७१.८९९ | १०.१४ |
| २ | अप्रत्यक्ष लाभ | २००३८६६७.३७ | ६२.६६ |
| ३ | तटस्थ | ८६९८५५९.७२८ | २७.२ |
| | जम्मा | ३१९७९९९ | १०० |

### ३.२ मन्त्रालय तथा निकायगत तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

मन्त्रालय तथा निकायगत तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छः

तालिका २.६.१ मन्त्रालय तथा निकायगत आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**(रु. हजारमा)**

| आर्थिक वर्ष | मन्त्रालय/निकाय | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| २०८२/८३ | प्रदेश व्यवस्थापिका | १६२०२० | ५००० | १६७०२० |
| २०८२/८३ | प्रदेश लोक सेवा आयोग | १०८००० | ३४००० | १४२००० |
| २०८२/८३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २०५०० | २००० | २२५०० |
| २०८२/८३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८८५५०० | १५८४०० | १०४३९०० |
| २०८२/८३ | वन तथा वातावरण मन्त्रालय | ६००९०० | ४६४१४० | १०६५०४० |
| २०८२/८३ | उद्योग तथा पर्यटन मन्त्रालय | २६३६२४ | ५७८५६९ | ८४२१९३ |
| २०८२/८३ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १९५१६६३ | १३५०८७ | २०८६७५० |
| २०८२/८३ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ४९७३९० | ११४८३५१८ | ११९८०९०८ |
| २०८२/८३ | उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | ३३१००० | ३५५४१०० | ३८८५१०० |
| २०८२/८३ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | १५२४१४३ | ८७१०२४ | २३९५१६७ |
| २०८२/८३ | स्वास्थ्य मन्त्रालय | २६१७२९० | ७०९७५० | ३३२७०४० |
| २०८२/८३ | प्रदेश नीति तथा योजना आयोग | ७१००० | ६००० | ७७००० |

## परिच्छेद : चार

## मन्त्रालय/ निकायगत मध्यमकालीन खर्च संरचना

### ४.१ आर्थिक मामिला मन्त्रालय

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधान भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणालीको सम्बन्धमा व्यवस्था रहेको छ । प्रदेशमा आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, प्रदेशका राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन, सङ्घीय नीति अनुरूप, प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन, प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान लगायत कार्य जिम्मेवारीका आधारमा आर्थिक मामिला मन्त्रालयले प्रदेश सरकारको समग्र प्रादेशिक सार्वजनिक वित्त व्यवस्थापनका लागि कार्य जिम्मेवारीलाई कुशलतापूर्वक सम्पादन गर्दछ।

### ४.१.२ प्रमुख कार्यक्षेत्र

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन एवम् प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,

२. प्रदेश सञ्चित कोषको सञ्चालन तथा प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

३. प्रदेशस्तरको राजस्व र कर प्रणाली, राजस्व चुहावट नियन्त्रण, वित्त सन्तुलन, आर्थिक कार्यविधि, सार्वजनिक खर्च तथा स्थानीय तह अनुदान सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,

४. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन एवम् दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग, लैङ्गिक बजेट कोडिङ्ग र जलवायु बजेट कोडिङ्ग,

५. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण एवम् आन्तरिक लेखापरीक्षण र प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

६. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर व्यवस्थापन,

७. संघीय नीति अनुरूप सहवित्तीयकरण र आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र सो सम्बन्धित कार्य,

८. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष व्यवस्थापन,

९. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्यको साथै संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

१०. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी र बीमा व्यवसाय व्यवस्थापन।

### ४.१.३ प्रमुख सवाल तथा चुनौती

- प्रदेश सरकारको न्यून राजस्व परिचालन ।
- राजस्व सम्बन्धी एकल र साझा अधिकारका विषयमा कानुन निर्माण ।
- नेपाल सरकारबाट अनुमान बमोजिमको अनुदान प्राप्त नहुनु ।
- पूँजीगत खर्चमा कमी हुनु ।
- स्थानीय तहमा हस्तान्तरण गरिने आयोजनाको प्रभावकारिता न्युन रहनु ।
- प्रदेशको राजस्व अभिबृद्धिमा विषयगत मन्त्रालयको संवेदनशीलता कम रहनु ।
- प्रदेश सरकारको दायित्व सालबसाली रुपमा बृद्धि हुँदै जानु र बहुवर्षीय आयोजनामा न्युन बजेट विनियोजन हुनु ।
- बस्तुगत तथा क्षेत्रगत तथ्याङ्क संकलन तथा समग्र आर्थिक अवस्थाको विश्लेषण प्रणालीको अभाव रहनु ।

### ४.१.४ रूपान्तरणका रणनीति

- नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा प्रदेश आन्तरिक राजस्व अभिबृद्धिका लागि आवश्यक नीति तर्जुमा,
- सूचना प्रविधिको प्रयोग, स्थानीय तहसँग सहकार्य र साझेदारी,
- आन्तरिक राजस्व सम्बन्धी मौजुदा कानुनको अध्ययन, पुनरावलोकन एवंम दायरा विस्तार,
- स्थानीय तहमा  हस्तान्तरण गरिएको अनुदानबाट सञ्चालित आयोजना प्रणाली विकास,

- कृषि उत्पादन अनुदानका लागि वित्तीय प्रवन्ध, आर्थिक एवम् वित्तीय अनुशासनको पालना,
- नेपाल सरकारको समन्वयमा वैेदेशिक लगानीलाई प्रोत्साहन ।

**४.१.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

- आर्थिक विषयका निर्मित कानुन सम्बन्धमा स्थानीय तहका राजस्व शाखा प्रमुख सहित अन्य कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम,
- प्रदेश मातहतका कार्यालयलाई आन्तरिक नियन्त्रण/ आलेप/ बेरुजु फछर्यौट र सरकारी सम्पत्ति व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम,
- उत्कृष्ट करदातालाई प्रोत्साहन एवम् पुरस्कार कार्यक्रम,
- सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व लेखाजोखा मुल्यांकनका लागि रणनीति तर्जुमा,
- सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व लेखाजोखा मुल्यांकनका स्तम्भ क्षेत्र र सूचक सम्बन्धमा अभिमुखीकरण,
- गण्डकी लगानी सम्मेलनको आयोजना,
- राजस्व छुटको प्रभावकारीता सम्बन्धी अध्ययन ।

**४.१.६ दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आबद्धता**

नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा अस्पष्ट रहेका कानुनी प्रावधानहरुलाई चिर्दै साझा अधिकारका क्षेत्रमा कानुन तर्जुमा, राजस्व चुहावटको नियन्त्रण र दायरा बृद्धि हुँदा राजस्व परिचालनमा अभिवृद्धि हुने देखिन्छ । स्थानीय तहको क्षमता अभिवृद्धि, विषयगत मन्त्रालय र गैर बजेटरी निकायबाट हुने आर्थिक एवम् वित्तीय अनुशासनको कार्यान्वयनबाट सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व मुल्यांकनमा उत्कृष्टता हासिल हुन जान्छ । बजेट तर्जुमा तथा कार्यान्वयन निर्देशिका, २०८० को अक्षरस: पालना गर्ने गराउने,राजश्व अभिवृद्धि हुने खालका कार्यक्रममा विशेष प्राथमिकता दिने,बजेट तर्जुमाका प्रत्येक चरण पूरा गरी बजेट प्रस्ताव गर्ने, बजेट सीमालाई वस्तुपरक र वास्तविक स्रोतमा आधारित बनाउने,प्रदेश गौरब तथा रुपान्तरणकारी आयोजनालाई मात्र बहुवर्षिय आयोजनाका रुपमा कार्यान्वयन गर्नुपर्ने,बजेट तर्जुमा गर्दा क्षेत्रगत सन्तुलन कायम गर्ने,बजेट प्रस्ताव गर्दा प्रदेश सरकारको अधिकार क्षेत्रभित्र सीमित रहि विषयगत मन्त्रालयको कार्यक्षेत्रमा मात्र केन्द्रित हुने,प्रशासनिक खर्चमा मितव्ययीता एवं प्रभावकारीता ल्याउने गरि बजेट प्रस्ताव गरी वित्तीय अनुशासन पालना गरिनेछ । नेपाल सरकार र स्थानीय सरकारको समन्वय एवम् साझेदारीमा गरिने बाह्य लगानी र त्यसको प्रतिफलबाट प्रदेशको अर्थतन्त्र सुदृढ हुनेछ ।

### ४.१.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता

चालु आर्थिक वर्ष २०८१/८२ मा उपभोक्ता मुल्यमा ५.५ प्रतिशत र आधार मुल्यमा ४.८८ प्रतिशतको आर्थिक बृद्धिको अनुमान गरिएकोमा  स्थानीय स्रोत र साधनको परिचालन, बचत परिचालन, निजी क्षेत्रको साझेदारीमा रोजगारी सृजना हुने उद्योगमा लगानी, उत्पादनमा बृद्धि, आर्थिक चलायमानका क्षेत्रमा बजेट तथा कार्यक्रमको तर्जुमा गरी ठोस उपलब्धि हासिल हुँदा थप आर्थिक वृद्धि हुने देखिन्छ।

### ४.१.८ त्रिवर्षीय नतिजा सूचक

| क्र सं | सूचक | एकाइ | २०८० /८१ को (यथार्थ उपलब्धि) | २०८१ /८२ को (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ /८३ | २०८३ /८४ | २०८४/८५ |
| १ | आन्तरिक स्रोत अनुमान | रकम रु. लाखमा | ३४८२७ | ३५२६५ | ३८८०० | ४३००० | ४७३०० |
| २ | बजेट विनियोजन | | २२२०६१ | २३४५७५ | २३७२००० | २३९८०० | २४१०८० |
| ३ | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | १५३२४ | १६५७२ | १८२३० | २०५०० | २२५५० |
| ४ | राजस्व (सवारी साधन कर) बाँडफाँट | | ७६६१ | ८२१५ | ८७३६ | ९५०९ | १०४५० |
| ५ | दिगो विकासको लक्ष्य अनुसार बजेट कोडिङ | | ३३४२७२ | ३२९७८५ | २९५०३१ | ३५१५६५ | ३५९५२० |
| ६ | पेफा मुल्यांकन रणनीति तर्जुमा र कार्यान्वयन कार्ययोजना तयार र अनुगमन | पटक | ० | ० | १ | ३ | ५ |
| ७ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति तर्जुमा | पटक | ० | ० | २ | १ | २ |
| ८ | नीति कार्यान्वयनको | पटक | ० | ० | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रभावकारिता सम्बन्धी अध्ययन | | | | | | |
| ९ | सरकारी सम्पत्तिको अभिलेखीकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १० | स्थानीय तहमा हस्तान्तरित योजनाको उपलब्धि अध्ययन | पटक | ० | १ | १ | १ | १ |

### ४.१.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु हजारमा)

| खर्च | शीर्षक | २०८० /८१ को (यथार्थ) | २०८१ /८२ को (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२ /८३ | २०८३ /८४ | २०८४/८५ |
| खर्च | चालु | १५९७६७३ | ३६२५६३५ | ३५९९६४५ | ३७६७६४२ | ३७७१५५५ |
| | पूँजीगत | ४११७ | ७७२२४१ | १०९१७३६ | ११४२६१० | ११४३८११ |
| | वित्तीय व्यवस्था | ० | ० | २५०००० | ० | ० |
| | जम्मा | १६०१७९० | ४३९७८७६ | ४९४१३८१ | ४९१०२५३ | ४९१५३६८ |
| स्रोत | प्रदेश सरकार | १६०१७९० | ४३९७८७६ | ४९४१३८१ | ४९१०२५३ | ४९१५३६८ |
| | वैदेशिक अनुदान | - | - | - | -- | -- |
| | वैदेशिक ऋण | - | - | - | -- | -- |

**४.१.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम**

| ब.उ.शि.नं | आयोजना / कार्यक्रम | कुल लागत (रु. लाखमा) | अवधी | हालसम्मको प्रगति स्थिति | आर्थिक वर्ष२०८१/८२ मा सञ्चालन हुने<br>प्रमुख क्रियाकलाप | कै |
|---|---|---|---|---|---|---|
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १०० | सालबसाली | ० | अन्तर प्रदेश छलफल र अन्तरक्रियाका लागि भ्रमण | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १०० | सालबसाली | ० | आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | ५० | सालबसाली | ० | आर्थिक ऐनको कार्यान्वयन एवम् राजस्व संकलन कार्यको अवस्था सम्बन्धी स्थानीय तहसँग/ राजस्व संकलन गर्ने कार्यालयसँग/ विषय विज्ञ/सरोकारवालाहरूसँग अन्तरक्रिया, अभिमुखीकरण गोष्ठी | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | ३० | सालबसाली | ० | गण्डकी लगानी सम्मेलनका लागि संभाव्य आयोजनाको परियोजना तयारी | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | २४ | सालबसाली | ० | नीति कानुन नियम कार्यविधी मापदण्ड निर्देशिका निर्माण तथा संशोधन | |
| ३०५०००११ | आर्थिक | १४ | सालबसाली | ० | बजेट कार्यान्वयनको अवस्था, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मामिला मन्त्रालय | | | | चुनौती, समस्या र समस्या समाधान सम्बन्धी अन्तरक्रिया गोष्ठी | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १४ | सालबसाली | ० | बजेट तर्जुमा व्यवस्थापनका लागि छलफल, अन्तरक्रिया, सहजीकरण, सञ्चालन, छपाई तथा व्यवस्थापन कार्यक्रम | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १२ | सालबसाली | ० | बजेट पूर्व र पश्चात राजस्व परिचालन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १२ | सालबसाली | ० | राजस्व परामर्श समिति/उप-समितिहरूको बैठक, छलफल, सञ्चालन तथा व्यवस्थापन | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १० | सालबसाली | ० | लगानी सम्मेलनको आयोजना | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १० | सालबसाली | ० | विषयगत मन्त्रालय/कार्यालयका लागि PLMBIS सम्बन्धी अभिमूखिकरण/प्रशिक्षण | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १० | सालबसाली | ० | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मुल्याङ्कन (PEFA) सहजीकरण कार्यक्रम | |
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १० | सालबसाली | ० | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३०५०००११ | आर्थिक मामिला मन्त्रालय | १० | सालबसाली | ० | स्थानीय तहसँग वित्तीय संघीयता सम्बन्धी अन्तरसम्बन्ध र समन्वय सम्बन्धी अन्तरक्रिया कार्यक्रम | |
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १० | सालबसाली | ० | प्रदेश आकस्मिक कोष | |

**४.१.११ सम्भाव्य जोखिम पक्ष**

आन्तरिक राजस्व संकलनका लागि अस्पष्ट कानुनको परिमार्जन सम्बन्धमा थप निकास नआउनु, गैर बजेटरी संरचनामा बृद्धि, कर्मचारी जिम्मेवारीमा बारम्बारको हेरफेर, कार्यक्रम कार्यान्वियन कार्ययोजनाको अनुसरण नहुनु, एउटै विषयमा तीनै तहको सरकारबाट कानुन तर्जुमा हुनु, बजेट तथा कार्यक्रम कार्यान्वयनका सिलसिलामा आवधिक योजना र दीर्घकालीन रणनीतिको तालमेल नमिल्नु, नेपाल सरकार र स्थानीय सरकारसँग समन्वय हुन नसक्नु जस्ता कुराहरु मन्त्रालयका प्रस्तावित कार्यक्रममा जोखिमका रुपमा आउन सक्छन् ।

**४.२ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

**४.२.१ पृष्ठभूमि**

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिमको अवस्थाबाट सुरक्षित गर्ने खाद्य सम्बन्धी हकको व्यवस्था सुनिश्चितता प्रदान गरेको छ । दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने सन्दर्भमा नेपालले सन् २०३० सम्ममा भोकमरीलाई अन्त्य गर्ने महत्वकांक्षी लक्ष्य लिएको छ ।

प्रदेशको प्रथम पञ्चवर्षिय योजनामा समृद्धिका सात मुख्य सम्वाहक मध्ये कृषि एक महत्वपूर्ण क्षेत्रको रुपमा रहेको र दोस्रो पञ्चवर्षिय योजनाले **व्यावसायिक कृषि तथा आत्मनिर्भरतालाई** प्रादेशिक विकास तथा रुपान्तरणका प्राथमिक क्षेत्रको रुपमा समावेश गरेको छ । प्रदेश कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आ.व. २०७९/८० मा २५.४० प्रतिशत रहेको र आ.व. २०८५/८६ सम्म उक्त प्रतिशतलाई क्रमश घटाउँदै २२.७३ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०८०/८१ को अन्तिमसम्म २५ प्रतिशत पुगेको देखिन्छ।

### ४.२.२ प्रमुख कार्यक्षेत्र

- कृषि, पशुपन्छी, खाद्य सुरक्षा, भूमि व्यवस्थापन तथा सहकारीसँग सम्बन्धित विषयमा प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन;
- कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीरणका लागि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन;
- कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु;
- कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण तथा निदानका लागि जनशक्ति व्यवस्थापन, प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन;
- कृषि सामग्रीको आपूर्ति व्यवस्था र नियमन, कृषि, पशुपन्छी र मत्स्यजन्य उपजको गुणस्तर निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन;
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन;
- कृषि बजार पूर्वाधार र कृषि फर्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन;
- सामूहिक खेती, सहकारी खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन;
- गरिबी निवारण सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन;
- प्रादेशिक सहकारी सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन;
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन, सरकारी जग्गा उपयोगको लागि योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

### ४.२.३ प्रमुख सवाल तथा चुनौती

- **कृषि क्षेत्रः** उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, कृषि उत्पादनको व्यवसायीकरण गर्नु, कृषिलाई सम्मानित तथा आकर्षक क्षेत्रका रुपमा विकास गर्नु, रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण गर्नु र जलवायु उत्थानशील कृषिको विकास गर्नु,
- **पशुपन्छी तथा मत्स्यपालनः** दुग्ध, मासुजन्य, अण्डा र उन/ पस्मिना उत्पादन वृद्धि गर्नु, पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु, पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु, पशुपन्छीजन्य व्यवसाय बिस्तार गर्नु र विशिष्टीकृत भेटेरिनरी सेवाप्रवाह गर्नु,

- **खाद्य सुरक्षाः** खाद्य सुरक्षा जोखिम क्षेत्र तथा समुदाय पहिचान गर्नु र खाद्य सुरक्षा तथा खाद्य स्वच्छताको सुनिश्चितता गर्नु,
- **भूमि व्यवस्थाः** भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु र भूमि प्रशासन सेवालाई आधुनिकीकरण तथा सरलीकरण गर्नु,
- **सहकारीः** उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारी क्षेत्रको सहभागिता बढाउनु, सहकारी क्षेत्रप्रति आम नागरिकको विश्वास अभिवृद्धि गर्नु र सहकारी नियमनलाई प्रभावकारी गराउनु ।

**४.२.४ रूपान्तरणकारी रणनीति**

- कृषि क्षेत्रः कृषि उपजको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने, बाली सघनता वृद्धि गर्ने, बाली वस्तुको व्यवसायीकरण र निर्यात प्रवर्द्धन गर्ने, रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण गर्ने, कृषकको पहिचान, सूचीकरण तथा वर्गीकरण गर्ने, कृषि सामग्री, बिमा र कर्जामा कृषकको पहुँच बढाउने, नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गर्ने र जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्द्धन गर्ने ।
- पशुपन्छी तथा मत्स्यपालनः पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा व्यावसायिकता विकास गर्ने, पशुपन्छी तथा मत्स्य क्षेत्रमा युवा उद्यमशीलता विकास गर्ने, भेटेरिनरी सेवाको सुदृढीकरण एवम् पशु रोगको नियन्त्रण तथा रोकथाम गर्ने, पशुपन्छीजन्य उत्पादनको गुणस्तर सुधार एवम् बजार बिस्तार गर्ने र पशुपालन क्षेत्रमा जलवायुजन्य जोखिम न्यूनीकरण गर्ने ।
- खाद्य सुरक्षाः खाद्य असुरक्षित क्षेत्र र समुदाय पहिचान गर्ने, खाद्यवस्तुको सञ्चय र वितरण प्रणालीलाई व्यवस्थित गरी खाद्य उपलब्धता बढाउने र स्थानीय उपजमा आधारित खाद्य सुरक्षा तथा खाद्य स्वच्छता प्रवर्द्धन गर्ने ।
- भूमि व्यवस्थाः भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने र भू- सूचना प्रणालीको विकास गर्ने ।
- सहकारीः सहकारी क्षेत्रलाई उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन गर्ने, सहकारी प्रतिको जनविश्वास अभिवृद्धि गर्ने, सहकारी सम्बन्धी सचेतना अभिवृद्धि गर्ने र सहकारी सङ्घ संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

### ४.२.५ प्रमुख कार्यक्रम

- कृषिः नीतिगत तथा संस्थागत सुधार कार्यक्रम, कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम, कृषि उद्यम प्रवर्द्धन कार्यक्रम, बजार प्रवर्द्धन कार्यक्रम, जलवायुमैत्री कृषि प्रवर्द्धन कार्यक्रम
- पशुपन्छी तथा मत्स्य विकासः पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम, व्यावसायिकता विकास कार्यक्रम, गुणस्तर सुधार तथा बजार प्रवर्द्धन कार्यक्रम, पशु स्वास्थ्य सेवा विस्तार कार्यक्रम
- खाद्य सुरक्षाः खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान कार्यक्रम, समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम
- भूमि व्यवस्थापनः भूमि व्यवस्थापन कार्यक्रम र भूमि प्रशासन सूचना प्रणाली तथा सेवा सरलीकरण कार्यक्रम
- सहकारीः नीतिगत, कानुनी तथा संस्थागत सुदृढीकरण कार्यक्रम, उत्पादनमूलक सहकारी प्रवर्द्धन कार्यक्रम र सहकारी सघं संस्थाको क्षमता अभिवृद्धि कार्यक्रम

### ४.२.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

जलवायुजन्य प्राकृतिक प्रकोप, रोग कीरा तथा महामारी, बाँदर लगायत वन्यजन्तुबाट हुने हानी नोक्सानी, उत्पादन सामग्रीको गुणस्तर, उपलब्धता र मूल्यमा हुने अस्थिरता, श्रमशक्तिको अभाव, कृषि उपजको बजारीकरण र राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार मूल्यमा हुने फेरबदल, बदलिदो प्रविधिले गर्दा कृषि क्षेत्रलाई दिगो र मुनाफा हुने क्षेत्रको रुपमा विकास गर्न थप चुनौतिपूर्ण देखिन्छ। संघीय संरचना अनुसार कृषि क्षेत्रमा प्रदेशलाई प्राप्त क्षेत्राधिकार कार्यान्वयनको लागि महत्वपूर्ण नीति तथा कानुन तर्जुमा गर्नुपर्ने देखिन्छ । प्रादेशिक कृषि विकास रणनीति, भू-उपयोग, खाद्य सुरक्षा, जीवनाशक विषादी सम्बन्धी कानुन तर्जुमा तथा कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ । साथै संचालित प्रयोगशाला तथा भेटेरिनरी अस्पतालहरुको विस्तार तथा सुदृढीकरण गर्दै अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउन जनशक्ति व्यवस्थापन, क्षमता विकास केन्द्रित कार्यक्रमहरु समावेश गरिएको छ । कृषि व्यवसायिकता र आत्मनिर्भरताका लागि खेतियोग्य बाँझो जमिनको सदुपयोग बढाउने गरी कार्यक्रम तय गरिएको छ । प्राथमिकता प्राप्त बालीहरुको प्रवर्धनका लागि आयोजनागत रुपमा चक्लाबन्दी (क्रप पुलिङ गर्ने), कृषि पूर्वाधारको विकास तथा यान्त्रिकीकरण प्रवर्धन केन्द्रित कार्यक्रम समावेश गरिएको छ । कृषकको व्यवसायिक जोखिम तथा क्षति न्यूनीकरणका लागि कृषि तथा पशुपन्छी बीमा गर्न सहजीकरण तथा व्यवसाय पुर्नस्थापना कार्यक्रम समावेश गरिएको छ । बाली सघनता वृद्धि गर्न अन्तरमन्त्रालय समन्वयमा सिंचाई आयोजना संचालन गर्ने रणनीति तय गरिएको छ । कृषि उपजको बजार व्यवस्थापन तथा मूल्य शृंखलामा आधारित उद्योग प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रम रहेका छन् । खाद्य

असुरक्षित क्षेत्र तथा समुदायको पहिचान तथा उक्त समुदाय लक्षित कार्यक्रम समावेश गरिएको छ । भूमिको व्यवस्थापन तथा उपयोग वृद्धि गर्न चक्लाबन्दी, प्रादेशिक भूमि ऐन तर्जुमा, प्रादेशिक भूमि बैंक स्थापना जस्ता कार्यक्रमहरु समावेश भएका छन् । सहकारीलाई उत्पादनमूलक र व्यवसायिकतामा वृद्धि गर्नका लागि विद्यमान सहकारी एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) प्रणालीको विस्तार गरी सहकारी क्षेत्रको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधारका कार्यक्रम तय गरिएको छ । नमुना सहकारीको विकास गरी सहकारी खेती, सहकारी बजार प्रवर्धनलाई प्रोत्साहन केन्द्रित कार्यक्रम समावेश छन् ।

### ४.२.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता

प्रदेशमा आर्थिक रुपमा सक्रिय जनसंख्याको ५७.६ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा आवद्ध छन् । दोस्रो तथा तेस्रो क्षेत्रको अपेक्षाकृत विकास नभइसकेको अवस्थामा गण्डकी प्रदेशका धेरै घरपरिवारको जीविकोपार्जनको मुख्य स्रोत नै कृषि भइरहेको छ । यस सन्दर्भमा गरिबी निवारणमा कृषि क्षेत्रको योगदान उल्लेखनीय रहेको छ । खेतीयोग्य बाँझो जमिन सदुपयोग प्रोत्साहन, राजमार्ग तथा कोरिडोर केन्द्रित कृषि उत्पादन, व्यावसायिक फार्म स्थापना सहयोग, पशु नश्ल सुधार, पशु उत्पादन पकेट तथा ब्लक विकास जस्ता कार्यक्रमले आगामी दिनमा गरिबी निवारणमा टेवा पुग्नेछ । हालको अवस्था अनुसार गण्डकी प्रदेश तरकारी, आलु, मासु, अण्डा र दुधमा आत्मनिर्भर छ । खाद्यान्न र फलफूलमा आत्मनिर्भर उन्मुख अवस्थामा रहेको छ । विगतका कार्यक्रम र प्रयासहरु लक्ष्यउन्मुख छन् । खाद्य सुरक्षालाई दृष्टिगत गरी खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान गरी लक्षित कार्यक्रम तय गर्ने रणनीति अंगीकार गरिएको छ । स्थानीय तथा रैथानेबाली, कृषि जैविक विविधता संरक्षण, खाद्य सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यकम, ग्रामीण पोषण सुरक्षा कार्यक्रम लगायतका कार्यक्रमहरु समावेश भएका छन् । प्राङ्गारिक खेती, असल कृषि अभ्यास, असल पशुपालन अभ्यास, एकीकृत शत्रुजीव तथा माटो व्यवस्थापन, जैविक विषादी प्रवर्धन, कृषि तथा पशुजन्य उपजको गुणस्तर नियमन सम्बन्धी पर्यावरणीय कृषि प्रवर्धन केन्द्रित कार्यक्रमहरु तय भएका छन् जुन कार्यक्रमहरु मानव स्वास्थ्यसँग अन्तरसम्बन्धित रहेका छन् । जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्धनका लागि जलवायुजन्य जोखिम तथा संकटासन्नता विश्लेषणका आधारमा उत्थानशील कृषि प्रणालीको विकास गर्ने रणनीति तय गरिएको छ । जलवायुमैत्री कृषि प्रविधि तथा पशुपालन अभ्यास प्रवर्धनात्मक कार्यक्रमहरु समावेश भएका छन् । साथै व्यावसायिक रुपमा गरिएका सुन्तलाजात फलफूल तथा डाँले घाँस खेतीबाट हुने कार्बन सञ्चितीकरणको आधारमा कृषकले मौद्रिक लाभ लिन सक्ने वातावरण तयार गर्न पाइलट कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

### ४.२.८ त्रिवर्षीय नतिजा सूचक

| क्र.सं | सूचक | एकाइ | २०८०/८१ सम्मको यथार्थ उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | कृषि तथा पशुपन्छी व्यवसायमा कुल लगानी | रु करोडमा | १९४.६ | १९५ | १९३ | १९४ | १९५ |
| २ | कृषि तथा पशुपन्छी व्यवसायमा थप रोजगारी सिर्जना | संख्या हजारमा | ९.१८७ | ९.२१ | ९.२३ | ९.२७ | ९.३ |
| ३ | खाद्यान्न उत्पादन | मे. टन. | ९३१२९३ | ९३८०५७ | ९३८२५७ | ९३८३६४ | ९३८७३८ |
| ४ | फलफूल उत्पादन (स्याउ, सुन्तला) | मे. टन. | ६४०५६ | ७२७५१ | ७३४१० | ७३८२५ | ७४५०० |
| ५ | प्रतिव्यक्ति प्रति वर्ष उपभोग्य खाद्यान्न उपलब्धता | के जी | १९०.५ | १९३ | १९४ | १९५ | १९५ |
| ६ | प्रतिव्यक्ति प्रति वर्ष दूधको उपलब्धता | के.जी. | १०७ | १०८ | ११० | ११२ | ११२ |
| ७ | प्रतिव्यक्ति प्रति वर्ष मासुको उपलब्धता | के.जी. | २३ | २४ | २५ | २६ | २६ |
| ८ | प्रतिव्यक्ति प्रति वर्ष अण्डाको उपलब्धता | गोटा | ९९ | १०१ | १०४ | १०५ | १०५ |
| ९ | जग्गा चक्लाबन्दी प्रवर्द्धन | हे. | २५ | १० | १५ | २० | २० |
| १० | COPOMIS मा तथ्याङ्क अद्यावधिक गर्ने सहकारी | संख्या | ८९९ | ९०३ | ९१० | ९१५ | ९२० |

### ४.३.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| विवरण | शिर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२ (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | १२४१०८७ | १८०१५८६ | १९५१६६३ | २०४३३९१ | २१३९४३० |
| | पुँजीगत | १०६६५१ | १८२९२३ | १३५०८७ | १४१४३६ | १४८०८४ |
| | वित्तीय व्यवस्था | 0 | 0 | | | 0 |
| | जम्मा | **१३४७७३८** | **१९८४५०९** | **२०८६७५०** | **२१८४८२७** | **२२८७५१४** |
| स्रोत | प्रदेश सरकार | – | – | १७२५६५० | १८०६७५५ | १८९१६७२ |
| | संघीय अनुदान | – | – | ३६११०० | ३७८०७१ | ३९५८४१ |
| | **जम्मा** | | | २०८६७५० | २१८४८२७ | २२८७५१४ |

### ४.२.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम

| बजेट विनियोजन (रु.लाखमा) | अवधि | हालसम्मको प्रगति स्थिति | आ.व.२०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|
| १५९२.८२ | सालबसाली | गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन २०८१ तर्जुमा गरि कार्यान्वयनमा ल्याईएको,<br>कार्यक्रम कार्यान्वयनका लागि ७ वटा नयाँ मापदण्ड निर्माण गरिएको र ७ वटा संशोधन गरिएको,<br>● खाद्य तथा भूमि सम्बन्धी विद्ययेक तयार गरि स्वीकृतीका लागि पेश गरिएको । | · मन्त्रालय र मातहतका निकायहरुबाट कार्यान्वयन हुने स्वीकृत वार्षिक विकास कार्यक्रमहरु सञ्चालन सहजीकरणका लागि मापदण्डहरु स्वीकृत ।<br>· गण्डकी कृषि मौसम सल्लाह बुलेटिन साप्ताहिक रुपमा प्रकाशन ।<br>· जिल्लागत तथा स्थानियतहगत मलको कोटा निर्धारण ।<br>· कित्तानापी नक्सामा १०० कि.मि. सार्वजनिक बाटो अद्यावधिक गर्ने कन्ट्रोल पोईन्ट स्थापना गर्ने । |

| | | | |
|---|---|---|---|
| ७५६.०० | सालबसाली | “दिगो कृषि” नामक कृषि टेलिश्रृङ्खला News Nepal टेलिभिजन मार्फत पाक्षिक रूपमा प्रशारण गरिएको । | · सार्वजनिक, निजी र समुदायको सहकार्यमा व्यावसायिक कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम, प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम, कोल्डरुम निर्माण, कृषिसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा सर्वेक्षण कार्यक्रम बजार प्रवर्धन कार्यक्रम |
| २८२.७९ | सालबसाली | २४ जना प्राविधिक सहायकहरुलाई सेवा अभिमुखीकरण तालिम प्रदान, कृषकस्तका विभिन्न तालिमबाट ८६ जना प्रशिक्षित भएका । २२ जना पत्रकारहरुलाई कृषि पत्रकारिता सम्बन्धी तालिम प्रदान गरिएको । | · कृषक तथा प्राविधिक कर्मचारीहरुको दक्षता अभिवृद्धि अभिवृद्धि गर्ने ।<br>· नयाँ तथा उदीयमान फलफूलबालीको तालिम म्यानुअल तयारी |
| ५४१८.२२ | सालबसाली | · २५० हेक्टरमा मकै बालीको क्षेत्रफल बिस्तार तथा उत्पादन प्रवर्धन कार्यक्रम रहेको र १४० हेक्टरमा बिज बृद्धि कार्यक्रम रहेको ।<br>. ९ जिल्लाहरूमा सुन्तलाजात फलफूल वगैंचा सुदृढिकरण कार्यक्रम लक्ष्य २६५ हे, सुन्तलाजात फलफूल वगैंचा स्थापना तथा विस्तार कार्यक्रम लक्ष्य २३ हेक्टर तथा ग्रीनिङ रोगग्रस्त बोट हटाई पुन:रोपण लक्ष्य १० हेक्टरका लागि लक्ष्य अनुसार कुल ६६२ जना आवेदक मध्ये मापदण्ड अनुसार कुल ५१२ आवेदक छनोट भई ४९३ सँग सम्झौता भई कार्यक्रम सञ्चालनमा रहेको । | · 28 वटा समुदायको ग्रामीण पोषण सुरक्षा कार्यक्रम कार्यान्वियनबाट ग्रामीण भेगमा रहेका कृषकहरुको खाद्य तथा पोषण स्थितिमा सुधार ल्याउने ।<br>· ११ वटै जिल्लामा ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम तथा जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने ।<br>· स्याउ तथा सुन्तला बालीको 130 हे मा क्षेत्र विस्तार गर्ने तथा स्थापित ४७९ हे वगैंचाको सुदृढीकरण गर्ने ।समुदायस्तरमा खायन/प्रशोधनयोग्य आलु उत्पादन प्रवर्द्धन कार्यक्रम ६७० हे.मा, ५०० हे. मा क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने । |

| | | | |
|---|---|---|---|
| २६६.३३ | सालबसाली | ७०० वटा नमुनाहरूको प्रयोगशालामा परिक्षण गरिएको ८० वटा मलहरूको नमूना परिक्षण गरिएको, १० वटा माटो परिक्षण शिविर र ७ वटा घुम्ती माटो परिक्षण शिविर सम्पन्न भएको तर भुक्तानी बाकीँ, AAS मेशिन खरिदीको प्रक्रियामा रहेको र कृषि चुन वितरण कार्यक्रम (३८४.३१ टन कृषि चुन वितरण) सम्पन्न भएको, ४ वटा IPNS कृषक पाठशाला सञ्चालनार्थ रहेको ।त्यसै गरी संघीय कार्यक्रम तर्फ तालिम समापन भई GPS विधि द्वारा माटो संकलन तथा परिक्षंण कार्य सम्पन्न । | · डिजिटल स्वायल म्याप तयार हुने र माटोको अवस्था हेरी सुधारात्मक उपाय अवलम्बन गरिने । मल बजार अनुगमन, नमूना संकलन, जाँच र प्रतिवेदन तयार गरी आवश्यक सुधार गर्ने ।३ वटा आइ पि एन यस कृषक पाठशाला सञ्चालन गर्ने । |
| २०1.1० | सालबसाली | २८४ वटा नमूना परीक्षण, मकै, धान र तरकारी गरी जम्मा २६५.३ हे. जमिनमा खडा बाली खेत निरीक्षण गरिएको । गहुं, तोरी, मकै र तरकारीमा मूल र प्रमाणित स्तरको जम्मा १४.४३१ मे. टन बीउ प्रमाणिकरण, सातवटा जिल्लाको 14 वटा एग्रोभेट अनुगमन गरि ९९ वटा नमूना संकलन गरी परिक्षण गर्दा १४ वटा नमूनाको उमारशक्ती स्तरभन्दा कम आएकाले सम्बन्धित एग्रोभेटलाई न्यून गुणस्तरको बीउ विक्री नगर्न निर्देशन दिईएको । | · उत्पादन हुने तरकारी तथा खाद्यान्नबालीहरुको बीउ बाली खेत निरीक्षण, प्रयोगशालामा बीउ प्रमाणीकरण सम्बन्धी विभिन्न प्रयोगशाला सम्बन्धी सेवा प्रवाह गरी गुणस्तरीय बीउ उपलब्धता सुनिश्चित गर्ने । प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको Standard Operating Procedure Document तयार (नेपाली र अंग्रेजी माध्यम) गर्ने । |
| २२३.६२ | सालबसाली | १४ वटा बाली उपचार शिविर संचालन, १०० के.जी. ट्राईकोडर्मा कल्चर तथा संरक्षण, पि.सि.आर का लागी विभिन्न जिल्लाबाट नमूना सङ्कलन १३६ नमूना सङ्कलन मध्ये ३६ नमुना परिक्षण गरिएको | · समस्याग्रस्त वगैचाहरुको पहिचान गरी सुदृढीकरणका लागि कृषि ज्ञान केन्द्रहरुको समन्वयमा कार्यक्रम सञ्चालन । सुन्तलाको फल कुहाउने औसा नियन्त्रण गरिने ।<br>· कृषकका खेतबारीमा देखिने रोग तथा |

| | | | |
|---|---|---|---|
| | | जसमध्ये २० वटा नमुना पोजेटिभ देखिएको, पि.सि.आर संचालनको लागि qPCR खरिद | किराहरुको व्यवस्थापनका लागि बाली उपचार शिविर सञ्चालन तथा रोग किराको Surveillance map तयारी गरिने ।<br>·रोग किरा व्यवस्थापनमा IPM पद्धतिको अवलम्बन गर्न कृषकहरुला प्रोत्साहन गर्ने ।<br>· जैविक विषादीहरुको प्रभावकारिता परिक्षण गरिने । |
| ६२७.१९ | सालबसाली | · जनकदेव आलुको २५२० केजी मूल बीउ उत्पादन गरिएको, मेरीगोल्ड-अमेरिकन जातको ३८०० विरुवा उत्पादन गरी विक्री वितरण गरिएको ।<br>· मालेपाटन १ जातको वोडीको बीउ ३० के.जी उत्पादन गरी विक्री वितरण गरिएको ।<br>· ६७ के.जी. रेशम विजकोया उत्पादन, १०० के.जी. च्याउ उत्पादन तथा विक्री वितरण गरिएको, करिब १५०० पोका च्याउ विउ(स्पन) ५०% अनुदानमा विक्री वितरण, करिब ९०० किम्बु विरुवा ५०% अनुदानमा विक्री वितरण, आदि । | · गुणस्तरीय फलफूल तथा बीउको उपलब्धता सुनिश्चित गर्न विभिन्न नर्सरीहरुमा निरीक्षक खटाउने ।<br>· कृषकको उत्पादित बीउको प्रशोधनमा सहयोग गरिने ।<br>· मौरीको नश्ल सुधार गरी मौरीको उन्नत जात विकासमा टेवा पुर्याउने ।<br>· च्याउ बीउ उत्पादन गरी च्याउ व्यवसायीहरुलाई उपलब्ध गराउने । |
| ८२१.७८ | सालबसाली | पशु चिकित्सकहरूको लागि २ हप्ते मासु निरिक्षण तालिम सम्पन्न<br>लम्पी स्किन, FMD र रेविज खोप खरिद गरि सम्बन्धित जिल्लामा उपलब्ध गराईएको ।<br>याक आनुवाँशिक स्रोत विकासको लागि गत वर्ष वितरण गरिएका याकहरुको फलोअप गरिएकोमा हाल सम्म ५ वटा याकले प्रजनन् | विभिन्न वस्तुको भण्डारणका लागि १ कोल्ड रुम र ५ वटा चिस्यान केन्द्र निर्माण गरिने ।<br>लम्पी स्किन र FMD डिजिजका लागि खोप र लजिस्टिक खरिद तथा व्यवस्थापन गरी सबै जिल्लामा उपलब्ध गराउने ।<br>सार्वजनिक, निजी र समुदायको सहकार्यमा व्यावसायिक कृषि उत्पादन |

| | | | |
|---|---|---|---|
| | | सेवा दिन शूरू गरेको, १ वटा याकको मृत्यू, १ वेपत्ता भएको । पशुपन्छी तथा मत्स्य व्यवसायमा राहत तथा पुनर्स्थापना सहयोग कार्यक्रम तर्फ ४७ कृषकलाई क्षति भएको पशुधनका लागि रु २१ लाख बराबरको पुरनर्स्थापना सहयोग उपलब्ध गराईएको, पशु कल्याण सहयोग कार्यक्रम सम्पन्न भएको। २ वटा बाख्राको स्रोत केन्द्र स्थापना गरिएको । | प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने । |
| ५०९४.२६ | सालबसाली | पशुमा पूर्ण खोप कार्यक्रम" मार्फत अभियानको रुपमा पशुमा लाग्ने ६ वटा संक्रामक रोगहरु (खोरेत, भ्यागुते र चरचरे, पि.पि.आर. स्वाईन फिभर तथा रेबिज) विरुद्ध वृहत खोप कार्यक्रम प्रदेशका ८५ वटै स्थानीय तहहरुमा संचालन गरिएको । हालसम्म ८ लाख ४२ हजार १ सय ७१ डोज खोप लगाईएको । पशुपन्छीहरुलाई ९०१८ पटक प्रयोगशाला सेवा तथा १२८९९९ पटक उपचार सेवा प्रदान गरेको प्रदान गरिएको । विद्यालयहरुमा जुनोटिक रोग सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरिएको। ८४३९४ गाई, भैँसी र बाख्रामा कृ.ग सेवा प्रदान गरिएको । | प्रयोगशाला तथा उपचार सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरु मार्फत पशुहरुमा उपचार सेवा उपलब्ध गराउने । प्रदेशका सबै स्थानीय तहका पशुहरुमा ६ विरुद्ध खोप लगाउने । कृत्रिम गर्भाधानबाट जन्मेका उन्नत नश्लका १४६२ पाडीबाच्छी हुर्काउन प्रोत्साहन उपलब्ध गराउने ।बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रम तथा कालीगण्डकी कोरीडोर र मध्यपहाडी लोकमार्ग केन्द्रित कार्यक्रम सञ्चालन गरी दुध तथा मासु उत्पादन वृद्धि गरिने । |
| २१५.०० | सालबसाली | विभिन्न किसिमका तालिमहरुबाट १२० जना कृषक तथा ४४ जना प्राविधिक कर्मचारीहरु क्षमता अभिवृद्धि गरिएको । | कृषक तथा प्राविधिकस्तर कर्मचारीहरुको दक्षता अभिवृद्धि अभिवृद्धि गर्ने । असल पशुपालन अभ्यास अवलम्बनका लागि क्षमता अभिवृद्धि गरिने । |

| | | | |
|---|---|---|---|
| २९९.१२ | सालबसाली | १४ वटा दानाको Sample को नमुना लिएको गरिएको ।<br>१२ जना कृषकको पोखरीमा जाँच गरिएको विभिन्न जिल्लामा गई मत्स्य स्वास्थ्य घुम्ति शिविर सञ्चालन गरिएको । | मत्स्य पोखरीहरुको पानीको गुणस्तर जाँच गरी आवश्यकता अनुसार मल तथा चुन प्रयोग हुने ।<br>मत्स्य क्षेत्र विस्तार कार्यक्रम र रेन्वोट्राउट माछाको रेश्वे निर्माण तथा क्षेत्र विस्तार गरिने । |
| २८५.७८ | सालबसाली | सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली COPOMIS तालिम सञ्चालन, ४० वटा सहकारी संस्थाहरुको निरन्तर नियमन गरी सहकारी संस्थालाई सहकारी मुल्य मान्यता सिद्दान्त, कानुन बमोजिम संचालन गर्न निर्देशन । | सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा नियमन गरिने । निस्कृय सहकारी पहिचान तथा तथ्याङ्क संकलन गरिने । |

### ४.२.११ सम्भाव्य जोखिम पक्ष

बाली तथा पशुपन्क्षीमा लाग्ने ठूला महामारीको संक्रमण र प्रतिकूल मौसमका कारण बाढी, पहिरो, हावा हुरी र असिना जस्ता प्राकृतिक प्रकोपले कृषि र पशुपन्क्षीजन्य उत्पादनमा जोखिमको रूपमा रहेका छन् । बजेट र नीति तथा कानुनी व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको अर्थपूर्ण सहभागिता, आवश्यक कर्मचारीको व्यवस्था, संघ र स्थानीय तहबीचको समन्वय, बहुक्षेत्रको सामूहिक सहभागिताबाट कृषि पेशामा आकर्षण हुनेछ । प्रविधि, मल, गुणस्तरीय बीउ, सिँचाईको व्यवस्था, कृषि भूमिको संरक्षण, उपयोग र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल गर्न जोखिम रहने आँकलन गर्न सकिन्छ ।

## ४.३ वन तथा वातावरण मन्त्रालय

### ४.३.१ पृष्ठभूमि

वन तथा वातावरण मन्त्रालयले गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत् प्रदेशको समृद्धि र विकास गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको प्रतिनिधित्व गर्दछ । मन्त्रालयले वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट हरियाली प्रवर्धन, वनको उपयोगितामा वृद्धि, जैविक विविधताको संरक्षण, खेतीयोग्य भूमिको संरक्षण तथा उत्पादकत्वमा वृद्धि, पानी मुहान संरक्षण लगायत वातावरणीय सेवाको उपलब्धता र वातावरणीय स्वच्छता कायम राख्दै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुर्‍याउनु रहेको छ । यसका अतिरिक्त

वन तथा वातावरण क्षेत्रमा जैविक विविधता, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन जस्ता अन्तर्राष्ट्रिय मुद्दाहरूलाइ सम्बोधन गर्नुपर्ने देखिन्छ । सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै यस मन्त्रालयले नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्नुपर्ने देखिन्छ ।

### ४.३.२ कार्यक्षेत्र

जैविक विविधता संरक्षण

१. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन

२. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण

३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन

४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन

५. जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन

६. जडिबुटी खेती सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जडिबुटि खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन

७. वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह

८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग

९. प्रदेशस्तरका बनस्पती उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पती पहिचान तथा अभिलेखीकरण सम्बन्धी

नीति र व्यवस्थापन

१०. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभाशं बाँडफाँड

११. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय विउ उत्पादन, विउ वगैचा स्थापना र व्यवस्थापन

१२. प्रदेशभित्र बृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

१३. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन

१४. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन

१५. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण ।

वातावरण संरक्षण

१६.प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन

१७. प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन

१८. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार र वातावरणीय सूचना प्रणालीको स्थापना

१९. प्रदेशस्तरमा वातावरणीय प्रयोगशाला स्थापना, सञ्चालन र व्यवस्थापन

२०. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन तथा नियन्त्रण

२१. प्रदेशस्तरमा न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन

२२. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन

२३. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धी, वातावरणीय सुशासन तथा परिक्षण

२४. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन

२५. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनारा वृक्षारोपण व्यवस्थापन

२६. ताल विकास प्राधिकरण र वन, वातावरण तथा भू संरक्षण सम्बन्धी संघ संस्था

२७. प्रदेशस्तरको जलवायु परिवर्तन, अनुकूलन तथा न्युनीकरण सम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण

२८. प्रदेशका मन्त्रालय र स्थानीय तहमा जलवायु परिवर्तन, अनुकूलन तथा न्यूनीकरण सम्बन्धी कार्यमा सम्पर्क र समन्वय।

भू तथा जलाधार संरक्षण

२९. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन

३०. प्रदेश भित्र भूस्खलन नियन्त्रण ।

### ४.३.३ प्रमुख सवाल

- वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु ,
- वन व्यवस्थापनको कार्यलाई तीनै तहका सरकार, वन समूह र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माणमा कमी हुनु,
- वन क्षेत्र अतिक्रमण हुन नदिनु र वर्षौ देखिका र संस्थागत रूपमा भएका अतिक्रमणलाई व्यवस्थापन गरी पुनः वनक्षेत्र कायम गर्नु,
- वन डढेलो नियन्त्रण गर्न उपयुक्त संयन्त्र व्यवस्था गर्नु र वन उपभोक्ता समूहमा स्रोत तथा क्षमता वृद्धि गर्नु,
- वन संरक्षणसँगै जीविका सुधारको भरपर्दो माध्यमका रूपमा रूपान्तरण गर्नु,

- गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीको व्यवस्थापन र सदुपयोग गर्नु,
- आनुवंशिक, पारिस्थिकीय र प्रजातिगत विविधताको विद्यामान अवस्था पहिचान एवम् संरक्षणका उपायहरू केन्द्रित गरी वैज्ञानिक अध्ययन तथा अनुसन्धानमा कमी,
- जैविक विविधताको संरक्षणसँगै आर्थिक अवसरमा वृद्धि गर्नु,
- जलाधारको एकीकृत व्यवस्थापन गर्नु,
- भूक्षय, पहिरो, बाढी र जलवायु परिवर्तनका असर न्यूनीकरण गर्नु,
- सिमसार क्षेत्रको संरक्षण गर्नु।

**४.३.४ रूपान्तरणकारी रणनीति**

**४.१ दिगो वन व्यवस्थापन**

(१) दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि: प्रदेशको अधिकार क्षेत्रभित्रका सबै प्रकारका वनहरूको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोगको लागि नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा, परिमार्जन र प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । वन क्षेत्रको अध्ययन, अनुसन्धान र प्रचार-प्रसारलाई प्रभावकारी बनाई प्राप्त सिकाइ र नतिजालाई वन क्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा उपयोग गरिने छ । वन अतिक्रमणलाई निरुत्साहित गर्दै अतिक्रमित क्षेत्र फिर्ता गराई पुनः वन कायम गरिने छ। सम्बन्धित सरोकारवालाको सहभागितामा वन डढेलोबाट हुने वन विनाश नियन्त्रण गर्ने कार्यक्रमहरू समन्वयात्मक रूपमा सञ्चालन गरिने छ । वन क्षेत्रभित्र विशेष महत्त्वका क्षेत्रहरू (धार्मिक, सांस्कृतिक,पर्यावरणीय) पहिचान र संरक्षण तथा अभिलेख राख्ने व्यवस्था गरिने छ ।

(२) प्रदेशलाई वन पैदावारमा आत्मनिर्भर बनाउने: वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गरिने छ। दिगो वन व्यवस्थापनमार्फत समग्र वन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने र वन पैदावरमा आत्मनिर्भरता हासिल गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा नरम काठको गुणस्तर र उपयोगिता अभिवृद्धि गरिने छ । वन पैदावार तथा वनजन्य उद्यमका उत्पादनहरूको बजारीकरणका लागि नीतिगत तथा संस्थागत संरचना निर्माणसहित सहजीकरण र सहज वातावरण निर्माण गरिने छ ।

(३) वन क्षेत्रलाई जीविका सुधारको भरपर्दो माध्यमका रूपमा रूपान्तरण: बाँझो जमिनमा उच्च प्रतिफलयुक्त एवम् बाँदर निष्प्रभावी वन तथा बगैंचाका रूपमा विकास गरिने छ । वनजन्य उत्पादन मूल्यशुङ्खला विकास गरी उच्चतम प्रतिफल तथा बजारीकरणको सुनिश्चितता गरिने छ । निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा जडीबुटी प्रशोधन, भण्डारण तथा मूल्यशृङ्खला अध्ययन तथा मूल्य अभिवृद्धिको व्यवस्था गर्दै बजारीकरणलाई प्रवर्द्धन गरिने छ ।

(४) जडीबुटीको व्यवस्थापन र सदुपयोग अभिवृद्धि: प्राकृतिक अवस्थामा रहेका जडीबुटीहरूको वैज्ञानिक मापदण्डका आधारमा व्यवस्थापन र वर्तमान स्रोतको सर्वेक्षण गरी दिगो उपयोग र उपभोग सुनिश्चित गरिने छ। खाली, बाँझो तथा सीमान्तकृत भूमि तथा समुदायमा आधारित वन व्यवस्थापन पद्धति अन्तर्गतका वनक्षेत्रमा जडीबुटी खेती प्रवर्द्धन तथा संरक्षण गरिने छ ।

### ४.२ जैविक विविधता संरक्षण

(१) जैविक विविधताको संरक्षण र दिगो उपयोग: संरक्षित क्षेत्र तथा समुदायद्वारा व्यवस्थित वनहरूमा जैविक विविधताको दिगो संरक्षण तथा पर्यापर्यटनको विकास र आवश्यक स्थानहरूमा जैविक मार्ग स्थापना तथा विकास गरिने छ । जैविक विविधतामा भएका परिवर्तनहरू पत्ता लगाउन बृहत् अनुसन्धान एवम् अनुगमन प्रणालीको स्थापना र सञ्चालन गरिने छ । प्रदेशको पहिचान बोकेका पारिस्थिकीय प्रणाली, सुनाखरी, लालीगुराँस, जडीबुटी क्षेत्र, वन्यजन्तु र तिनका बासस्थान, प्रदेशभित्र पानीका मुहान, ताल, कुण्ड, पोखरी, सिमसार, चराचुरुङ्गी, रैथाने प्राणी, वनस्पति, सुक्ष्म जिवाणुको संरक्षण गरी व्यवस्थापनको दायरामा ल्याउने व्यवस्था गरिने छ । नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना, वातावरण नीति, सिमसार नीति लगायत वातावरणीय नीतिहरूको कार्यान्वयनमा सहजीकरण गरिने छ । स्थानीय तहमा जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण, संग्रह एवम् आनुवंशिक स्रोत उपरको बौद्धिक सम्पत्तिको सुरक्षाको व्यवस्था मिलाइने छ । प्रदेशभित्र वन, वनस्पति, जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय, सामुदायिक बिउ भण्डार, जीन बैंक, प्राणी उद्यान, वन्यजन्तु उद्धार केन्द्र, स्थापना र सञ्चालनको व्यवस्था गरिने छ। स्थानीयस्तरमा पाइने वनस्पति र वन्यजन्तु लगायतका जैविक विविधताको पहिचान र वैज्ञानिक अभिलेखीकरण गरिने छ ।

(२) वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन: वन र वन्यजन्तुको बासस्थानलाई डढेलो, बाह्य मिचाहा प्रजाति, रोगकीरा र वन फँडानीबाट जोगाउँदै वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन गरिने छ ।

(३) मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन: मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्दै जनचेतना, क्षतिपूर्ति एवम् राहत प्रक्रियालाई थप सरलीकृत र व्यवस्थित

गरिने छ। स्थानीय तह तथा समुदायसँग सहकार्य र साझेदारी गरी बाँदरको प्रकोप नियन्त्रणका उपाय, प्रविधि र संयन्त्रको विकास तथा विस्तारको व्यवस्था गरिने छ। मानव-वन्यजन्तु सह अस्तित्व कायम गर्न र द्वन्द्व न्यूनीकरण गर्नका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सफल अनुभव आदानप्रदान गरिने छ।

**४.३ जलाधार व्यवस्थापन**

(१) नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन: पूर्वाधार विकासका कार्यक्रममा वातावरण र जलाधार व्यवस्थापन कार्यक्रमलाई अनिवार्य र एकीकृत रूपमा सञ्चालन गरिने छ । विकास पूर्वाधार निर्माणसँगै उपयुक्त भूसंरक्षण प्रविधि सञ्चालनलाई अनिवार्य गरी संरचनालाई जलवायु उत्थानशील बनाइने छ । भूक्षय नियन्त्रण गरी जल उत्पन्न विपत् प्रकोप न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्दै क्षतिग्रस्त भूमिको पुनःस्थापना तथा रैथाने र वैज्ञानिक पद्धति अवलम्बन गरी सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरिने छ। पानी मुहान संरक्षण एवम् प्रकोप नक्साङ्कन, सङ्कटासन्नता पहिचान तथा जोखिम नक्साङ्कन गरी गल्छी, पहिरो तथा खोला किनारा संरक्षण र बायो इन्जिनियरीङ्ग पद्धतिको माध्यमबाट भूसंरक्षणलाई व्यवस्थित गरिने छ ।

(२) जलीय स्वच्छता, उपलब्धता र उपयोगलाई दिगो तथा व्यवस्थित तुल्याउने: पानीको स्रोत तथा सिमसार क्षेत्रको नक्साङ्कन, पहिचान तथा संरक्षण व्यवस्थापन योजना तयार गरिने छ । तल्लोतटीय र उपल्लोतटीय क्षेत्रको अन्तरसम्बन्ध झल्किने गरी जलाधार क्षेत्रको व्यवस्थापन गरिने छ। नदीजन्य वस्तुको उत्खननलाई व्यवस्थित र वातावरणमैत्री तुल्याउन अन्तरसरकार सहकार्यलाई प्रभावकारी गराइने छ ।

(३) जलाधार व्यवस्थापनमा ३ वटा सरकार, समुदाय, निजी क्षेत्र र विकास साझेदारबिच साझेदारी तथा सहकार्यलाई प्रभावकारी: स्थानीय तहसँगको सहकार्यमा पानी मूल तथा मुहानको अवस्थासँग सम्बन्धित विवरण सङ्कलन गरी अभिलेख तयार गरिने छ। समुदाय तथा विकास साझेदार संस्थासँगको सहकार्य एवम् साझेदारीमा कम्तिमा एक स्थानीय तह तीन पुनर्भरण पोखरीको निर्माण, व्यवस्थापन र संरक्षणलाई प्रभावकारी गराइने छ । जलाधार क्षेत्रमा संरक्षण तथा व्यवस्थापनलाई कृषि, मत्स्यपालन र पर्यटनसँग आवद्ध गरी निर्भर समुदायको जीवनस्तर सुधारका अवसर सिर्जना गरिने छ ।

**४.३.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

## ५.१ दिगो वन व्यवस्थापन

**(क) वन संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रम:**

१. नीति, कानुन, कार्यविधि तथा निर्देशिका तर्जुमा तथा परिमार्जन;

२. वन अतिक्रमण तथा डढेलो नियन्त्रण;

३. काठको आयात निरुत्सहान र स्वदेशी काठको प्रयोगलाई प्रोत्साहन:

४. नर्सरी मर्मत सुधार, विरुवा उत्पादन तथा वितरण वृक्षारोपण;

५. वृक्षारोपण तथा संरक्षण र ढलापडा रुखहरूको व्यवस्थापन;

६. दिगो वन व्यवस्थापन गरी काठ दाउरा उत्पादन;

७. निजी, सहरी तथा कृषि वन प्रवर्द्धन;

८. गरिबी न्यूनीकरणका लागि कबुलियती वनको प्रभावकारी व्यवस्थापन;

९. वन संरक्षण क्षेत्र व्यवस्थापन सहयोग;

१०.समुदायमा आधारित वनहरू कार्ययोजना तयारी तथा पुनरावलोकन

११.वनमा भएका विभिन्न प्रजातिका काठ र गैरकाठ जन्य उपजको मूल्य अभिवृद्धि गरी विभिन्न वस्तुको रुपमा उत्पादन गर्ने ।

**(ख) अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि कार्यक्रमः**

१. समुदायमा आधारित वन व्यवस्थापनका लागि प्राविधिक सहयोग;

२. दिगो वन व्यवस्थापनका लागि अध्ययन तथा अनुसन्धान;

३. संस्थागत, कर्मचारी तथा सरोकारवाला क्षमता अभिवृद्धि ।

**(ग) हरित सडक तथा हरित सहर कार्यक्रमः**

१. ग्रामीण सडक र सहरी क्षेत्र वृक्षारोपण;

२. नदी तथा खोला छेउ वृक्षारोपण कार्यक्रम;

**३. वायोइञ्जीनियरिङ प्रविधि तथा संरचना विस्तार;**

४. सार्वजनिक एवम् खुल्ला क्षेत्रमा वृक्षारोपण ।

**(घ) जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**

१. जडीबुटीको स्रोत सर्वेक्षण व्यवस्थापन योजना तयारी र सहभागितामूलक कार्यान्वयन;

२. सरकारी तथा समुदायमा आधारित वन व्यवस्थापन पद्धतिका वन कार्ययोजनामा जडीबुटी संरक्षण र खेती;

३. उच्च लाभ र सम्भावना भएका गैहनकाष्ठ वन पैदावरका प्रजातिको खेती र दिगो हार्भेस्टिङ पद्धतिका कार्यविधि तयारी;

४. निजी तथा वनक्षेत्रको जग्गामा जडीबुटी खेती प्रवर्द्धन;

५. जडीबुटी खेतीका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम;

६. तुलनात्मक लाभ हुने जडीबुटीको खेती विस्तार, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरण ।

### ५.२ जैविक विविधता संरक्षण

**(क) जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**

१. जडीबुटी खेती सहयोग तथा प्रविधि हस्तान्तरण;

२. रैथाने सुनगाभाको संरक्षण विस्तार र उपयोग;

३. जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय निर्माण;

४. सामुदायिक बिउ भण्डार तथा जिन बैंक स्थापना;

५. प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना;

६. संरक्षण क्षेत्र तथा चरन क्षेत्रको व्यवस्थापन;

७. जैविक विविधता अध्ययन अनुसन्धान अभिलेखीकरण;

८. वनसँग जोडिएका राजमार्ग, सहरी तथा कृषि क्षेत्रमा वन्यजन्तु ओहोरदोहोर गर्ने जैविक मार्गको संरक्षण;

९. महत्त्वपूर्ण पारिस्थितकीय प्रणाली र वन्यजन्तुका जोखिमयुक्त वासस्थानहरूको पहिचान तथा व्यवस्थापन;

१०.समुदायमा आधारित वनहरूमा वन्यजन्तुको वासस्थान व्यवस्थापन;

११. वन डढेलो नियन्त्रण;

१२.बाह्य मिचाहा प्रजाति तथा रोगकीराको नियन्त्रण ।

**(ख) वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन कार्यक्रम:**

१. स्थानीय समुदायमा सचेतना र क्षमता अभिवृद्धि;

२. जैविक विविधता संरक्षणमा साझेदारी कार्यक्रम,

३. वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण तथा नियमन ।

**(ग) मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रमः**

१. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण सम्बन्धी सचेतना विस्तार;

२. वन्यजन्तु राहत कोष स्थापना;

३. वन्यजन्तुबाट हुने क्षति कम गर्न बिमा कार्यक्रम;

४. बाँदरको प्रकोप नियन्त्रणका उपाय, प्रविधि र संयन्त्रको विकास;

५. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सफल अनुभव आदानप्रदान ।

### ५.३ जलाधार व्यवस्थापन

**(क) नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन कार्यक्रम:**

१. नदी प्रणालीका आधारमा एकीकृत जलाधार संरक्षण योजना तयारी;

२. संवेदनशील जलाधार क्षेत्रहरूको सर्वेक्षण, पहिचान तथा संरक्षण;

३. बायो इन्जिनियरिङ प्रविधिमार्फत पूर्वाधारहरूको संरक्षण;

४. पुनर्भरण पोखरी (Recharge Pond and Pit) निर्माण तथा संरक्षण अभियान ।

**(ख) प्रकोप तथा जोखिम नक्साङ्कन र विकासका पूर्वाधार संरक्षण कार्यक्रम:**

१. सिँचाइ कुलो मर्मत तथा संरक्षण;

२. गल्छी पहिरो खहरे खोलन तथा नदी कटान नियन्त्रण;

३. जमिनको उत्पादकत्व संरक्षण र क्षतिग्रस्त भूमि पुनः स्थापना;

४. सहरी तथा मासिदै गएका जलस्रोतको पुनरुत्थान;

५. सहरी क्षेत्रका खोलानालामा प्राकृतिक बहाव कायम गर्न विशेष जलाधार क्षेत्र घोषणा तथा व्यवस्थापन ।

**(ग) माटो र पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण कार्यक्रम**

१. माटो तथा पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;

२. प्रदेशमा रहेका तालहरूको आर्थिक सामाजिक र वातावरणीय प्रभावको अध्ययन ।

**(घ) सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**

१. संरक्षित जलाधार क्षेत्रको रूपमा घोषणा भएको फेवाताल जलाधार क्षेत्रको कार्ययोजना तयारी;

२. प्रदेशभित्रका सिमसार क्षेत्रहरूको संरक्षण र सौन्दर्यीकरण तथा अभिलेखीकरण ।

**४.३.६ दोस्रो आवधिक योजना कार्यान्वयनसँगको आबद्धता**

यस मन्त्रालय आगामी तीन आ.व. (२०८२/८३-२०८४/८५) मा कार्यान्वयन गर्ने रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू दोस्रो पञ्चवर्षीय योजनामा आधारित रही तयार गरिइएको छ ।समृद्ध प्रदेश: सुखी प्रदेशवासी सोचका लागि समेटेका प्रादेशिक विकास तथा रुपान्तरणका १४ वटा प्राथमिक क्षेत्र मध्ये सम्बन्धित विषय क्षेत्र दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षणमा र सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलतामा प्रत्यक्ष योगदान पुर्याउने छ साथै अन्य क्षेत्रहरुमा पनि अप्रत्यक्ष रुपमा योगदान पुर्याउने देखिन्छ ।

वनको वैज्ञानिक व्यवस्थापन मार्फत वन उत्पादन र जैविक विविधताको सन्तुलन कायम हुने छ । समुदायमा आधारित वन व्यवस्थापनका पद्धतिहरुको अवलक्बन गरी स्थानीयको वन पैदावारको सहज आपुर्तिको साथै वन पैदावारको प्रयोग बढ्न गई प्रदेशको साथै बढी राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ ।

जैविक विविधता संरक्षण मार्फत प्रदेशका सङ्कटापन्न बोटविरुवा तथा जीवजन्तुको उचित संरक्षण हुनेछ र त्यसमा निर्भर नागरिकहरूको पर्यापर्यटन लगायतका माध्यम बाट जीविकोपार्जनमा सहयोग पुग्ने देखिन्छ । जलाधारको एकीकृत व्यवस्थापन मार्फत भूमि तथा पानीको उचित व्यवस्थापनका साथै जलवायुजन्य विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा योगदान पुग्नेछ ।

### ४.३.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता

दिगो विकास लक्ष्यले निर्धारण गरेका १७ वटा लक्ष्यहरु मध्ये लक्य नम्वर १३: जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउन र लक्ष्य नम्वर १५: पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्न विषयहरु यस मन्त्रालय संग प्रत्यक्ष रुपमा जोडिएका छन् ।वन क्षेत्र वहुआयामिक र अन्तर क्षेत्र सँग सम्बन्धित विषय हो र अप्रत्यक्ष रुपमा अन्य लक्ष्य हासिल गर्न पनि यस क्षेत्र महत्वपूर्ण योगदान पुर्याउने देखिन्छ ।

### ४.३.८ त्रिवर्षीय नतिजा सूचक

| क्र. सं. | सूचक | एकाइ | २०८०/८१ सम्मको यथार्थ उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | रोजगारी सिर्जना | श्रमदिन | २३२६०७ | २७९००० | ३१५६०० | ३५५३२० | ३९०८१६ |
| २ | वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ३७.१ | ३७.१ | ३७.३ | ३७.६ | ३८ |
| ३ | वन क्षेत्रबाट अनुमानित राजश्व | रु. लाख | १७५९ | १९०० | २१०० | २७०० | ३१०० |
| ४ | समुदायमा आधारित वन क्षेत्र | प्रतिशत | ३५ | ३५ | ३६ | ३६ | ३६.५ |
| ५ | सामुदायिक वन गठन र हस्तान्तरण | संख्या | ३९६८ | ३९७१ | ३९७५ | ३९७६ | ३९७८ |
| ६ | काठ उत्पादन | क्यू. फिट | १९७१००० | २०१०००० | २०३०००० | २१००००० | २२००००० |
| ७ | दाउरा उत्पादन | चट्टा | २४९० | २६०० | २८६० | ३०३२ | ३५७८ |
| ८ | वन क्षेत्रबाट संकलित जडिवुटी | के.जी. | ५३४०२ | ५५७०२ | ६०२०३ | ६२७५६ | ६४८३५ |

### ४.३.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. हजारमा

| विवरण | शीर्षक | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको संसोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| खर्च | चालु | १९८८०० | २३५२०० | ६००९०० | ६२९१४२ | ६५८७१२ |
| | पुँजीगत | ४२०७०० | ४१५८०० | ४६४१४० | ४८५९५५ | ५०८७९४ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | | ० |
| | जम्मा | ६१९५०० | ६५१००० | १०६५०४० | १११५०९७ | ११६७५०६ |
| स्रोत | प्रदेश सरकार | - | - | 886640 | 928312 | 971942 |
| | संघीय अनुदान | - | - | 178400 | 186784 | 195563 |
| | जम्मा | 0 | 0 | 1065040 | 1115097 | 1167506 |

### ४.३.१० आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

| लागत (रू. लाखमा) | अवधि (शुरू र समाप्ति) | हालसम्मको प्रगति स्थिति | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|
| | सालबसाली | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन सम्बन्धी कार्यहरु | वनको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्थाका साथै वनको संरक्षणको साथै व्यवस्थापन र सदुपयोगको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने |

| | | | |
|---|---|---|---|
| | सालबसाली | संघीय र प्रदेशका वन सम्बन्धी कानुनले तोकेका कार्यसम्पादनका अतिरिक्त प्रदेशको समग्र वन संरक्षण, व्यवस्थापन र सदुपयोग तथा जलाधार व्यवस्थापनको लागि अनुगमन निरीक्षणका साथै समन्वयात्मक भूमिका पञ्चासे वन संरक्षण क्षेत्र व्यवस्थापन | वनको संरक्षणको साथै व्यवस्थापन र सदुपयोगको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने |
| | सालबसाली | ७७ लाख वन्यजन्तुबाट भएको क्षतिको लागि राहतको लागि वितरण गरिएको, ३० वटा संरक्षण स्कुल कार्यक्रम, १० वटा विकास र वातावरण वीच सन्तुलन सम्बन्धमा अन्तरकृया गोष्ठी सम्पन्न, ९ जिल्लामा सब डिभिजन वन कार्यालय स्तरोन्नती गरिएको, ४६ वटा सामुदायिक वनमा लेखा अभिलेखीकरण तालिम तथा ३१ वटा सामुदायिक वन स्थलगत अभ्यास सम्पन्न | वनको संरक्षणको साथै व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्ने |
| | सालबसाली | जलाधार संरक्षण र व्यवस्थापन तर्फ सिमसार क्षेत्र व्यवस्थापन, गल्छी पहिरोको उपचार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, सिँचाइ कुलो निर्माण तथा मर्मत, क्षतिग्रस्त भुमि पुनर्स्थापना तथा हरियाली प्रवर्द्धन। | माटो र पानीको संरक्षणका लागि जलाधार क्षेत्रमा विभिन्न संरक्षणका कार्यक्रम संरचनहरु निर्माण गर्ने |

| | | | |
|---|---|---|---|
| | सालबसाली | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि तालिम सम्पन्न भएका छन । वन सम्वर्धन प्रणालीमा आधारित वनको पुनर्उत्पादन क्षमता अभिवृद्धिको तुलनात्मक अध्ययन सम्पन्न भएको छ, वन वातावरण विध्यार्थीलाई ईन्टर्नसिप मार्फत सेवाप्रवाह सवलिकरण कार्यक्रमहरु सञ्चालन भईरहेको छ, कालिगण्डकी जलाधार क्षेत्र र सेती मादी जलाधार क्षेत्रलाई कृषि र पर्यापर्यटन केन्द्रको रुपमा विकास गर्न अध्ययन भैरहेको । | वन कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु |
| | सालबसाली | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन भईरहेका छन, डिभिजन वन कार्यालय कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, नवलपुरले वन डढेलो नियन्त्रणका लागि पम्प सहितको पानी ट्याङ्की निर्माण, वन संरक्षण, विकास, व्यवस्थापन र सदुपयोगका लागि आवश्यक कार्य । | वनको व्यवस्थापन भई काठ दाउरा उत्पादन, साझेदारी र चक्ला वनको व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन,काष्ठजन्य डालेघाँस र जडिबुटीका विरुवाको उत्पादन सम्बन्धित क्रियाकलापहरू |
| | सालबसाली | जडिबुटी विरुवा उत्पादन तथा खेती विस्तार, पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार तथा प्राकृतिक रूपमा रहेका जडिबुटिको संरक्षण तथा व्यवस्थापन | जडिवुटी खेती सम्बन्धि तालिम, खेती विस्तार, उत्पादन र प्रशोधन सम्बन्धित क्रियाकलापहरू |
| | सालबसाली | ९ वटा जलाधार तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम सम्पन्न | जनचेतना अभिवृद्दी सम्बन्धित क्रियाकलापहरू |
| | सालबसाली | हरियाली तथा पर्यापर्यटन प्रवर्धन सम्वद्ध कार्य | वन पैदावारमा आधारित उद्योग स्थापना सम्बन्धित क्रियाकलापहरू |

| | | | |
|---|---|---|---|
| | सालबसाली | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन सम्बन्धी कार्यहरु | वनको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्थाका साथै वनको संरक्षणको साथै व्यवस्थापन र सदुपयोगको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने आवश्यक सहजिकरण सहयोग र भए गरेका कार्यक्रम सम्बन्धी अनुगमन, मुल्याङ्कन |
| | सालबसाली | संघीय र प्रदेशका वन सम्बन्धी कानुनले तोकेका कार्यसम्पादनका अतिरिक्त प्रदेशको समग्र वन संरक्षण, व्यवस्थापन र सदुपयोग तथा जलाधार व्यवस्थापनको लागि अनुगमन निरीक्षणका साथै समन्वयात्मक भूमिका पञ्चासे वन संरक्षण क्षेत्र व्यवस्थापन | वनको संरक्षणको साथै व्यवस्थापन र सदुपयोगको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने आवश्यक सहजिकरण सहयोग र भए गरेका कार्यक्रम सम्बन्धी अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन |
| | सालबसाली | वन्यजन्तुबाट भएको क्षतिको लागि राहत वितरण गरिएको, संरक्षण स्कुल कार्यक्रम, विकास र वातावरणबीच सन्तुलन सम्बन्धमा अन्तरकृया गोष्ठी सम्पन्न, सब डिभिजन वन कार्यालय स्तरोन्नती सामुदायिक वनमा लेखा अभिलेखीकरण तालिम तथा सामुदायिक वन स्थलगत अभ्यास सम्पन्न | वनको संरक्षणको साथै व्यवस्थापन र सदुपयोगको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने |
| | सालबसाली | जलाधार संरक्षण र व्यवस्थापन तर्फ सिमसार क्षेत्र व्यवस्थापन, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, सिँचाइ कुलो निर्माण तथा मर्मत, क्षतिग्रस्त भुमि पुनर्स्थापना तथा हरियाली प्रवर्द्धन | माटो र पानीको संरक्षणका लागि जलाधार क्षेत्रमा विभिन्न संरक्षणका कार्यक्रम संरचननहरु निर्माण गर्ने |

| | | | |
|---|---|---|---|
| | सालबसाली | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम अध्ययन अनुसन्धान तर्फ वन सम्वर्धन प्रणालीमा आधारित वनको पुनर्उत्पादन क्षमता अभिवृद्धिको तुलनात्मक अध्ययन सम्पन्न भएको छ, वन वातावरण विध्यार्थीलाई ईन्टर्नसिप मार्फत सेवाप्रवाह सवलीकरण कार्यक्रमहरु सञ्चालन भईरहेको छ, कालिगण्डकी जलाधार क्षेत्रलाई कृषि र पर्यापर्यटन केन्द्रको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन र सेती मादी जलाधार क्षेत्रलाई औद्योगिक करीडोरको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन भइरहेका छन। | वन कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु |
| | सालबसाली | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वियन भईरहेका छन, डिभिजन वन कार्यालय कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, नवलपुरले वन डढेलो नियन्त्रणका लागि पम्प सहितको पानी ट्याङ्की निर्माण, वन संरक्षण, विकास, व्यवस्थापन र सदुपयोगको सामुदायिक वनको कार्ययोजना नवीकरण भएको छ ।वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण गरिएको छ । | वनको व्यवस्थापन भई काठ दाउरा उत्पादन, साझेदारी र चक्ला वनको व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन,काष्ठजन्य डालेघाँस र जडिबुटीका विरुवाको उत्पादन सम्बन्धित क्रियाकलापहरू |
| | सालबसाली | जडिबुटी विरुवा उत्पादन तथा खेती विस्तार, पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार तथा प्राकृतिक रूपमा रहेका जडिबुटिको संरक्षण तथा व्यवस्थापन | जडिवुटी खेती सम्बन्धि तालिम, खेती विस्तार, उत्पादन र प्रशोधन सम्बन्धित क्रियाकलापहरू |
| | सालबसाली | जलाधार तथा सिमसार क्षेत्र संरक्षण | जनचेतना अभिवृद्धि सम्बन्धित क्रियाकलापहरू |

### ४.३.११ सम्भाव्य जोखिम पक्ष

आवश्यक नीति तथा कानुनी व्यवस्था, वजेटको पर्याप्तता, कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, संघ र स्थानीय तहबीचको समन्वय, विपद् व्यवस्थापन लगायतका विषय अनुकूल हुने अनुमान गरिएको छ । यसो नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ ।

## ४.४ पर्यटन तथा उद्योग मन्त्रालय

### ४.४.१ पृष्ठभूमि

गण्डकी प्रदेश सरकारले प्रदेशको विकासको दीर्घकालिन सोच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ । प्रदेशले आर्थिक सम्वृद्धि हासिल गर्न उद्योग र पर्यटन क्षेत्रलाई उत्पादन र रोजगारीसँग जोडी मानव पूँजी निर्माण गर्ने, उत्पादकत्वमा बृद्धि हुने योजनाहरुमा प्राथमिकिकरण गर्नु अपरिहार्य छ । उत्पादन बृद्धि गरी स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण गर्न, युवाशक्तिलाई विदेश पलायन हुनबाट रोक्नका लागि उद्यमशिल कार्य संस्कृतिको विकास र पर्यटन प्रवर्द्धन आधारको रुपमा रहन्छ ।

### ४.४.२ प्रमुख कार्यक्षेत्र

<u>उद्योग, वाणिज्य तथा आपूर्ति:</u>

- उद्योग दर्ता, अनुमति तथा नवीकरण,
- औद्योगिक विकास तथा औद्योगिक प्रवर्द्धन,
- प्रदेशको औद्योगीकरण,
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,
- औद्योगिक नीति तथा कानुन तर्जुमा,
- औद्योगिक व्यापार तथा प्रदर्शनी,
- स्व-रोजगारका लागि उद्यमशीलता विकास,
- बजार अनुगमन तथा नियमन, प्रदेशभित्रको व्यापार तथा आपूर्ति व्यवस्थापन,
- प्रदेशभित्रको खानी अन्वेषण तथा व्यवस्थापन,

<u>पर्यटन तथा सम्पदा:</u>

- प्राकृतिक, धार्मिक, सांस्कृतिक पुरातात्विक, साहसिक प्रकृतिका पर्यटकीय पूर्वाधार गन्तव्य र उपजको विकास, विविधिकरण, प्रबर्द्धन, नियमन,
- पर्यटन सेवा सञ्चालन, ब्राण्डिङ् लगायतका पर्यटन प्रबर्द्धनका कार्यहरु ।

### ४.४.३ प्रमुख सवाल तथा चुनौती

- उत्पादन बृद्धिद्धारा आत्मनिर्भरता र आयात प्रतिस्थापन गर्नु,
- बस्तु तथा सेवा एवंम उत्पादन गुणस्तरमा वृद्धि गर्नु,
- औद्योगिक तथा व्यापार क्षेत्रको पूर्वाधार विकास गर्नु,
- प्रविधि एवं सिपयुक्त जनशक्ति विकास गर्नु,
- औद्योगिक क्षेत्रमा लगानीयोग्य वातावरण तयार गर्नु,
- मर्यादित बजार व्यवस्थापन गर्नु,
- पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन गर्नु,
- ठुला र आर्षक पर्यटकीय गन्तव्यको विकास गर्नु,
- पर्यटन क्षेत्रको विकासमा लगानी वृद्धि गर्नु,
- अध्ययन, अनुसन्धान र तथ्याङ्क व्यवस्थापन गर्नु ।

### ४.४.४ रूपान्तरणका रणनीति

- उत्पादकत्व वृद्धिमार्फत उत्पादनमा आत्मनिर्भरता वृद्धि गर्ने,
- उद्योग वाणिज्य क्षेत्रको पूर्वाधार विकास विस्तार स्तरोन्नती गर्ने,
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सिर्जना स्तोरन्नती र उत्पादित बस्तुको बजारीकरण सुदृढ गर्ने,
- रुग्ण तथा बन्द भएका उद्योगहरु पुनः संचालनमा ल्याउने,
- पर्यटकीय सेवा सुविधाको विविधीकरण, एकीकृत विकास, विस्तार तथा दिगो वृद्धि गर्ने,
- पर्यटकीय गन्तव्यको पहिचान, वर्गिकरण साथै पर्यटकीय पूर्वाधार विकास गर्ने,
- अध्ययन अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन गर्ने ।
-

### ४.४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

- संस्थागत तथा संरचनागत सुधार कार्यक्रम,
- प्रमुख पर्यटकीय गन्तव्यमा पूर्वाधार विकास कार्यक्रम,
- औद्योगिक पूर्वाधार विकास कार्यक्रम,
- उपभोक्ता सचेतना तथा बजार अनुगमन,
- उत्पादनको व्यवसायीकरण कार्यक्रम।

### ४.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/०८१ (यथार्थ उपलब्धि) | २०८१/०८२ (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/८४ | २०८४/८५ |
| १ | पर्यटकीय गन्तव्यको पूर्वाधार विकास | संख्या | ३६६ | ३३९ | ३७५ | ३८५ | ४१० |
| २ | प्रमुख पर्यटकीय गन्तव्यहरुको DPR निर्माण | संख्या | ० | ० | ५ | ८ | १० |
| ३ | पर्यटन/उद्योग सम्वन्धि नीति तथा कानुन निर्माण | संख्या | २ | ४ | ३ | ४ | २ |
| ४ | प्रादेशिक आद्योगिक क्षेत्र स्थापना र सञ्चालन | संख्या | ० | २ | ० | ० | १ |
| ५ | स्थानीय उद्योग ग्राम (पूर्वाधार विकास सहयोग) | संख्या | ४ | ५ | १० | १० | १० |
| ६ | सिप विकास तालिम | जना | ७७१ | ८०० | ८५० | ९०० | ९५० |
| ७ | प्रविधि हस्तान्तरण | संख्या | १४२ | ९१ | १०० | ११५ | १२५ |

### ४.४.७ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रमहरुबाट दोस्रो पञ्चवर्षीय योजनाले पहिचान गरेका बजारमुखी उत्पादन र दिगो पर्यटन क्षेत्रमा मन्त्रालयको भूमिका महत्वपूर्ण छ, जस अन्तरगत पर्यटन प्रवर्द्धन, पूर्वाधार निर्माण र नयाँ गन्तव्यको विकास मार्फत आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बृद्धि गर्न सकिन्छ । गण्डकी प्रदेशको गौरवको आयोजना अन्तरगत रहेको घरबास कार्यक्रमलाई उत्पादनसँग जोडेर व्यवसायिक कृषि उत्पादनमा जोड दिन सकिन्छ । स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन दिईएको छ । मर्यादित श्रम र उत्पादनशील रोजगारीको सन्दर्भमा उद्यमशीलता विकास र उद्योग स्थापनाबाट रोजगारी सिर्जना भई जीवनस्तरमा स्तरोन्नती हुनेछ । दिगो वन व्यवस्थापन तथा जलवायु अनुकूल विकासमा खानी खनिजको व्यवस्थित उपयोग तथा अनुगमनमार्फत वातावरणीय सन्तुलनमा सहयोग पुग्नुका साथै, लगानीमैत्री वातावरण सिर्जना गर्दै निजी क्षेत्रको सहभागिता बढाउने कार्यले सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुग्नेछ ।

### ४.४.८ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता

यस मन्त्रालयको विषयक्षेत्रसँग सम्वन्धित आगामी तीन आ.व.मा कार्यान्वयन गर्न लागेका कार्यक्रमहरूले दिगो विकास लक्ष्य (SDG) का विभिन्न पक्षमा उल्लेखनीय योगदान पुर्‍याउनेछन् । उद्योग स्थापना, पर्यटन प्रवर्द्धन र लघु उद्यम विकासमार्फत रोजगारी सृजना जस्ता क्रियाकलापले विशेषतः लक्ष्य ८ (दिगो आर्थिक वृद्धि तथा उत्पादनशील रोजगारी) मा महत्वपूर्ण योगदान पुर्‍याउँछ । लक्ष्य ९ (पूर्वाधार, औद्योगिकीकरण तथा नवप्रवर्तन) अन्तर्गत औद्योगिक तथा पर्यटन पूर्वाधार विकास गरिनेछ । स्थानीय स्रोतको अधिकतम उपयोग, स्थानीय उत्पादनलाई बढावा गर्ने प्रभावकारी कार्यक्रमहरुको कार्यान्वयन, गुणस्तरीय बस्तु र सेवाको सहज उपलब्धतामा गरिने प्रयासबाट लक्ष्य १२ (उत्तरदायी उपभोग तथा उत्पादन) मा योगदान पुग्नुका साथै, लक्ष्य १३ (जलवायु कार्य) सँग सम्बन्धित रूपमा वातावरणमैत्री पर्यटन र खानी व्यवस्थापनमा जोड दिइनेछ । यी कार्यक्रमहरूले समग्रमा दिगो, समावेशी र आत्मनिर्भर प्रदेश निर्माणमा सघाउनेछन् ।

### ४.४.९ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

(रकम रू. हजारमा)

| विवरण | शिर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२ (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| | चालु | ५६१७७१ | ६५८३८३ | २६३६२४ | २७६०१४ | २८८९८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खर्च | **पुँजीगत** | ६९९३५३ | ६७१७१२ | ५७८५६९ | ६०५७६२ | ६३४२३३ |
| | **जम्मा** | **१२६११२४** | **१३३००९५** | **८४२१९३** | **८८१७७६** | **९२३२२०** |
| स्रोत | प्रदेश सरकार | - | - | ८४२१९३ | ८८१७७६ | ९२३२२० |
| | संघीय अनुदान | - | - | ० | ० | ० |
| | **जम्मा** | ० | ० | **८४२१९३** | **८८१७७६** | **९२३२२०** |

**४.४.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम**

| लागत (रू. लाखमा) | अवधि (शुरू र समाप्ति) | हालसम्मको उपलब्धि | आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने क्रियाकलापहरू |
|---|---|---|---|
| १०६७ | - | २०.५७ | नीति तथा ऐन कानुन, पर्यटन तथा औद्योगिक प्रवर्द्धन |
| ९२५ | - | २५.४४ | पर्यटन पूर्वाधार निर्माण, बजार अनुगमन |
| ४५१८ | - | १७.३८ | पर्यटन पूर्वाधार निर्माण, तालिम संचालन, प्रविधी हस्तान्तरण, बजार अनुगमन |

**४.४.११ सम्भाव्य जोखिम पक्ष**

पर्यटन, उद्योग, वाणिज्य, आपूर्ति र खानी-खनिज सम्वन्धमा गण्डकी प्रदेश सरकारले अवलम्वन गर्ने नीति, प्रदेशको आवधिक योजना तथा पर्यटन गुरुयोजना अनुरूप त्रिवर्षिय कार्ययोजना तयार गरी सोही आधारमा वार्षिक कार्यक्रम तय गरी सम्बन्धित पर्यटन तथा उद्योग मन्त्रालयले कार्यान्वयन गर्दै आएको छ ।

यद्यपि, पूर्वाधारको अभाव, वित्तीय स्रोतको सीमितता, औद्योगिक तथा पर्यटकीय पुर्वाधार निर्माणमा निजीक्षेत्रलाई संलग्न गर्न नसकिनु, पर्यटकीय गन्तव्यमा पहुँचको कठिनाई, पर्यटक सुरक्षाको प्रत्याभुतीमा विश्वास जित्न नसकिनु, अन्य पूर्वाधार विकास विस्तारको क्रममा हुने पर्यावरणीय असर तथा पर्यटकीय उपज उपरको क्षति तथा प्रशासनिक समन्वयको अभाव, विषयगत तथ्याङ्कको अभाव, आम उपभोक्ताको उदासिनता जस्ता चुनौती त्रिवर्षिय रणनीति कार्यान्वयनमा देखिएका सम्भाव्य जोखिमहरू हुन । यस्ता जोखिमको व्यवस्थापनका लागि उद्योग र पर्यटनलाई राज्यले पहिलो प्राथमिकता दिई नीतिगत स्पष्टता कायम

गरी अन्तरसम्वन्धीत सवै विषयगत मन्त्रालय तथा निजी क्षेत्र समेतको विश्वास र प्रतिवद्धता सहितको साथ आवश्यक पर्दछ ।

### ४.५ स्वास्थ्य मन्त्रालय

#### ४.५.१ पृष्ठभूमि

गुणस्तरीय, सर्वसुलभ र समावेशी स्वास्थ्य सेवा प्रणाली विकास गरी स्वस्थ र उत्पादनशील नागरिक निर्माण गर्न प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहेको छ । प्रदेशमा नागरिकलाई आधारभूत, विशिष्टीकृत र विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्यले आधुनिक स्वास्थ्य पूर्वाधार, दक्ष जनशक्ति तथा प्रविधिको समुचित व्यवस्थापन आवश्यक रहेको छ । स्वास्थ्य सेवालाई सामाजिक न्यायको सिद्धान्तमा आधारित बनाई समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउन नवीनता, सृजनशीलता तथा पर्याप्त सार्वजनिक लगानी अपरिहार्य छ । प्रदेशमा रहेका स्वास्थ्य सम्बन्धी विद्यमान समस्या, चुनौती र सम्भावनाको विश्लेषण गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न तथा समानुपातिक र दिगो स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्यका साथ कार्यक्रमहरु तय गरिएको छ ।

#### ४.५.२ प्रमुख कार्यक्षेत्र

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद, आपूर्ति तथा व्यवस्थापन
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम

- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन
- जनसंख्या, बसाइसराइ र परिवार योजना सम्बन्धी प्रदेश नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

### ४.५.३ प्रमुख सवाल तथा चुनौती

- गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच कायम गर्नु:
- स्वास्थ्य पूर्वाधारको सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रको जनशक्ति विकास गर्नु:
- स्वास्थ्य क्षेत्रको संरचनागत र व्यवस्थापकीय सुधार गर्नु:
- जनसंख्याको वितरण सन्तुलित तुल्याउनु
- जलवायु परिवर्तनको असरले स्वास्थ्यमा पार्ने प्रभाव व्यवस्थापन गर्नु।

### ४.५.४ रूपान्तरणकारी रणनीति

- **गुणस्तरीय, आधारभूत एवम् विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्ने**

आधारभूत एवम् विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न आवश्यक पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापन गरिनेछ । आधारभूत सेवा प्रदान गर्नका लागि प्रदेशमा खरिद गरिने तथा अन्य संस्थाबाट आपूर्ति हुने औषधिजन्य सामग्रीको गुणस्तर परिक्षणको व्यवस्था गरिनेछ । प्रत्येक परिवारलाई बिमित हुन प्रोत्साहित गरी बिमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

- **स्वास्थ्यका बृहत निर्धारक तत्वहरुको सम्बोधन गर्ने**

स्वास्थ्यका निर्धारक तत्वहरुलाई सम्बोधन गर्न संस्थागत तथा नीतिगत व्यवस्था र बहुक्षेत्रीय सहकार्य गरिनेछ । व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि स्वस्थ्यकर जीवनशैलीको अभिवृद्धि र व्यवहार परिवर्तनलाई प्रवर्द्धन गरिनेछ । स्वास्थ्य क्षेत्रमा दिगो लगानी सुनिश्चित गरिनेछ । मानसिक तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्यका सामाजिक निर्धारकहरुको यथोचित सम्बोधन हुने गरी प्रादेशिक बहुक्षेत्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । जनस्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न विषादिको प्रयोग, सडक दुर्घटना, लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण र सूर्तिजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिले हानिकारक वस्तु सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ ।

- **नागरिकको जीवन पद्धतिको रुपमा योग र ध्यानको प्रवर्द्धन तथा आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिको विस्तार गर्ने**

योग तथा ध्यानलाई नागरिकको दैनिकी बनाउन विद्यार्थी, कर्मचारी लगायत आम नागिरकलाई योग ध्यानबारे प्रशिक्षित गरिनेछ । सामुदायिक योग हल एवम् खुल्ला व्यायामशालाहरुको निर्माण तथा विस्तार गरिनेछ । पोषण व्यवहार तथा जीवनशैली परिवर्तनका लागि समन्वय तथा साझेदारीबाट बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गरिनेछ ।

- **स्वास्थ्य प्रणालीलाई प्रभावकारी बनाउने**

उत्थानशील स्वास्थ्य प्रणालीको विकास गरी सुशासन सुनिश्चितता गरिनेछ । समग्र स्वास्थ्य क्षेत्रको सबलीकरणमा अन्तरसरकार, निजी क्षेत्र र विकास साझेदार संस्थासँग सहकार्यको अभिवृद्धि गरिनेछ । स्वास्थ्यमा संलग्न मानव संशाधनको जिम्मेवारी विश्लेषण तथा आवश्यकता पहिचान गरी थप एवं नयाँ कार्यजिम्मेवारी सहित आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ । स्वास्थ्य क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न आयोजना तथा क्रियाकलापमा हुने दोहोरोपना हटाइ श्रोत साधनको उच्चतम उपयोग गरिनेछ । स्वास्थ्य अनुसन्धानमा विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्दै स्वास्थ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाइनेछ ।

- **स्वास्थ्य क्षेत्रमा दिगो लगानी तथा सामाजिक सुरक्षा प्रवर्द्धन गर्ने**

बजेट विश्लेषण तथा सार्वजनिक खर्चको लेखाजोखा गरी स्वास्थ्य क्षेत्रमा हुने लगानी तथा खर्चको अनुगमनका आधारमा कम्तीमा दश प्रतिशत बजेट विनियोजनको सुनिश्चित गरिनेछ । निजी स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको वैज्ञानिक मूल्य निर्धारण गरी लागु गरिनेछ । कर्पोरेट सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत निजी क्षेत्रलाई स्वास्थ्यमा लगानी गर्न प्रेरित गरिनेछ ।

- **पोषणमैत्री जीवनशैली मार्फत जनस्वास्थ्य प्रवर्द्धन गर्ने**

गुणस्तरीय र स्वस्थकर खाद्य वस्तुको पहुँच र उपयोगमा वृद्धि गरिनेछ । कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहारको प्रवर्द्धन गरिनेछ । पोषण-विशेष तथा पोषण-संवेदनशील सेवाहरूको पहुँच र उपभोग बढाई स्वास्थ्य व्यवहारहरुमा सुधार ल्याइनेछ । अस्वस्थकर खाद्य पदार्थ उपभोग निरुत्साहित गर्ने र गुणस्तर नियन्त्रण गरिनेछ । जीवन चक्रको अवधारणा अनुसार महिला, बालबालिका, किशोरकिशोरीहरू र ज्येष्ठ नागरिकको पोषण स्थितिको लेखाजोखा गरिनेछ ।

### ४.५.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

**(क) विशेषज्ञ तथा विशिष्टीकृत सेवा विस्तार कार्यक्रम**

१. क्यान्सर, हृदय तथा मृगौला रोगका विशिष्टीकृत अस्पतालको स्थापना

२. मातृशिशु, महिला तथा बाल अस्पताल निर्माण

३. प्रदेशस्तरीय अस्पतालको निर्माण

४. उच्च भेगीय रोग व्यवस्थापन प्रशिक्षण केन्द्र स्थापना

५. फिजियोथेरापी र पुनःस्थापना केन्द्र सञ्चालन

६. विशेषज्ञ चिकित्सक परिचालन

७. विशेषज्ञ घुम्ती सेवा सञ्चालन

**ख) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पहुँच विस्तार कार्यक्रमः**

१. विस्तारित स्वास्थ्य सेवा (एक चिकित्सक / स्वास्थ्यकर्मी - एक स्वास्थ्य संस्था) कार्यक्रम

२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको विस्तार

३. प्रादेशिक आपत्कालीन स्वास्थ्य केन्द्र सुदृढीकरण

४. विपद् संवेदनशील प्राथमिक उपचार कक्ष निर्माण तथा विस्तार

५. स्वास्थ्य बिमा कार्यक्रम

६. सामाजिक सुरक्षा एकाइ सुदृढीकरण

७. आमा प्रतिक्षा गृह निर्माण

८. प्रदेश अस्पतालमा चिकित्सक सहितको आँखा उपचार सेवा विस्तार

९. क्षयरोग निदान तथा उपचार कार्यक्रम

१०. अत्यावश्यक औषधीहरूको व्यवस्थापन

११. आकस्मिक कोष सुदृढीकरण

१२. एम्बुलेन्स सेवा कार्यक्रम

१३. विद्यालय नर्स कार्यक्रम

**(ग) गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रमः**

१. स्वास्थ्य क्षेत्र सुशासन प्रवर्द्धन कार्यक्रम

२. स्वास्थ्य संस्था डिजिटलाइजेसन (कागजरहित स्वास्थ्य सेवा) कार्यक्रम

३. संस्थागत स्मृति प्रणाली (Institutional Memory) को विकास

४. चिकित्सकीय सम्परीक्षण (Clinical Audit) प्रणाली विकास

५. निरन्तर पेशागत विकास कार्यक्रम (Continuing Professional Development)

६. औषधी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना

**(घ) स्वास्थ्यका निर्धारक तत्वहरूको प्रतिकूल प्रभाव न्यूनीकरण कार्यक्रमः**

१. जुनोटिक रोग तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरण

२. एक स्वास्थ्य अवधारणा कार्यक्रम

३. जनस्वास्थ्य सचेतना कार्यक्रम

४. मानसिक तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण

५. एक स्थानीय तह एक मनोपरामर्शदाता कार्यक्रम

६. सङ्गितको माध्यमबाट स्वास्थ्य शिक्षा, सूचना तथा जनजागरण कार्यक्रम

७. जलवायु परिवर्तनबाट हुने स्वास्थ्य असर न्यूनीकरण

८. खानेपानी गुणस्तर सुधार तथा पानीजन्य रोगको निगरानी

९. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन

१०. विषादीको प्रयोग न्यूनीकरण तथा माटो र पोषणको अन्तरसम्बन्ध सम्बन्धी सचेतना कार्यक्रम

११. सडक दुर्घटना न्यूनीकरणका लागि पैरवी कार्यक्रम

**(ङ) आयुर्वेद, योग तथा वैकल्पिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रमः**

१. आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

२. आयुर्वेद चिकित्साको विकास तथा विस्तार

३. सामुदायिक योग तथा व्यावसायिक योग कार्यक्रम

४. आयुर्वेद स्वास्थ्य संस्था स्तरोन्नति

५. एक स्थानीय तह एक आयुर्वेद सेवा केन्द्र कार्यक्रम

६. प्रादेशिक आयुर्वेद औषधी उत्पादन कार्यक्रम

७. स्वास्थ्य प्रवर्द्धनका लागि जिम्मेवार नागरिक कार्यक्रम

८. स्वस्थ जीवनशैली तथा स्वस्थ नागरिक अभियान

९. नागरिक आरोग्यता कार्यक्रम

१०. योग केन्द्र तथा खुल्ला व्यायामशाला स्थापना

**(च) उत्थानशील स्वास्थ्य प्रणालीको विकास कार्यक्रमः**

१. स्वास्थ्य निकाय तथा संस्थाको सांगठनिक र व्यवस्थापकीय सर्वेक्षण

२. अस्पताल स्थापना तथा स्तरोन्नति

३. स्वास्थ्य क्षेत्र पूर्वाधार विकास

४. खोप कार्यक्रम सबलीकरण

५. मानव संसाधन व्यवस्थापन

६. स्वास्थ्यजन्य उपकरण र अन्य सामग्रीको आवश्यकता, उपलब्धता र सञ्चालनको अवस्था विश्लेषण तथा नियमित निरीक्षण पद्धतिको विकास

७. गुणस्तरीय स्वास्थ्य अनुसन्धानको प्रवर्द्धन

८. स्वास्थ्य सम्बन्धी कार्यक्रम मूल्याङ्कन

९. स्वास्थ्य सुधारमा व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) प्रवर्द्धन

**(छ) पोषण व्यवहार तथा जीवनशैली परिवर्तन कार्यक्रमः**

१. पोषण तथा स्वस्थ आहार सचेतना

२. कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहारको प्रवर्द्धन

३. पोषण - विशेष तथा पोषण-संवेदनशील कार्यक्रम

**(ज) सबल जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली र अनुसन्धान:**

१. नागरिक पञ्जीकरण र तथ्याङ्क प्रणाली (Civil Registration and Vital Statistics-CRVS) लाई सुदृढीकरण

२. स्वास्थ्य संस्था तथा नागरिक पञ्जीकरण र तथ्याङ्क प्रणालीबीच आवद्दता गराई जन्म र मृत्यु को विवरण अद्यावधिक गर्ने

३. आन्तरिक र बाह्य बसाइँसराइको सूचना स्थानीय तहमा संकलनका लागि सूचना व्यवस्थापन प्रणालीको विकास

४. जनसङ्ख्या सूचना व्यवस्थापन प्रणालीको स्थापना

**(झ) जनसाङ्ख्यिक लाभांश र संक्रमणकालीन अवस्थाको व्यवस्थापन:**

१. लैङ्गिक समता सुनिश्चित गरी आय-आर्जनका क्रियाकलापहरू प्रवर्द्धन

२. ज्येष्ठ नागरिकहरूको शारिरीक, मानसिक तथा आध्यात्मिक स्वास्थ्यको प्रवर्द्धन

३. अल्पसंख्यक समूह लक्षित स्वास्थ्य शिक्षा र आय-आर्जनका क्रियाकलापहरू सञ्चालन

४. जनसङ्ख्या र बसाइँ सराइ व्यवस्थापनको कार्ययोजना तयारी

### ४.५.६ दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आवद्धता

स्वास्थ्य तथा पोषणसँग सम्बन्धित रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरुबाट प्रादेशिक विकास तथा रुपान्तरणका १४ प्राथमिक क्षेत्रहरु मध्य सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभका लागि प्रत्यक्ष योगदान पुऱ्याउनेछ । नेपालको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकका रुपमा स्थापित गरेको सन्दर्भमा गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ ले दिशानिर्देश गरेनुसार गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सर्वव्यापी पहुँच कायम गर्दै अन्तराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन र स्वास्थ्य क्षेत्रका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गर्न तथा गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच कायम गर्न यसले सहयोग गर्नेछ ।

### ४.५.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

गण्डकी प्रदेशमा शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ८, पाँच वर्ष मुनिको बाल मृत्युदर २३ (प्रति हजार जीवित जन्ममा), पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर १९.७ प्रतिशत र दक्ष प्रसुतिकर्मीको सहयोगमा भएको जन्म दर ८९ प्रतिशत रहेको छ । मातृ मृत्युको सन्दर्भमा भने नेपालमा मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा १५१ रहेकोमा गण्डकी प्रदेशमा हाल १६१ रहेको छ । पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर सन् १९९६ र २०२२ को अवधिमा ५७ प्रतिशतबाट घटेर २५ प्रतिशतमा पुगेको छ भने गण्डकी प्रदेशमा २९ प्रतिशतबाट घटेर १९.७ रहेको छ र सन् २०३० सम्म १ मा झार्ने महत्वाकांक्षी लक्ष्य रहेको छ । मातृ तथा नवशिशु स्वास्थ्य र पोषणको क्षेत्रमा हस्तक्षेपाकारी कार्यक्रमहरुले स्वास्थ्य सूचकहरु सुधार गरी दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सहयोग पुऱ्याउनेछन् ।

### ४.५.८ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को उपलब्धि* | आ.व. २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| १ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | १६१ | १५० | १४० | १२० | १०० |
| २ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म | जना | ८ | ७ | ६ | 5 | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | २३ | २२ | २० | १८ | 17 |
| ४ | स्वास्थ्यमा हुने व्यक्तिगत व्ययभार (Health Related Out of Pocket expenditure) | प्रतिशत | ५७.४ | ५5 | ५0 | 48 | 45 |
| ५ | स्वास्थ्य संस्था मार्फत् प्रसूति सेवा लिने महिला | प्रतिशत | 75 | ९० | ९२ | ९४ | 95 |
| ६ | डि.पि.टि. हिब.हेप बी. तेश्रो खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | 109 | १०० | १०० | १०० | 100 |
| ७ | दादुरा रुबेला पहिलो खोप प्राप्त गर्न बालबालिका | प्रतिशत | ११६ | ९८ | ९९ | १०० | 100 |
| ८ | पुर्ण खोप प्राप्त गर्ने बालबालिका (राष्ट्रिय तालिका अनुसार) | प्रतिशत | ११६ | 100 | १०० | १०० | 100 |
| ९ | पहिचान भएका क्षयरोगी मध्ये उपचारको सफलता | प्रतिशत | ९0 | ९२ | ९५ | ९६ | 97 |
| १० | नयाँ एच.आइ.भी. संक्रमित वार्षिक संख्या | संख्या | २१० | २०० | 180 | १५० | 130 |

### ४.५.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

(रकम रु. हजारमा)

| विवरण | शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | १५०००००० | १८७००००० | २६१७२९० | २७४०३०३ | २८६९०९७ |
| | पुँजीगत | २००००० | ३३०००० | ७०९७५० | ७४३१०८ | ७७८०३४ |
| | **जम्मा** | १७०००००० | २२०००००० | **३३२७०४०** | **३४८३४११** | **३६४७१३१** |
| **स्रोत** | प्रदेश सरकार | - | - | २४३०५४० | २५४४७७५ | २६६४३८० |
| | संघीय अनुदान | - | - | ८९६५०० | ९३८६३५ | ९८२७५१ |
| | **जम्मा** | | | ३३२७०४० | ३४८३४११ | ३६४७१३१ |

### ४.५.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम

| लागत (रू. लाखमा) | अवधि (शुरू र समाप्ति) | हालसम्मको प्रगति स्थिति | आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने क्रियाकलाप |
|---|---|---|---|
| ७१० | सालबसाली | ४६० | · स्वास्थ्य वीमा कार्यक्रम<br>· क्यान्सर उपचार सहयोग कार्यक्रम<br>गर्भवति तथा सुत्केरी महिलाको जटिलता ब्यवस्थापनका लागि सुविधा सम्पन्न अस्पतालमा Air Lifting |
| २४३ | सालबसाली | ६३ | · रोगहरुको एकीकृत सर्भिलेन्स (Integrated surveillance) कार्यक्रम<br>· नसर्ने रोग [उच्च रक्तचाप, मधुमेह, मुटु रोग एवं मानसिक स्वास्थ्य लगायत] को व्यापकता पत्ता लगाई प्रभावकारी रोकथामको लागि प्रविधी [Artificial Intelligence] को प्रयोग गरी स्क्रिनिङ [Mass Screening] कार्यक्रम सञ्चालन<br>. स्वास्थ्य सूचकहरु सुधारका लागि अध्ययन अनुसन्धान |
| २८७१ | सालबसाली | १४१४ | · अस्पतालमा गुणस्तरीय सेवा संचालन एवं प्रवाहका लागि न्यूनतम स्वास्थ्य सेवा मापदण्ड [MSS] कार्ययोजना कार्यान्वयन एवं संचालन [Hospital Strengthening Programme]<br>· जन्मजात (Congenital) रोगहरुको पहिचान गर्न नवशिशु स्क्रिनिङ कार्यक्रम<br>· इमरजेन्सी ट्रमा केयर युनिटको स्थापना एवं सञ्चालन<br>· नि:सन्तान उपचार केन्द्र स्थापना तथा सञ्चालन<br>अपाङ्गता उपचार केन्द्रको स्थापना तथा सञ्चालन |
| ९९४ | सालबसाली | ४२६ | · नसर्ने रोग / मानसिक समस्याको स्क्रिनिङ तथा निगरानी<br>· सरुवा तथा खोप बाट बचाउन सकिने रोगको खोजपड्ताल, अभिमुखीकरण, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, प्रतिकार्य, स्याम्पल ढुवानी तथा RRT परिचालन<br>· मानसिक स्वास्थ्य सचेतना कार्यक्रम<br>· उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम<br>· एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजीटलाइजेसन<br>स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्बोधनका लागि विशेष कार्यक्रम |

| | | | |
|---|---|---|---|
| ३९१ | सालबसाली | १८८ | · स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालन<br>· पंचकर्म/पुर्वकर्म कार्यक्रम [सामग्री खरिद, संचालन एवं व्यवस्थापन]<br>· आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम<br>जडिबुटीबाट चूर्ण औषधि निर्माण (जडिबुटी खरिद) |
| ३१४ | सालबसाली | १९८ | · डायलायसिस सेवा सञ्चालन तथा निशुल्क एभी फिस्टुलाको व्यवस्थापन<br>अस्पतालमा गुणस्तरीय सेवा संचालन एवं प्रवाहका लागि न्यूनतम स्वास्थ्य सेवा मापदण्ड [MSS] कार्ययोजना कार्यान्वयन एवं संचालन [Hospital Strengthening Programme] |
| १११ | सालबसाली | ४८ | · क्षयरोग खोजपड्ताल कार्यक्रम<br>. क्षयरोग उपचार केन्द्रको सेवा तथा DOTS/DR/Microscopic /GeneXpert Center साथै DR Home/Hostel सुदृढीकरण |
| ४०३ | सालबसाली | १२२ | · नर्सिङ कर्मचारीहरुका दक्ष प्रसुतिकर्मी (SBA/SHP Modular Basis) तालिम<br>· नर्सिङ कर्मचारीहरुको लागि डायलाइसिस तालिम<br>General Training Skills (GTS) तालिम |
| ७०७ | सालबसाली | ६४२ | · आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद<br>· बायोमेडिकल उपकरण खरिद (जिल्ला, आधारभुत अस्पताल तथा आयुर्वेदिक केन्द्रहरुका लागि)<br>. महामारी एवं विपद प्रतिकार्यका लागि औषधि, कीट तथा अन्य औषधिजन्य सामग्रीको व्यवस्थापन |
| ६६ | सालबसाली | ४३ | · प्रयोगशाला सेवा विस्तारको लागि नमूना सङ्कलन केन्द्रहरू (Sample Collection Centers) को स्थापना तथा संचालन<br>· प्रयोगशाला सेवा [Hematology, Biochemistry, Endocrinology, Microbiology, Molecular Biology, Histopathology And Citology सर्ने र नसर्ने रोग समेत] ल्याव संचालनका लागि आवश्यक रिएजेन्ट, केमिकल तथा कन्जुमेवल्स खरिद प्रयोगशालाकर्मीहरुका लागि बायोसेफ्टी तथा बायोसेक्युरिटी सम्बन्धी कार्यक्रम |

### ४.५.११ सम्भाव्य जोखिम पक्ष

निर्देशिका, कार्यविधि, मापदण्डको व्यवस्था समयमै हुने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने र स्थानीय तहको सहभागिता आवश्यक मात्रामा भएको हुने अनुमान गरिएको छ । उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ ।

## ४.६ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

### ४.६.१ पृष्ठभूमि

प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग निर्माण, स्तरोन्नती, मर्मतसम्भार तथा नियमन, स्थानीय तहमा ट्राफिक व्यवस्थापन, सूचना प्रविधिको प्रवर्द्धन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन प्रदेश सरकारको पूर्वाधार विकास सम्बन्धी अधिकार सूचीमा समावेश गरेको छ । साथै, वैकल्पिक यातायात प्रवर्द्धन, सहरी विकास योजना तर्जुमा, भवन आवास तथा सहरी पूर्वाधार निर्माण सञ्चालन र मर्मत सम्भार, सुरक्षित बसोबास तथा जग्गा एकीकरण सम्बन्धी नीति योजना तथा कार्यक्रम कार्यान्वयन जस्ता विषयहरू प्रदेश सरकारको पूर्वाधार विकास सम्बन्धी अधिकार सूचीमा समावेश रहेका छन् ।

संवैधानिक तथा कानुनी व्यवस्था अनुसार प्रदेशमा सडक, यातायात, भवन, आवास, बस्ती तथा सहरी विकास, सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार, स्तरोन्नति सम्बन्धी कार्यलाई योजनाबद्ध, नतिजामूलक, लागत प्रभावकारी सुव्यवस्थित रूपमा सञ्चालन गरी आर्थिक तथा सामाजिक विकास र सेवा प्रवाहमा आधार प्रदान गर्न तथा टेवा पुर्याउन मन्त्रालयले जिम्मेवार रही कार्यसम्पादन गर्दछ ।

### ४.६.२ प्रमुख कार्यक्षेत्र

- पूर्वाधार विकास क्षेत्रको नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन,
- प्रदेश भित्रको एकभन्दा बढी स्थानीय तह र एक प्रदेश मात्र समेटिने आयोजना,
- प्रदेशस्तरका सडक, सडकपुल तथा झोलुङ्गे पुल र समग्र प्रदेशको यातायात व्यवस्थापन ।

### ४.६.३ प्रमुख सवाल तथा चुनौती

**सडक तथा यातायात पूर्वाधार**

सडक सञ्जालको विकास विस्तार र स्तरोन्नती गर्नु; राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यापारिक तथा पर्यटकिय केन्द्रलाई रेलमार्ग, छोटो सडक मार्ग र सुरुङ मार्ग आदिले जोड्नु; वैकल्पिक यातायात पूर्वाधार सेवा तथा सुविधाको विकास र विस्तार गर्नु; प्रदेशभित्रका विमानस्थलको नियमित सञ्चालनमा ल्याउनु; सार्वजनिक यातायातलाई सुव्यवस्थित र सुरक्षित बनाउनु; यातायात प्रणालीलाई सुरक्षित तथा लक्षित वर्ग मैत्री बनाउनु ।

**यातायात व्यवस्थापन**

सार्वजनिक यातायातलाई सुव्यवस्थित र सुरक्षित बनाउनु, सवारी साधनबाट हुने प्रदूषण न्यूनीकरण गर्नु, यातायात प्रणालीलाई सुरक्षित तथा लक्षित वर्ग मैत्री बनाउनु, सार्वजनिक सवारीको भाडादरलाई वैज्ञानिक एवम् व्यवस्थित तुल्याउनु; वातावरणमैत्री तथा गुणस्तरीय मास ट्रान्सपोर्टको व्यवस्था गर्नु; अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक तथा महिलामैत्री यातायात प्रणालीको विकास र सडक दुर्घटना न्यूनीकरण गर्नु ।

**भवन, आवास, बस्ती तथा सहरी विकास**

सहर, बजार र बस्तीहरूलाई योजनाबद्ध र व्यवस्थित बनाउनु, सन्तुलित, सुरक्षित तथा एकीकृत बस्ती विकास गर्नु; प्रमुख सहरी क्षेत्रमा जनसङ्ख्याको अधिक केन्द्रीकरण र दवावलाई कम गर्नु, भौगोलिक रूपमा जनसाङ्खिक असन्तुलनलाई कम गर्न उपयुक्त स्थानहरूमा व्यवस्थित र योजनाबद्ध रूपमा बस्ती विकास तथा सहरी पूर्वाधारको निर्माण गर्नु; एकीकृत आवास तथा बस्ती विकास गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधियुक्त, सुरक्षित प्रदूषणमुक्त, दिगो तथा व्यवस्थित सहरको विकास गर्नु; सडक, स्मार्ट यातायात, गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधा, विद्युत् तथा सूचना प्रणालीमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु; प्रविधिमा आधारित उत्पादन प्रणाली एवम् गतिशील आर्थिक गतिविधियुक्त, सुरक्षित, प्रदूषणमुक्त र दिगो तथा व्यवस्थित सहरको विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**४.६.४ रुपान्तरणकारी रणनीति**

सडक तथा यातायात पूर्वाधार

- पूर्वाधार नीति,योजना तथा मापदण्डको तर्जुमा र परिपालना गर्ने;
- पूर्वाधार विकास योजनाको प्रभावकारी व्यवस्थापन गर्ने;
- प्रादेशिक सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने;

**यातायात व्यवस्थापन**

- यातायात सेवालाई गुणस्तरीयता अभिवृद्धि गर्ने;
- सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सार्वजनिक निजी साझेदारीमा यातायात सेवालाई आधुनिक, प्रविधि, यात्रुमैत्री तथा सुरक्षित बनाउने;

- यातायातलाई पहुँचयोग्य बनाउन र यातायात खर्च घटाउन सञ्जालीकृत यातायात प्रणालीको विकास गर्ने;
- अन्तरनिकाय समन्वयमा सडक सञ्जालसँग आबद्ध हुने युटिलिटी करिडोरको विकास र विस्तार गर्ने

भवन, आवास, बस्ती तथा शहरी विकास

- आवास, बस्ती तथा सहरी विकास पूर्वाधारको विकास, स्तरोन्नति र व्यवस्थापन गर्ने;
- चक्रीय अर्थतन्त्रमा आधारित सहरी र ग्रामीण क्षेत्रका बस्तीहरूमा न्यूनतम पूर्वाधारहरूको निर्माण तथा विकास गर्ने;
- भवन तथा आवास सम्बन्धी पूर्वाधार तथा संरचनालाई दिगो बनाउन प्रकृतिमा आधारित समाधान (Nature-Based Solution) पद्धति अवलम्बन गर्ने;
- बस्ती तथा सहरी विकासका लागि तहगत सरकार तथा निजी क्षेत्रबिच साझेदारी तथा सहकार्य अभिवृद्धि गर्नेः

**४.६.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

सडक तथा यातायात पूर्वाधार

- प्रादेशिक सडक निर्माण,स्तरोन्नति तथा मर्मतसम्भार
- सडक पुल तथा झोलुङ्गेपुल निर्माण तथा मर्मतसम्भार
- रज्जुमार्ग, केवलकार, सुरुङमार्ग, पोड- वे जस्ता वैकल्पिक यातायात प्रणालीको विकास

यातायात व्यवस्थापन

- सूचना प्रविधिमा आधारित यातायात सेवा व्यवस्थापन कार्यक्रम
- विद्युतीय सवारी साधन प्रवद्धन कार्यक्रम
- सार्वजनिक यातायात सुदृढीकरण कार्यक्रम

भवन, आवास, बस्ती तथा शहरी विकास

- एकीकृत तथा व्यवस्थित बस्ती विकास कार्यक्रम

- उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवास विकास कार्यक्रम
- प्रादेशिक पहिचानयुक्त प्रदेशको प्रमुख प्रशासनिक केन्द्र निर्माण आयोजना

**४.६.६ दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आवद्धता**

विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको भौतिक पूर्वाधारको विकास विस्तार मार्फत देशको समग्र उत्पादन र उत्पादकत्व तथा परिवहनमा सकारात्मक सहयोग गरी समग्र अर्थतन्त्र सुदृढ वनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । प्रदेशको पर्यटन,कृषि तथा उद्योगको विकासमा भौतिक पूर्वाधार विकासको महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । उत्पादित वस्तु तथा सेवालाई सहज रुपमा वजारमा पुर्‍याउनुका साथै पर्यटनको लागि उचित सेवा सुविधा पुर्‍याउन सहयोग पुग्नेछ । दिगो तथा उत्थानशील पूर्वाधारको मुख्य आधार पूर्वाधार विकास रहेको छ ।

**४.६.७ दिगो विकास लक्ष्य कार्यान्वयनसगँको आवद्धता**

दिगो विकासका लक्ष्यहरु गरिवी उन्मूलन, भोकमरी अन्त्य, समावेशी दिगो र फराकिलो आर्थिक वृद्धि, बलियो पूर्वाधार तथा दिगो औद्योगिकीकरण, असमानता अन्त्य, समावेशी सुरक्षित र दिगो मानववस्ती, दिगो उपभोग र उत्पादन लगायतका लक्ष्यमा सडक, सडकपुल, आवास तथा यातायात क्षेत्रको विकास मार्फत महत्वपूर्ण योगदान पुग्ने दखिन्छ ।

**४.६.८ त्रिवर्षीय नतिजा सूचक**

| क्र. सं. | सूचक | एकाइ | २०८०/८१ (यथार्थ उपलब्धि) | २०८१/८२ (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८3/८४ | २०८४/८५ |
| १ | कालोपत्रे सडक | कि.मी. | २३३ | १३५ | १५० | १६० | १८० |
| २ | ग्राभेल सडक | कि.मी. | ९७ | ५० | ७० | ८५ | ९० |
| ३ | कच्ची सडक | कि.मी. | ५५ | ३० | ५० | ६५ | ८० |
| ४ | सडक पुल निर्माण | संख्या | २१ | १५ | १८ | २० | २२ |
| ५ | झोलुङ्गे पुल निर्माण | संख्या | १९ | १० | १३ | १५ | १८ |
| ६ | भवन (निर्माण / मर्मत | संख्या | २८ | २५ | २८ | ३० | ३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सवारी साधन दर्ता (दुई पाङ्ग्रे) | संख्या | ११४६७ | १५००० | १६००० | १८००० | २०००० |
| ८ | सवारी साधन दर्ता (चार पाङ्ग्रे) | संख्या | १६८५ | १८०० | १९०० | २००० | २२०० |
| ९ | सवारी साधन राजस्व | रकम रू. हजारमा | २३५९३०१ | २५००००० | २८००००० | २९००००० | ३०००००० |

## ४.६.९ त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान (रु हजारमा)

| विवरण | शिर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२ (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **खर्च** | चालु | २८८१६८ | ३७६१८० | ४९७३९० | ५१२३१२ | ५२७६८१ |
| | पुँजीगत | ८७३९१९६ | १११५०६११ | ११४८३५१८ | ११८२८०२४ | १२१८२८६४ |
| | **जम्मा** | **९०२७३६४** | **११५२६७९१** | **११९८०९०८** | **१२३४०३३६** | **१२७१०५४५** |
| स्रोत | प्रदेश सरकार | - | - | २५४२१०८ | २६१८३७१ | २६९६९२२ |
| | संघीय अनुदान | - | - | ९४३८८०० | ९७२१९६५ | १००१३६२३ |
| | **जम्मा** | - | - | **११९८०९०८** | **१२३४०३३६** | **१२७१०५४५** |

### ४.६.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम

| ब.उ. शि.नं. | आयोजना/कार्यक्रम | बजेट विनियोजन (रू.लाखमा) | अवधी | हालसम्मको प्रगति स्थिति | आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गतका ३६ सडक आयोजनाहरुको कुल २३१ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन् । | प्रादेशिक यातायात गुरुयोजना निर्माण गरी निर्माण सम्पन्न भएका सडकको नियमित तथा आवधिक मर्मत तथा स्तरोन्नति गर्दै यातायात पहुँचमा सुधार गरि समग्र प्रदेशको आर्थिक सामाजिक विकास गर्ने । |
| ३३७०१०१२ | स्थानीय तहको केन्द्र जोड्ने सडक कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रम अन्तर्गत कुल २१६ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन्। | स्थानीय तहको केन्द्र जोड्ने सडकलाइ उपलब्ध स्रोत र साधनको अधिनमा रही स्तरोन्नति गर्ने । सबै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | प्रादेशिक सडक "क" वर्ग कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | प्रादेशिक सडक "क" वर्ग कार्यक्रम अन्तर्गत कुल ५५ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन्। | सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिने, ग्रेड मिलाइने, नाली निर्माण गरिने छ । सडकको सतह धुलेबाट क्रमशः ग्राभेल हुँदै कालोपत्रे गरिने छ । |
| ३३७०१०१२ | प्रादेशिक सडक ख वर्ग कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | यस कार्यक्रम अन्तर्गतका सडकको कुल ३५ कि.मि.सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन्। | सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिने, ग्रेड मिलाइने, नाली निर्माण गरिने छ। |
| ३३७०१०१२ | प्रादेशिक सडक ग वर्ग कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | यस कार्यक्रम अन्तर्गतका सडकको कुल १७ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन् । | पहिचान भएका आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | सडक पुल निर्माण तथा संभार कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | प्रदेश स्थापना भए पश्चात सडक पुल कार्यक्रम अन्तर्गत १०४ वटा सडक पुलको निर्माण कार्य सम्पन्न भएका छन् । हाल ६५ वटा सडक पुल निर्माणाधीन अवस्थामा छन् भने २५ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदन तयारीको प्रक्रियामा रहेका छन् । | प्रदेशभित्र नयाँ सडक पुल पहिचान तथा प्राथमिकीकरण गरिने, प्राथमिकताका आधारमा विस्तृत आयोजना प्रतिवेदन तयार गरिने, प्रदेशभित्रका सडक पुलको आवश्यकता अनुसार पहिचान गरी निर्माण ,मर्मत र प्रवलिकरण हुने तथा स्तरोन्नति गरिएका सडकहरुमा पर्ने पुल पुलेसा निर्माण गरी सर्वायाम यातायात पहुँच सुधार गरिने । |
| ३३७०१०१२ | झोलुङ्गे पुल निर्माण तथा सुधार कार्यक्रम | | आ.व. २०७६/७७ देखि शुरु भएको | प्रदेश स्थापना भए पश्चात झोलुङ्गे पुल अन्तर्गत ८४ पुलको निर्माण सम्पन्न भएका छन् ११७ वटा झोलुङ्गेपुलको निर्माणका लागि तयारी भइरहेको छ । | सडक संजाल नपुगेका बस्तीहरूमा झोलुङ्गे पुलको आवश्यकता र प्राथमिकताका पहिचानको विस्तृत विवरण सहितको प्रतिवेदन तयार गरिने, निर्मित झोलुङ्गे पुलको नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मर्मतसम्भार हुने । |
| ३३७९११२९ | ग्रामिण सडक संजाल सुधार आयोजना-ए एफ | | आ.व. २०७८/७९ देखि शुरु भएको | ५ वटा सडक मध्ये ४ वटा को ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको | बाँकी रहेको सडकको ठेक्का प्रक्रिया शुरु हुने |
| ३३७०४०११ | शहरी विकास तथा भवन निर्माण सम्बन्धी | | आ.व. २०७६/७७ देखि शुरु भएको | प्रदेश र स्थानीय तहको सहलगानीमा शहीद पार्क तथा मनोरञ्जन स्थल, सार्वजनिक शौचालय र कास्कीको माछापुच्छ्रे, स्याङ्गजाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङ्गको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङ्गको घरपझोङ गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको छ । | आवश्यकता पहिचान गरी शहरी विकास र सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत संभार कार्यलाई प्रथमिकता दिइने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७०४०११ | गैर आवासीय भवन निर्माण | | आ.व. २०७६/७७ देखि शुरु भएको | विभिन्न जिल्लामा प्रादेशिक सरकारी भवन निर्माण तथा मर्मत सम्भारको कार्य सम्पन्न गरिएको छ। कास्कीस्थित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण अन्तिम चरणमा पुगेको छ। | |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | | सालबसाली | यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र, कास्कीमा नयाँ तथा पुरानो Liscence नविकरणको दस्तुर online payment बाट हुने व्यवस्था भएको छ । चालु आ.व.मा रु. २३५९३०१७७८ राजस्व संकलन भएको छ । | License को छपाई प्रदेशबाट गरिने, Bluebook Renew online माध्यमबाट हुने प्रबन्ध मिलाइने, सवारी जाँचपास अनिवार्य गरिने । |

### ४.६.११ सम्भाव्य जोखिम पक्ष

मन्त्रालयले सडक, सडकपुल, भवन, झोलुङ्गे पुल जस्ता पूर्वाधार क्षेत्रमा कार्य गर्दै आएकोमा निर्धारण गरिएको लक्ष्य हासिल गर्नको लागि प्रयाप्त स्रोत, साधनको अभाव हुन सक्ने जोखिम देखिएको छ । मन्त्रालयलाई आवश्यक पर्ने भन्दा कम मात्रमा बजेट उपलब्ध हुने, दक्ष जनशक्ति प्रयोगशालाको अभाव, सवारी साधानको अभाव, निर्माण व्यवसायीको ढिलासुस्ती आदि कारणले गर्दा तोकिएको लक्ष्य हासिल हुन नसकेको देखिन्छ ।

## ४.७ उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

### ४.७.१ पृष्ठभूमि

प्रदेश भित्र अपार जलस्रोतको उपलब्धता छ तर यसको समयानुकूल उपयोग हुन सकेको छैन । जलविद्युत, सिँचाइ, खानेपानी, औधौगिक र पर्यटकीय प्रयोजनमा यसको भरपुर उपयोग गरि जलस्रोतलाई प्रदेश सम्वृद्धिको प्रमुख आधारको रुपमा स्थापित गर्नुपरेको छ । प्रदेशमा २०८१ फाल्गुनसम्म ९९८.०० मे.वा. विद्युत उत्पादन हुन्छ । प्रदेशमा राष्ट्रिय प्रसारण लाईन तथा नवीकरणीय ऊर्जा मार्फत बत्ती बाल्नलाई आधुनिक ऊर्जाको प्रयोग गर्ने घरधुरी ९९.८० प्रतिशत पुगिसकेको छ र अझै २ वटा स्थानीयतह (नर्पाभुमी र चुमनुब्री) मा राष्ट्रिय विद्युत् प्रसारण लाइन पुग्न सकेको छैन । विद्युत वितरण सम्बन्धी पूर्वाधारको अभावले गर्दा प्रदेश भित्र औधोगिक प्रयोजनलाई चाहिने आवश्यक विद्युत सुविधा धेरै ठाउँमा उपलब्ध हुन सकेको छैन ।

प्रदेशको कार्य क्षेत्रमा १ देखि २० मे.वा. सम्मको जलविद्युत्, १ मे.वा. सम्मको सौर्य र वायु ऊर्जाको उत्पादन, ११ किलो भोल्टसम्मको विद्युत् प्रसारण लाइन रहेको छ । यस प्रदेशमा पहिचान भएका प्राविधिक र आर्थिक रुपमा सम्भाव्य जलविद्युत् उत्पादन क्षमता ५,२७० मेगावाट रहेको छ । गण्डकी प्रदेशमा प्रचुर मात्रामा उपलब्ध जलस्रोत, नवीकरणीय ऊर्जा लगायतका प्राकृतिक स्रोतहरुको उपयोग गर्न र प्रदेशवासीलाई वातावरण मैत्री, स्वच्छ, भरपर्दो, गुणस्तरीय एवम सुरक्षित विद्युत् सेवा उपलब्ध गराउनको लागो प्रदेश विद्युत विकास विधयेक, २०८१ गण्डकी प्रदेश सभामा दर्ता भएको छ ।

जलस्रोतको दिगो उपयोग गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एवम् सिँचाइ प्रणालीको निर्माण तथा जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न प्रदेश सिँचाइ ऐन तथा तत्सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन भैरहेको गण्डकी प्रदेशमा कुल खेती योग्य जमिन जम्मा ४,८७,५७८ हेक्टर रहेकोमा सोको ७२.१० % मात्र खेती भईरहेको छ । प्रदेशको सिंचाइयोग्य जमिन २,७२,६३० हेक्टर रहेको छ, जुन खेती भईरहेको जमिनको जम्मा ७७.५% हुन्छ । कुल सिंचाइ योग्य जमिन मध्ये आधुनिक सिंचाइको पूर्वाधार बिस्तार भएको जमिन ६९,१२२ हेक्टरमात्र छ, जुन कुल सिंचाइ योग्य जमिनको जम्मा २५.३५ % हो र

खेतिभैरहेको जमिनको १९.६६% हो । सिंचित जमिन मध्ये पनि जम्मा ३५,५१८ हेक्टरमा बाह्रै महिना सिंचाइ सुबिधा पुगेको छ ।

यस प्रदेशमा जम्मा १३२.५३ कि.मि. तटबन्धन निर्माण भएको छ । त्यसैगरि जग्गा उकास कार्य जम्मा ३,४०६ हेक्टर पुगेको छ । प्रदेशमा आधारभूत खानेपानी सुविधा प्राप्त जनसंख्या करिब ९५ प्रतिशत रहेकोमा मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या जम्मा २५ प्रतिशत रहेको छ ।

### ४.७.२ प्रमुख कार्यक्षेत्र

उर्जा क्षेत्रमा

- प्रदेशस्तरको ऊर्जा सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजाना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, संचालन, मर्मत, सम्भार, समन्वय र नियमन,
- प्रदेशस्तरमा ऊर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- ऊर्जा, विद्युत विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

जलस्रोत क्षेत्रमा

- प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण संचालन, सम्भार र व्यवस्थापन ।
- प्रदेशस्तरको सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, संचालन, मर्मत, सम्भार, समन्वय र नियमन
- प्रदेशस्तरमा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन
- सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन
- प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन र व्यवस्थापन
- प्रदेश भित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन

- प्रदेशभित्रको जलश्रोत उपयोग हुने आयोजनहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वन, अनुगमन र सञ्चालनमा समन्वन
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन

खानेपानी क्षेत्रमा

- सहरी एवम् ग्रामीण बस्तीमा स्वच्छ, गुणस्तरीय, सर्वसुलभ, सुरक्षित रुपमा खानेपानी आपुर्ति गरी जनस्वास्थ्यको प्रवर्द्धन गर्ने ।
- प्रदेश खानेपानी तथा सरसफाई ऐन, तत्सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड जारी गर्ने ।

### ४.७.३ प्रमुख सवाल तथा चुनौती

- जलस्रोतको विकास, बहुउपयोग र संरक्षण गर्नु:
- विद्युत तथा स्वच्छ ऊर्जाको उपयोग बढाउनु:
- बहुउपयोगी परियोजना पहिचान, प्रोत्साहन र विकास गर्नु:
- जलस्रोत तथा विद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षण गर्नु:
- सिँचाइ सुविधा विकास तथा विस्तार गर्नु:
- खेतियोग्य जमिन, बस्ती, भौतिक संरचना, सांस्कृतिक सम्पदा र मानवजन्य जोखिम तथा नोक्सानीका घटनाहरू बढ्दै जानु:
- नदी डाइभर्सन, कृत्रिम ताल, सतह र भूमिगत सिँचाइको संयोजनात्मक उपयोग लगायतका ठुला तथा बहुउद्देश्यीय आयोजना निर्माण र विस्तार गर्नु:
- खानेपानी सुविधाको विस्तार तथा गुणस्तर वृद्धि गर्नुः
- खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी पूर्वाधार र सुविधालाई दिगो, उत्थानशील तथा वातावरणमैत्री बनाउनुः
- पानीको पुनर्भरणको व्यवस्था गर्नुः
- क्रमागत तथा सम्पन्नउन्मुख खानेपानी आयोजनालाई प्राथमिकताका साथ समपन्न गर्नुः

#### ४.७.४ रुपान्तरणकारी रणनीति

- **जलस्रोत विकासमा एकीकृत प्रणाली अवलम्बन गर्ने:** जलस्रोत विकास तथा व्यवस्थापनलाई नदी बेसिन, एकीकृत जलस्रोत व्यावस्थापन अवधारणा तथा अध्ययन, अनुसन्धान र नवप्रवर्तन, प्रविधि र अभ्यासमा आधारित बनाइने छ ।
- **जलस्रोत विकास र प्रयोगलाई बहुउद्देश्यीय र नवीन प्रविधिमा आधारित बनाउने:** सरकारी, प्राज्ञिक र अनुसन्धान संस्थाहरूको सहकार्यमा अनुसन्धान तथा विकासबाट जलस्रोतको क्षेत्रमा विकास भएका नवीन प्रविधि तथा अभ्यासलाई संरचना निर्माण, विकास तथा संचालनमा प्रयोगको व्यवस्था मिलाइनेछ । जलाशय, विद्युत, सिँचाइ तथा खानेपानी आयोजना विकास र विस्तारमा प्राथमिकता साथ लगानी र कार्यान्वयनको व्यवस्था गरिने छ । जलविद्युत र सौर्य ऊर्जा सम्बन्धी आयोजना निर्माणमा निजी र वैदेशिक लगानी आकर्षित हुने गरी व्यवस्थापन गरिने छ ।
- **विद्युत उत्पादन, प्रसारण र उपयोग प्रणालीको सुद्रिढकरण गर्ने:** विद्युत ऊर्जाको अध्ययन, उत्पादन, प्रसारण, वितरण र संचालनमा निजी क्षेत्रको लगानी आकर्षण गरिने छ । सरकारी, निजी र वैदेशिक लगानीमा संचालन गरिने जलविद्युत आयोजनाहरूमा स्रोत परिचालनका लागि नवीनतम वित्तीय उपकरणको अवलम्बन गरिने छ । जलाशययुक्त आयोजना संचालनमा सहजीकरणका लागि पहुँचमार्ग निर्माण तथा स्तरोन्नति, जलाधार तथा विकासका पूर्वाधार संरक्षण, जग्गा प्राप्ति र क्षतिपूर्ति, नापी तथा कित्ताकाट जस्ता कार्यमा सहजीकरण गरिने छ ।पेट्रोलियम पदार्थ र एल.पि. ग्याँसको प्रयोग खपत घटाउन विद्युतको पहुँच विस्तार तथा उपयोग बढाउन प्रोत्साहन गरिने छ ।विद्युत प्रसारण तथा वितरण लाइनको विस्तार तथा स्तरोन्नति गर्न साझेदारी र सहकार्य गरिने छ । सौर्य, वायु, साना तथा लघु जलविद्युत जस्ता नवीकरणीय तथा वैकल्पिक ऊर्जालाई ऊर्जा मिश्रणको अवधारणाबाट विकास, विस्तार र प्रोत्साहन गरिने छ ।
- **जलस्रोतको दिगो तथा बहुउपयोगलाई प्राथमिकता प्रदान गर्ने:** जलाशययुक्त तथा बहुउद्देश्यीय विद्युत उत्पादन आयोजनालाई प्राथमिकता प्रदान गरिने छ ।विद्युत, खानेपानी, सिँचाइ, पर्यटन, सडक र आवासलाई एकिकृत हुने गरी बहुउद्देश्यीय आयोजनाहरूको विकास तथा संचालन गरिने छ ।सतह सिँचाइ सम्भावना नभएका क्षेत्रहरूमा भूमिगत, लिफ्टिङ एवम् यान्त्रिक प्रविधि तथा बीना चालु खर्च पानी तान्ने प्रविधि जस्ता नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास र विस्तार गरिने छ ।
- **सिँचाइ पूर्वाधारका बहुउद्देश्यीय आयोजना पहिचान, विकास तथा निर्माण गर्ने:** भित्री मधेशमा भूमिगत सिँचाइ प्रणाली प्रवर्द्धन र पहाडी क्षेत्रमा लिफ्ट प्रणालीमा आधारित सिँचाइ

प्रणालीलाई प्राथमिकता दिइने छ । निर्मित सिँचाइ संरचना तथा सुविधाको समयबद्ध मर्मत सम्भार कार्ययोजना तयार गरी नियमित मर्मत सम्भारको व्यवस्था गरिने छ ।

- **तहगत सरकार तथा सरोकारवाला बीच साझेदारी अभिबृद्धि गर्ने:** तीन तहका सरकारबीच पूर्वाधार विकास, निर्माण तथा मर्मत सम्भारमा आपसी समन्वय कायम गरिने छ । पूर्वधार निर्माण तथा विकासमा निजी क्षेत्रको पुँजी, प्रविधि तथा क्षमता परिचालन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिने छ । सार्वजनिक- निजी साझेदारी अन्तर्गत पूर्वाधार निर्माण, विकास तथा संचालन सम्बन्धी आयोजनामा निजी क्षेत्रलाई आकर्षित गरिने छ।
- **खानेपानी सुविधाको विस्तार र गुणस्तर अभिवृद्धि गर्ने:** खानेपानी सेवासम्बन्धी संरचना निर्माण तथा सुविधा विस्तार गर्दा परम्परागत र पुरातात्विक महत्व बोकेका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी नदीनाला एवम् अन्य जलाधार क्षेत्रको पहिचान तथा संरक्षण गरिने छ । सतही तथा भूमिगत जलस्रोतको पहिचान, संरक्षण, पानीको पुनर्भरण र एकीकृत उपयोग तथा पुनः उपयोगलाई प्रोत्साहन एवम् प्रवर्द्धन गरिने छ ।
- **खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आयोजना व्यवस्थापनमा वैकल्पिक प्रविधि, वित्तीय स्रोत तथा संयन्त्रको परिचालन गर्ने:** खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आयोजना निर्माण, विस्तार, स्तरोन्नति, मर्मतसम्भार र तहगत आपसी समन्वय र सहकार्य गर्दै वैकल्पिक प्रविधि, वित्तीय स्रोत तथा संयन्त्रको परिचालनमा जोड दिइने छ। खानेपानी र सरसफाइ व्यवस्थापनको लागि स्थानीय समुदायको सहभागितालाई सुदृढ गरिनेछ ।
- **खानेपानी तथा सरसफाइ क्षेत्रका आयोजनाको प्रभावकारी व्यवस्थापन गर्ने:** योजना चक्रका सम्पूर्ण चरणलाई वस्तुगत, अनुमानयोग्य र नतिजामुखी बनाउन नीतिगत, कानुनी र संस्थागत व्यवस्था सहित प्रदेश आयोजना व्यवस्थापन प्रणाली विकास तथा सुदृढ गरिनेछ । प्रदेश गौरव, हस्तक्षेपकारी तथा प्राथमिकता प्राप्त आयोजनाको सम्भाव्यता अध्ययन, प्राथमिकीकरण, छनौट, बजेट र कार्ययोजनाबीच तादात्म्यता कायम गरिनेछ। नयाँ योजनाको थालनीमा भन्दा निर्मित खानेपानी योजनाको नियमित मर्मत सम्भार र सुधार विस्तारमा जोड दिइने छ ।
- **क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्ने:** क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्न प्रयाप्त स्रोतको प्रबन्ध गरिने छ। आधारभूत खानेपानी सुबिधाको पहुँच नपुगेको क्षेत्रमा मात्र अन्तरसरकार तथा विकास साझेदार संस्थासँगको साझेदारीमा नयाँ आयोजनाको प्रस्ताव गरी सञ्चालन व्यवस्था गरिनेछ।
- **मर्मत सम्भारको आयोजनालाइ प्राथमिकताकासाथ कार्यान्वयन गर्ने:** आधारभूत स्तरको खानेपानीको सुविधा ९५% पुगिसके पनि NWASH-MIS को तथ्यांकअनुसार ४२.६% मा मात्र

पर्याप्त मात्रामा पानी पुगेको देखिन्छ । नयाँ आयोजना मागमा बढेको चापइ घटाउन र भैरहेको आयोजनलाई उच्चतम प्रतिफल दिनेगरी उपयोग गरेर प्रादेशिक खर्च समेत घटाउन सकिने हुँदा मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण लाइ प्रथामिकता दिएर कार्यान्वयन गर्ने रणनीति लिएको छ ।

**४.७.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

(क) एकीकृत जलस्रोत ब्यवस्थापन कार्यक्रम:

- एकीकृत जलस्रोत बिकास आयोजना रणनीति तर्जुमा
- बहुउद्देश्यीय जलस्रोत विकास आयोजना पहिचान, सम्भाव्यता अध्ययन र विकास
- आयोजना निर्माण, संचालन तथा ब्यबस्थापन
- नदी बहाब अवरोध संरचना (Check Dam) निर्माण आयोजना
- जलस्रोत संरक्षण, उपयोग तथा पुनर्भरण

(ख) विद्युत् उत्पादन तथा सेवा विस्तार कार्यक्रम:

- विद्युत् आयोजना पहिचान, सम्भाव्यता अध्ययन, आयोजना विकास र संचालनमा सहयोग र सहजीकरण
- सङ्घीय सरकारसंगको समन्वयमा विद्युत् लाईन विस्तार तथा क्षमता अभिवृद्धि
- विद्युत् नपुगेका स्थान तथा घरधुरीमा विद्युत् सेवा विस्तार तथा स्तरोन्नति सहयोग र सहजीकरण
- विद्युत उत्पादन, वितरण र संचितिमा नयाँ प्रविधिको प्रयोग एबम् नविनतम वित्तीय उपकरण अबलम्बन
- विद्युत चुहावट नियन्त्रण

(ग) नवीकरणीय ऊर्जा प्रबर्द्धन कार्यक्रम

- लघु तथा साना जलविद्युत आयोजना निर्माण, स्तरोन्नति, मर्मतसम्भार र राष्ट्रिय प्रसारणमा जडान
- सोलार प्रणाली जडान र मर्मतसम्भार तथा संचालन
- सुधारिएको तथा विद्युतीय चुल्हो प्रबर्द्धन र विस्तार
- सामुदायिक बायोग्याँस प्लान्ट जडान तथा प्रबर्द्धन

- बायोग्याँस तथा बायोडिजेल उत्पादन तथा प्रबर्द्धन

(घ) विद्युत उपयोग प्रबर्द्धन कार्यक्रम

- घरायसी ऊर्जाको रुपमा प्रयोग हुने दाउरा तथा एल. पि. ग्याँस विस्थापनका लागि विद्युतिय चुल्होको प्रयोग
- डिजेल तथा पेट्रोलमा आधारित मिल तथा प्लान्टको विस्थापन प्रबिधि तथा प्लान्ट जडानमा सहयोग
- विद्युतीय सार्वजनिक तथा निजी सवारी साधनको प्रयोग सहजीकरण तथा प्रोत्साहन

(ङ) स्मार्ट सडक बत्ती जडान तथा विस्तार कार्यक्रम

- प्रदेश राजधानी, जिल्ला सदरमुकाम, स्थानीय तहको प्रशासनिक केन्द्र तथा अन्य सहर, बजार र गाउँ/बस्तीका केन्द्रमा सोलार प्रणाली तथा विद्युत् मा आधारित सडक बत्ती जडानसम्बन्धी सम्भाव्यता अध्ययन
- नयाँ प्रबिधिमा आधारित स्मार्ट सडक बत्ती आयोजना विकास तथा निर्माण
- स्मार्ट सडक बत्ती विस्तार तथा मर्मतसम्भार

**क) सिँचाइ सुविधा विस्तार कार्यक्रम:**

- सिँचाइ सम्बन्धी नीतिगत तथा कानुनी सुधार
- कृषियोग्य जमिनको उपलब्धताको आधारमा सतह, भूमिगत तथा लिफ्ट, नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको पहिचान, सम्भाव्यता अध्ययन तथा विकास निर्माण
- संचालित आयोजनाहरूको विस्तार, मर्मत सम्भार तथा स्तरोन्नति

**ख) नयाँ प्रविधिमा आधारित सिँचाइ कार्यक्रम:**

- सम्भाव्यताको आधारमा पोखरी, लिफ्ट तथा भूमिगत सिँचाइ
- बिना चालु खर्च पानी तान्ने पम्प प्रविधि जस्ता नवीनतम प्रविधिमा आधारित सिँचाइ

**ग) सिँचाइ संरचना तथा सुविधाको संरक्षण तथा दिगो संचालन कार्यक्रम:**

- बढी, पहिरो, भूक्षय तथा नदी कटान लगायत प्रकोपबाट जोखिममा रहेका तथा प्रभावित सिँचाइका पूर्वाधार, संरचना तथा सुविधाको पहिचान र नक्सांकन
- जैविक तथा इन्जिनियरीङ् प्रविधिबाट संरचना निर्माण, संरक्षण, मर्मतसम्भार तथा पुन:स्थापना

**घ) नदी प्रणाली व्यवस्थापन तथा संरक्षण कार्यक्रम:**

- गुरूयोजनामा आधारित प्रमुख नदी प्रणाली व्यवस्थापन
- जल उत्पन्न विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन
- आपतकालिन बाढी-पहिरो नियन्त्रण
- जग्गा उकास कार्यक्रम

**ङ) जल तथा मौसम पूर्वानुमान प्रणाली व्यवस्थापन कार्यक्रम:**

- जल तथा मौसम पूर्वानुमान आधुनिक प्रणाली तथा प्रविधि जडान, विस्तार तथा स्तरोन्नति
- जल तथा मौसम तथ्याङ्क सङ्कलन, विश्लेषण तथा व्यवस्थापन

**च) जल उपभोक्ता समितिको संस्थागत क्षमता विकास कार्यक्रम:**

- जल उपभोक्ता समितिको संस्थागत सुदृढीकरण
- सिँचाइ प्रणाली तथा सेवा शुल्क व्यवस्थापन
- तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम

छ) गुणस्तरीय खानेपानीमा पहुँच एवम् सरसफाइ सम्बन्धीत कार्यक्रम

- आधारभूतस्तरको खानेपानी पहुँच वृद्धि कार्यक्रम
- एक घर एक धारा कार्यक्रम
- खानेपानी गुणस्तर सुधार कार्यक्रम
- खानेपानी तथा सरसफाइ आयोजनाको मर्मतसम्भार तथा दिगो सञ्चालन कार्यक्रम
- सार्वजनिक शौचालय निर्माण तथा सन्चालन कार्यक्रम
- सांस्कृतिक तथा पुरातात्विक महत्वका मुहान, ढुंगेधारा, पोखरी, तालतलैया, सिमसार क्षेत्र, नदि तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम
- फोहोर पानी तथा मानव मलमूत्र व्यवस्थापन कार्यक्रम
- अन्तरनिकाय समन्वय, सहकार्य तथा साझेदारी कार्यक्रम

**४.७.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता**

दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत स्वस्छ ऊर्जा जलस्रोत तथा खानेपानी समावेश गरिएको छ। यसैगरी जलस्रोत तथा विद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी

आकर्षित गर्ने प्रमुख सवाल र चुनौती रहेकोमा यसलाई पूरा गर्नका लागि विद्युत् तथा ऊर्जा सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड आदि तयार गरी प्रदेशमा ऊर्जा हेर्ने पर्याप्त जनशक्ति सहित छुट्टै संरचना स्थापना गरी विद्युत उत्पादन तथा खपत बढाउनु तथा विद्युत् लाइन विस्तार तथा स्तरोन्नती गर्ने लक्ष्य लिइएको छ । गण्डकी प्रदेशमा प्रचुर मात्रामा उपलब्ध जलस्रोत, नविकरणीय ऊर्जा लगायतका प्राकृतिक स्रोतहरुको उपयोग गर्न र प्रदेशवासीलाई वातावरण मैत्री, स्वच्छ, भरपर्दो, गुणस्तरीय एवम सुरक्षित विद्युत् सेवा उपलब्ध गराउनको लागो प्रदेश विद्युत विकास विधयेक गण्डकी प्रदेश सभामा दर्ता भएको छ ।

दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत स्वस्छ ऊर्जा जलस्रोत तथा खानेपानी समावेश गरिएको छ । प्रदेश सिंचाइ ऐन बनिसकेको अवस्थामा सिंचाइ नियमावली तर्जुमाको चरणमा रहेको छ ।

दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत स्वस्छ ऊर्जा जलस्रोत तथा खानेपानी समावेश गरिएको छ । प्रदेश खानेपानी ऐन बनिसकेको अवस्थामा खानेपानी नियमावली तर्जुमाको चरणमा रहेको छ ।

### ४.७.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्न धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्यलाई आत्मसात् गरेको छ । सोही बमोजिम प्रदेश सरकारले राष्ट्रिय प्रसारण लाइन पुर्याउन सम्भव हुने स्थान हरूमा नेपाल विद्युत प्राधिकरणसँग समझदारी गरि विद्युत विस्तार कार्य गरिरहेको छ। त्यस्तै, लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युतीकरण भैरहेको स्थानहरूमा माग तथा औचित्य अनुसार ती आयोजनाहरुको मर्मत सम्भार गरिरहेको छ भने राष्ट्रिय प्रसारण लाइन र लघु तथा साना जलविद्युत नभएको स्थानहरुमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी बत्ती बालिएको । यस प्रकार गण्डकी प्रदेशमा आ.व. २०७४/७५ मा विद्युतमा पहुँच भएको घरधुरी ८७.९ प्रतिशत थियो भने हालसम्म ९९.८० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको छ । गण्डकी प्रदेशको दिगो विकास लक्ष्य अनुसार सन २०२५ सम्ममा शत प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुग्ने गरि कार्यक्रमहरू समावेश गरिएको छ ।

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्न सिँचाई योग्य जमिनमा बाहैं महिना सिँचाई सुविधा उपलब्ध गराउने, उत्पादन र उत्पादकत्व बढाउने तथा कृषिको आधुनिकरण/यान्त्रिकरण गर्ने ।

### ४.७.८ त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०८०/८१ (यथार्थ उपलब्धि) | २०८१/८२* को अनुमानित उपलब्धि | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | जलविद्युत उत्पादन क्षमता | मे.वा. | ८२१.०० | १०६० | १३०० | १६०० | २००० |
| २ | विद्युतमा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९९.५५ | ९९.९० | १०० | १०० | १०० |
| ३ | प्रति व्यक्ति विद्युत खपत | कि.वा.घ. | २७० | ३०० | ३५० | ३०० | ४५० |
| ४ | लघु तथा साना जलविद्युत आयोजना मर्मत | संख्या | ९२ | ९५ | १०० | १०५ | ११० |
| ५ | लघु तथा साना जलविद्युत आयोजना निर्माण | संख्या | - | १ | १ | २ | ३ |
| ६ | लघु तथा साना जलविद्युत आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जडान | संख्या | १ | २ | ४ | ६ | ८ |
| ७ | संस्थागत सौर्य ऊर्जा प्रविधि जडान | कि.वा. पिक | २२५ | २४१ | २७० | २५० | ३०० |
| ८ | आधुनिक सिंचाइ पूर्वाधारबाट सिंचित क्षेत्रफल | हेक्टर | ६८,६९० | ६९,२०० | ७०,००० | ७०,८०० | ७१,६०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | बार्है महिना सिँचाई सुविधा उपलब्ध क्षेत्र | हेक्टर | ३३,८८४ | ३५५१८ | ३६,३०० | ३७,१०० | ३८,१०० |
| १० | निर्मार्ण भएको तटबन्धको लम्बाई | कि.मि. | १२३.७५ | १३५ | १५३ | १६८ | १८३ |
| ११ | जग्गा उकास कार्य संचालन भएको क्षेत्रफल् | हेक्टर | ३३४५.८५ | ३४५० | ३७०० | ४००० | ४४०० |
| १ | आधारभूत स्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | ९५.०० | ९५.५० | ९६ | ९७ | ९८ |
| २ | मध्यम र उच्च स्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | १८ | १९.३० | २० | २१ | ६५ |
| ३ | प्रदेश सरकारबाट निजी धारा जडान भएका घरधुरी | संख्या | १,४८,२२५ | १,६०,००० | १,७०,००० | १,८०,००० | १,९०,००० |
| ४ | प्रदेश भित्र निजी धारा जडान भएको समग्र जनसंख्या | प्रतिशत | ६४ | ६७ | ७० | ७३ | ८४ |
| ५ | फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी | प्रतिशत | ८० | ८५ | ८८ | ९० | ९३ |

### ४.७.९ त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| विवरण | शीर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२* (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | २४५३७७ | २७५६७८ | ३३१००० | ३४६५५७ | ३६२८४५ |
| | पुँजीगत | ४२१७११६ | ३६०८३६८ | ३५५४१०० | ३७२११४३ | ३८९६०३६ |
| | जम्मा | **४४६२४९३** | **३८८४०४६** | **३८८५१००** | **४०६७७००** | **४२५८८८१** |
| स्रोत | प्रदेश सरकार | - | - | ३४७५५०० | ३६३८८४८.७७ | ३८०९८७४ |
| | संघीय अनुदान | - | - | ४०९६०० | ४२८८५१.२३२ | ४४९००७ |
| | **जम्मा** | ० | ० | ३८८५१०० | ४०६७७०० | ४२५८८८१ |

### ४.७.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम

| आयोजना / कार्यक्रम | बजेट विनियोजन (रु.लाखमा) | अवधि | हालसम्मको प्रगति स्थिति | आ.व.२०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ऊर्जा विकास | १४३० | बहुवर्षीय/ सालबसाली | ९९.८० प्रतिशत घरधुरीमा विद्युत पहुँच पुगेको | १. विद्युत विस्तार<br>२. सौर्य ऊर्जा प्रविधि जडान<br>३. लघु तथा साना जलविद्युत आयोजना निमार्ण मर्मत |
| सिँचाइ तथा नदी व्यवस्थापन | १२८७० | बहुवर्षीय/स्रोत सुनिश्चित, मर्मत सम्भार र सालबसाली | आधुनिक सिँचाइ सुविधा पुगेको क्षेत्रफल ६९,२०० हेक्टर | १. बाह्रै महिना सिँचाइ<br>२. नयाँ सिंचित क्षेत्र बिस्तार<br>३. कृषक कुलो स्तरोन्नति तथा पुनर्स्थापना सुधार<br>४. तटबन्धन निर्माण<br>५. जग्गा उकास |
| खानेपानी तथा सरसफाइ | १४३०० | बहुवर्षीय/स्रोत सुनिश्चित, मर्मत सम्भार र सालबसाली | आधारभूत खानेपानी सुविधा कभरेज ९५.०० प्रतिशत, प्रदेश भित्र निजि धारा जडान भएको समग्र जनसंख्याको | १. आधारभूतस्तरको खानेपानी सुविधा<br>२. उच्च देखि मध्यमस्तरको खानेपानी सुविधा |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिशत ६५ रहेको | |

### ४.७.११ सम्भाव्य जोखिम पक्ष

नेपाल सरकारबाट सशर्त अनुदान सहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, हाल चालु रहेको संघीय सरकारको विशेष अनुदानमा संचालित खानेपानी, तटबन्ध र सिँचाई आयोजनाहरूले निरन्तरता पाउने, विद्यमान आर्थिक मन्दीको स्थितिमा सुधार आउने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने, जलवायु परिवर्तनबाट निम्तिन सक्ने विपद् जोखिमको असार र प्रभाव न्यून रहने अनुमान गरिएको छ।

## ४.८ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

### ४.८.१ पृष्ठभूमि

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको कार्य प्रदेश भित्रको शिक्षा, भाषा, संस्कृति र पुरातत्त्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण, श्रम रोजगार, युवा तथा खेलकुद पर्दछन। मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने सबै नीति, नियम कानुन निर्माण गर्न अझै पनि थुप्रै नीति, नियम, ऐन कानुन बनाउनुपर्ने अवस्था रहेको छ। शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण, श्रम रोजगार, युवा तथा खेलकुद क्षेत्रका परिसूचकहरुलाई विश्लेषण गर्दा यी क्षेत्रमा धेरै सुधार भैरहेको पाइएता पनि समृद्धि र विकासका लागि धेरै कार्य गर्न अझै बाँकी रहेको अवस्था छ। नेपालको संविधानमा भएको व्यवस्था, अन्तराष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिबद्धता, दिगो विकास लक्ष्यलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्दै जानु अहिलेको प्रमुख आवश्यकता रही आएको छ ।

### ४.८.२ प्रमुख कार्यक्षेत्र

१. शैक्षिक योजना, उच्च शिक्षा, विज्ञान प्रविधि, प्राविधिक र व्यावसायिक शिक्षा

२. भाषा संस्कृति र पुरातत्व

३. श्रम तथा रोजगार

४. युवा तथा खेलकुद

५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सामाजिक न्याय

### ४.८.३ प्रमुख सवाल तथा चुनौती

१. श्रम बजारलाई मर्यादित तथा व्यवस्थित बनाई युवा जनशक्तिलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु

२. स्वरोजगार तथा उद्यमशीलता विकास मार्फत महिला र लैंगिक तथा यौनिक अल्पसंख्यकको आर्थिक-सामाजिक सशक्तिकरणका आधार तयार गर्नु

३. सामाजिक समावेशिताको अवधारणालाई सस्थागत गर्नु

४. गुणस्तर जीवनोपयोगी र व्यवहारिक शिक्षाका अवसर सुनिश्चित गराउनु

५. मौलिककला, संस्कृति तथा सम्पदाको संरक्षण गर्नु

६. नैतिकवान तथा सदाचार युवाशक्ति निर्माण गर्नु

**४.८.४ रुपान्तरणकारी रणनीति**

१. सामाजिक संरक्षण र सुरक्षाको दायरा फराकिलो बनाई सबै नागरिकलाई विकासको मूलप्रवाहमा समाहित गर्ने

२. महिला बालबालिका जेष्ठ नागरिक लैङ्गिक तथा यौनिक अल्पसंख्यक सीमान्तकृत लोपोन्मुख अपाङ्गता भएका नागरिकलाई प्रादेशिक एवं राष्ट्रिय पूजीका रुपमा रुपान्तरण गर्ने

३. आर्थिक रुपमा विपन्न नागरिकलाई स्वरोजगार र आयआर्जनका कार्यक्रममा आबद्धता गर्ने

४. श्रम बजारको माग र आपूर्तिलाई ध्यानमा राखी रोजगार प्रदायक र रोजगारीको खोजीमा रहेका दक्ष जनशक्तिलाई आबद्ध गर्ने

५. युवामा सिर्जनशिलता र व्यावसायिकता विकास गर्ने

६. उच्च शिक्षालाई वैज्ञानिक अनुसन्धानमुलक प्रविधिमैत्री र रोजगारमूलक बनाई प्रदेशलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने

७. मौलिक कला भाषा र साहित्यलाई प्रोत्साहन प्रवर्दन तथा संरक्षण गर्ने।

**४.८.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

१. लैङ्गिक समानता तथा समावेशीकरणसम्बन्धी संरचनागत व्यवस्थाको सुदृढीकरण

२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्ग सशक्तिकरण

३. वैदेशिक रोजगारीमा जाने महिला तथा अन्य वर्गका लागि सीप विकास तथा परामर्श सहयोग

४. योगदानमा आधारित सामाजिक सुरक्षा प्रवर्द्धन

५. शासन तथा विकास प्रक्रियामा युवा साझेदारी प्रवर्द्धन

६. युवा उद्यमशीलता विकास कार्यक्रम

७. सम्पदा तथा संस्कृतिको अध्ययन तथा अन्वेषण र अभिलेखन

८. नीति तथा कार्यक्रम तर्जुमा सुधार, लैंङ्गिक हिंसा निवारण प्रदेशस्तरीय को स्थापना, जीविको पार्जन सुधार कार्यक्रम, अल्पकालिन र दीर्घकालिन पुनर्स्थापना केन्द्र स्थापना र संचालन ।

### ४.८.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

दोस्रो पञ्चवर्षीय योजनामा पहिचान गरिएका रुपान्तरणका प्रमुख क्षेत्रमा सामाजिक विकास मन्त्रालय शिक्षित, सुसंस्कृत तथा सीपयुक्त मानव पुँजि निर्माण, मर्यादित श्रम गरिवी न्युनिकरण तथा सामाजिक संरक्षण र लैङ्गिक समानता तथा समाजिक समावेशीकरणसँग प्रत्येक्ष सम्बन्धित रहेको छ भने बाँकी क्षेत्रहरुसँग अप्रत्यक्ष सम्बन्धित रहेको छ ।

आगामी तीन वर्षमा सञ्चालन गरिने कार्यक्रमहरुले गुणस्तरीय शिक्षाका दश वटा सुचकहरु, युवा तथा खेलकुदका सात वटा सूचकहरु, कला, भाषा, सम्पादा र साहित्यका सात वटा सूचकहरु तथा विज्ञान र प्रविधिका आठ वटा सूचकहरुलाई वढोत्तरी हुनेगरी तय गरिएका छन । दोस्रो पञ्चवर्षीय योजनाले निर्धारण गरेका रणनीतिहरु प्रयोग गरी अपेक्षित उपलब्धिहरु हासिल गर्ने गरी अगाडि बढाईएको छ ।

आर्थिक तथा सामाजिक रुपले पछाडि परेको वर्गको संरक्षण, सशक्तिकरण र विकासलाई विशेष महत्व दिइएको छ तथा अन्य वर्ग (लैङ्गिक तथा यौनिक अल्पसंख्यक), अपाङ्गता भएका व्यक्ति बालबालिका, जेष्ठ नागरिक, दलित तथा सिमान्तकृत वर्ग र समुदायम विद्यमान आर्थिक सामाजिक विभेदको अन्त्य गर्ने दिशामा अग्रसर रहेको छ ।

श्रमप्रति सम्मान हुनेगरी प्रदैशमा रहेको श्रमयोग्य मानव शक्तिलाई सुरक्षित र मर्यादित कामको वातावरणमा उत्पादनशिल रोजगारी सिर्जना गरी दिगो आर्थिक बृद्धीको माध्यमबाट गरिवी न्युनीकरण गर्दै समग्र विकासको लक्ष्य हाशिल गर्ने उद्देश्य राखेको छ । गरिवी न्यूनीकरण, दिगो तथा सम्मानजनक रोजगारीको व्यवस्था र योगदानमा आधारित सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेको छ ।

### ४.८.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयले दिगो विकास लक्ष्यको उद्देश्य नं. ४ सँग आवद्ध रहेको छ । आधारभूत साक्षरत विकास, प्रारम्भिक बालबिकासको अनुभव सहित विद्यालयमा प्रवेश गर्ने विद्यार्थीहरुको खुद भर्नादर बढाउने, विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयभित्र ल्याउने, आधारभुत तथा माध्यमिक तहको भर्नादर बढाउने, विद्यालय शिक्षाको विद्यार्थिहरुको कक्षागत औषत सिकाइ उपलब्धीहरु वृद्धि गर्ने क्रियाकलापहरु समावेश गरेको छ ।

विद्यालयमा छात्र र छात्राको लैङ्गिक अनुपात एक बनाउने कार्यक्रमहरु समावेश गरेको छ । उच्च शिक्षामा छात्राहरुको पहुँच बृद्धि गर्नका लागि छात्रवृत्तीहरु प्रदान गरेको छ । गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्नका लागि गण्डकी प्राविधिक शिक्षालयको भौतिक संरचना विकासका क्रियाकलापहरु समावेश गरेको छ । त्यसैगरी सूचना तथा संचार प्रविधिको प्रयोगबाट विद्यार्थीहरुमा भइको सिकाई क्षती कम गर्न शिक्षकहरुको क्षमता विकास तथा आईसीटी ल्याव, विज्ञान ल्याव तथा स्टिम ल्याव निर्माण गर्ने कार्यक्रमहरु समावेश गरेको छ ।

सीपमुलक शिक्षा आर्जन गरी देशको आर्थीक, सामाजिक विकास गर्न उद्यमशिलता विकासका लागि विउ पुँजी विरतण गरी सक्षम बनाउने कार्य रहेको छ। दिगो विकास लक्ष्यको उद्देश्य नं. ८ मा मर्यादित रोजगारी तथा आर्थिक वृद्धि गर्ने तर्फ भरपर्दो समावेशी र दिगो आर्थिक वृद्धि तथा सवैको लागि पूर्ण र उत्पादन मूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने विषय रहेको छ।

### ४.८.८ त्रिवर्षीय नतिजा सूचक

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ (यथार्थ उपलब्धि) | २०८१/८२* (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति तथा अभिभावक | संख्या | ६१० | ७०० | ७९० | ९०० | ९५० |
| २ | नि:शुल्क लोकसेवा/ शिक्षकसेवा आयोग तयारी कक्षा | संख्या | ६९० | ८२५ | ९५० | ११७० | १२०० |
| ३ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | ११७ | १३५ | १५५ | १६७ | १९० |
| ४ | प्राविधिक शिक्षा प्र**दान** गर्ने शैक्षिक संस्था | संख्या | १६० | १६३ | १६७ | १७० | १७५ |
| ५ | वार्षिक १५-२४ वर्ष उमेर समूहको रोजगार र तालिममा संलग्न रहेका युवा सं**ख्या** | हजारमा | २८५ | २९२ | २९६ | ३०० | ३०५ |
| ६ | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तका खेलाडी | संख्या | १२५० | १३०० | १४२५ | १५०० | १५३० |
| ७ | आधारभूत सुविधा सहितका रङ्गशाला | संख्या | ३० | ३८ | ४२ | ४५ | ४८ |
| ८ | संरक्षण/प्रवर्द्धन गरिएका संस्था | संख्या | ११० | ११२ | ११६ | १२० | १२३ |
| ९ | मासिक औसत १० हजारभन्दा बढी पर्यटकले भ्रमण गर्ने धार्मिक तथा सांस्कृतिक संस्था | संख्या | ३० | ३१ | ३३ | ३५ | ३७ |
| १० | स्थापना भएका संग्रहालय | संख्या | ७२ | ७५ | ७८ | ८० | ८२ |
| ११ | संग्रहालय भ्रमण गर्ने पर्यटक (हजारमा) | संख्या | ७५७ | ८०० | ८३५ | ८५७ | ८६५ |

### ४.८.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

(रु. हजारमा)

| विवरण | शिर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२* (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | २७४७२०९ | ४१९५६०६ | १५२४१४३ | १५९५७७७ | १६७०७७९ |
| | पुँजीगत | ७२९८८० | १२०७६१७ | ८७१०२४ | ९११९६२ | ९५४८२४ |
| | **जम्मा** | **३४७७०८९** | **५४०३२२३** | **२३९५१६७** | **२५०७७३९** | **२६२५६०३** |
| स्रोत | प्रदेश सरकार | - | - | १६४५९६७ | १७२३३२६ | १८०४३२३ |
| | संघीय अनुदान | - | - | ७४९२०० | ७८४४१२ | ८२१२८० |
| | **जम्मा** | - | - | **२३९५१६७** | **२५०७७३९** | **२६२५६०३** |

### ४.८.१० वार्षिक विकास कार्यक्रम

| लागत (रू. लाखमा) | अवधि (शुरू र समाप्ति) | हालसम्मको प्रगति स्थिति | आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने क्रियाकलाप |
|---|---|---|---|
| ७३३ | सालवसाली | ० | प्रशासनिक एवं अनिवार्य दायित्वको क्षेत्रः |
| १०० | सालवसाली | ० | प्रशासन तथा योजना क्षेत्रः |
| ४० | सालवसाली | ० | श्रम तथा रोजगार क्षेत्रः |
| २५०६ | सालवसाली | ० | शिक्षा क्षेत्रः |
| २३० | सालवसाली | ० | संस्कृति, भाषा एवं पुरातत्व क्षेत्रः |
| ३९५ | सालवसाली | ० | सामाजिक विकास क्षेत्रः |
| ० | सालवसाली | ० | विशेष अनुदानका कार्यक्रम |
| ३४९ | सालवसाली | ० | युवा तथा खेलकुद |
| २३ | सालवसाली | ० | प्रशासनिक तथा अनिवार्य दायित्वको क्षेत्र: |
| ५ | सालवसाली | ० | प्रशासन/योजना |
| ८६ | सालवसाली | ० | प्रशासन/योजना |
| ६१ | सालवसाली | ० | श्रम तथा रोजगार क्षेत्र |
| ७ | सालवसाली | ० | प्रशासन/योजना |
| ४१५ | सालवसाली | ० | शिक्षा क्षेत्र |
| १५ | सालवसाली | ० | प्रशासन तथा योजना |
| २४ | सालवसाली | ० | SEE परीक्षा व्यवस्थापन |
| १६ | सालवसाली | ० | प्रशासनिक अनिर्वाय दायित्व |
| १० | सालवसाली | ० | पदाधिकारी सुविधा |
| १७८ | सालवसाली | ० | खेलकुद |
| ८३ | सालवसाली | ० | निदानात्मक तथा प्रयोगशाला सेवा |
| ३३ | सालवसाली | ० | जनशक्ति व्यवस्थापन |
| ११ | सालवसाली | ० | प्रशासनिक/अनिवार्य दायित्वको क्षेत्र |
| ११ | सालवसाली | ० | प्रतिष्ठान पदाधिकारी |
| ६ | सालवसाली | ० | श्रष्टा सम्मान तथा विमा |

| | | | |
|---|---|---|---|
| १८ | सालवसाली | ० | साँस्कृतिक तथा साहित्यिक उत्सव |
| ३९ | सालवसाली | ० | प्रशासन तथा योजना क्षेत्रः |
| ३ | सालवसाली | ० | विशेष अनुदानका कार्यक्रम |
| ० | सालवसाली | ० | विद्यालय क्षेत्र बिकास कार्यक्रम |
| ५ | सालवसाली | ० | सिप विकास तथा क्षमता अभिबृद्धि |
| १३२७ | सालवसाली | ० | युवा तथा खेलकुद |
| ९६ | सालवसाली | ० | श्रम तथा रोजगार |
| १०१२ | सालवसाली | ० | विशेष अनुदान कार्यक्रम |
| २०८२ | सालवसाली | ० | शिक्षा क्षेत्रः |
| १४२४ | सालवसाली | ० | संस्कृति, भाषा एवं पुरातत्व क्षेत्र |
| २३७० | सालवसाली | ० | सामाजिक विकास क्षेत्रः |
| १० | सालवसाली | ० | अन्य विविध कार्यक्रमहरुः |
| ४२ | सालवसाली | ० | अन्य विकास कार्यक्रमहरुः |
| ८९१ | सालवसाली | ० | प्रशासनिक एवं अनिवार्य दायित्वको क्षेत्र |
| ४६७९ | सालवसाली | ० | नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोश्रो चरण |

### ४.८.११ सम्भाव्य जोखिम पक्ष

त्रिवर्षीय रणनीति तथा कार्यक्रम कार्यान्वयन र अपेक्षित उपलब्धि प्राप्त गर्ने क्रममा रहेका जोखिमहरु यस प्रकार रहेका छनः दोस्रो पञ्चवर्षिय योजनामा परिलक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक पर्ने स्रोत तथा साधन उपलब्धता नहुने जोखिम देखिन्छ । नवीनतम क्रियाकलापहरु सञ्चालन गर्नको लागि आवश्यक पर्ने नीतिगत तथा कानुनी प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन नहुने समस्या देखिन्छ । तहगत सरकारबीच साझा उद्देश्यहरु तय गरी अगाडी बढ्न समन्वय र सहकार्यको संस्कृति विकास नहुने जोखिम देखिन्छ । योजनाले परिकल्पना गरेका उद्देश्यहरु वास्तविक रुपमा कार्यान्वयन गर्ने निकायहरुले बुझाईमा कमी हुन सक्छ ।

## ४.९ गण्डकी प्रदेश नीति तथा योजना आयोग

### ४.९.१ पृष्ठभूमि

प्रदेशमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै प्राप्त प्रतिफलको सन्तुलित, दिगो तथा समन्यायिक वितरण गर्न नीति निर्माण एवं योजना व्यवस्थापनका सन्दर्भमा प्रदेश नीति तथा योजना आयोगको नियमित कार्यसम्पादन यससँग प्रत्यक्ष सम्बन्धित छ ।

गण्डकी प्रदेश सरकारको वित्तीय स्रोतको सम्भाव्यता, आर्थिक सामाजिक विकास पूर्वाधारको अवस्था तथा कार्यान्वयन क्षमताका आधारमा दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना तर्जुमा र कार्यान्वयनको नेतृत्वदायी भूमिका आयोगको रहँदै आएको छ । आयोगले तथ्यमा आधारित नीति तथा योजना तर्जुमा गर्न नियमित परिष्कृत अभ्यास गर्दै आएको छ ।

योजना अनुशासन, सहभागितामुलक योजना पद्धति, नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली, आयोजना बैक, विशिष्ट अध्ययन तथा अनुसन्धान जस्ता अन्तरसम्बन्धित पक्षहरूमा महत्व दिई राष्ट्रिय विकास प्राथमिकता, योजनाको लक्ष्य, दिगो विकास लक्ष्य, अन्तरराष्ट्रिय प्रतिबद्धता हासिल गर्न प्रदेश नीति तथा योजना आयोगले नियमित कार्यसम्पादन गर्दै आएको छ ।

### ४.९.२ प्रमुख कार्यक्षेत्र

- सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
- स्रोत आंकलन, खर्च सीमा निर्धारण, वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन सहजीकरण गर्ने,
- प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रतिफल तथा प्रभाव सम्वद्ध अनुगमन, मूल्याङ्कन मार्गदर्शन तयारी, अद्यावधिक तथा कार्यान्वयन गर्ने, विकास प्रयासमा बहु-सरोकारवालाको समन्वय सुनिश्चित गर्ने,
- प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाका विषयमा विश्वविद्यालय, स्वतन्त्र विज्ञ निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने,
- प्रादेशिक तथ्याङ्क प्रणालीको अद्यावधिक र विकास गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने ।

### ४.९.३ प्रमुख सवाल तथा चुनौती

- तथ्याङ्क प्रणालीको विकास गरि विश्वसनीय र भरपर्दो सूचनाको प्राप्ति तथा अद्यावधिक र भण्डारण लाई व्यवस्थित गर्नु,
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट बीच तादात्म्यता कायम गर्नु,
- पूर्व तयारी सम्पन्न भएका आयोजनाहरू छनौट गरी प्रादेशिक आयोजना बैंकको सञ्चालन गरी सोका आधारमा वार्षिक बजेट विनियोजन गर्नु,
- योजनाको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालय र अन्तर्गतका निकायहरूको योजना तर्जुमा तथा कार्यान्वयन र वित्तीय विश्लेषण क्षमता अभिवृद्धि गर्नु,
- विकास गतिविधिहरूको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गर्न आयोगको संस्थागत क्षमताको निरन्तर विकास गर्नु ।

#### ४.९.४ रुपान्तरणकारी रणनीति

- तीन तहबीचको एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास र तहगत समन्वय कायम गर्ने,
- सीमित स्रोत साधनको परिणाममुखी परिचालनका लागि प्राथमिकतामा आधारित आयोजनाहरूको छनौट गर्ने,
- आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेटको तादात्म्यता तथा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सार्वजनिक, निजी, गैह्र सरकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास र सहभागिता सुनिश्चित गर्ने,
- अनुगमन तथा मूल्याङ्कनको प्रभावकारीता र निरन्तर सुधारका लागि तथ्याङ्कको महत्तम उपयोग, संस्थागत क्षमता विकास र पृष्ठपोषणलाई आधार बनाउने ।

#### ४.९.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

- स्थानीय तहको योजना तर्जुमा, आयोजना बैंक संचालन, विकास योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति तथा कानुन अद्यावधिकरण,
- प्रदेश समुन्नतिको खाका तयार गर्ने र ज्ञान सम्मेलन,
- विकास आयोजनाको प्रभाव अध्ययन,
- आम सरोकारवालासँग विकास योजना, बजेट, मध्यमकालीन खर्च संरचना सम्वद्ध निरन्तर छलफल, अन्तरक्रिया, समन्वय र सञ्चार,
- एकीकृत प्रादेशिक तथ्याङ्क प्रणालीको विकास,
- आयोजना बैंकको सञ्चालन र सरोकारवाला अभिमुखीकरण,
- नीति अनुसन्धान प्रतिष्ठान जस्ता थिङ्क ट्याङ्कमार्फत अनुभव र सिकाईको आदन- प्रदान ।

#### ४.९.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

आयोगले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूबाट सुदृढ प्रादेशिक अर्थतन्त्र विकासको क्षेत्रमा मार्गचित्र तय गरिनेछ । प्रदेश समुन्नतिको खाका तयार गर्ने तथा तथ्याङ्क प्रणालीको विकास गर्ने जस्ता वार्षिक कार्यक्रम मार्फत दोस्रो पञ्चवर्षीय योजनाको प्रादेशिक सोच हासिल गर्न लिइएको लक्ष्य सो अनुरूपका उद्देश्य र समष्टिगतरणनीति अन्तर्गत प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने विषयमा प्रत्यक्ष योगदान पुग्नेछ ।

यसका साथै नीति संवाद, विकास आयोजनाहरूको प्रभाव अध्ययन तथा अनुगमन, प्रदेशको गरिबी प्रोफाइल तयारी, बजेट तर्जुमामा सरोकारवालाहरू सँगको छलफल लगायतका कार्यक्रमहरूको कार्यान्वयन मार्फत् दोस्रो

पञ्चवर्षीय योजनामा उललेखित प्रादेशिक विकास तथा रूपान्तरणका प्राथमिक क्षेत्रहरूको क्रियाशिलता मार्फत प्रादेशिक लक्ष्य हासिल गर्नमा प्रत्यक्ष योगदान पुग्नेछ ।

### ४.९.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

आयोगले सञ्चालन गर्ने दिगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरणको स्थानीय तहसम्मको अभिमुखिकरण, सोह्रौ योजना र प्रादेशिक योजनाहरूबीचको सामञ्जस्यता र अन्तरसम्बन्धको अध्ययन लगायतका कार्यक्रम कार्यान्वयनबाट दिगो विकास लक्ष्य १७ (दिगो विकास लक्ष्यका प्राप्तिका लागि साझेदारी) हासिल गर्नमा प्रत्यक्ष योगदान पुग्नेछ ।

आयोगले दिगो विकास लक्ष्य प्राप्तिका लागि गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । साथै, संस्थागत रूपमा आयोगका अध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य निर्देशक समिति तथा आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य समन्वय समिति तथा आयोगका सदस्यको संयोजकत्वमा रहने अनुगमन तथा मूल्याङ्कन समितिले लक्ष्य प्राप्तिका लागि नियमित कार्यसम्पादन गर्दै आएको छ ।

### ४.९.८ त्रिवर्षीय नतिजा सूचक

| क्र. सं. | परिसूचक | एकाइ | २०८०/८१ सम्मको यथार्थ | २०८१/८२ सम्मको अनुमान | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ सम्मको लक्ष्य | २०८३/८४ सम्मको लक्ष्य | २०८४/८५ सम्मको लक्ष्य |
| १. | तथ्याङ्क व्यवस्थापन | | | | | | |
| १.१ | तथ्याङ्कमा आधारित निर्णय निर्माण | प्रतिशत | - | ५० | ६० | ७० | ८० |
| १.२ | विकास नीति, योजना र कार्यक्रको नियमित अनुगमनका लागि तथ्याङ्कमा आधारित सूचकहरू निर्माण र स्थापना भएका मन्त्रालय/ निकाय | सङ्ख्या | ० | २ | २ | ४ | ६ |
| १.३ | सम्भाव्यता, अध्ययन, अनुसन्धान र सर्वेक्षण भएका विषय | सङ्ख्या | ९ | १० | १० | ११ | १२ |
| २. | नीति तथा योजना तर्जुमा | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१ | आवधिक योजना र दिगो विकास लक्ष्य अनुरूप प्रगति प्रतिवेदन तयार तथा प्रकाशन प्रदेश मन्त्रालय तथा निकाय | सङ्ख्या | ० | ० | ० | ० | ५ |
| २.२ | नीति, योजना र कार्यक्रमबिच अन्तरसम्बन्ध स्थापित गरी वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रदेश मन्त्रालय | सङ्ख्या | ० | ३ | ३ | ४ | ५ |
| २.३ | आयोजना बैंकमा आयोजना समावेश भई कार्यान्वयन भएका आयोजना | सङ्ख्या | ० | ० | १०० | २०० | ३०० |
| २.४ | नीति तथा योजना तर्जुमा प्रक्रियामा प्रदेश सभा सदस्यसँग गरिएका वार्षिक परामर्श | पटक | १ | २ | २ | ३ | ३ |
| ३. | अनुगमन तथा मूल्याङ्कन | | | | | | |
| ३.१ | नियमित अनुगमन तथा प्रगति प्रतिवेदन तयार भएका कार्यक्रम तथा आयोजना | प्रतिशत | ३० | ४० | ४० | ५० | ६० |
| ३.२ | कार्यान्वयनमा रहेका अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रदेश ऐन, नियम, निर्देशिका, मापदण्ड र प्रणाली | सङ्ख्या | २ | ३ | ३ | ४ | ४ |

## ४.१०.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

(रु. हजारमा)

| विवरण | शीर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२ (संशोधित अनुमान) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | ३४७३४ | ६१२२३ | ७१००० | ७४३३७ | ७७८३० |
| | पुँजीगत | ४२५८ | १५१२० | ६००० | ६२८२ | ६५७७ |
| | **जम्मा** | **३८९९२** | **७६३४३** | **७७०००** | **८०६१९** | **८४४०७** |
| **स्रोत** | प्रदेश सरकार | - | - | ७७००० | ८०६१९ | ८४४०७ |
| | **जम्मा** | | | **७७०००** | **८०६१९** | **८४४०७** |

**४.९.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम**

रु हजारमा

| सिन | आयोजना / कार्यक्रम | बजेट विनियोजन | अवधि | हालसम्मको प्रगति स्थिती | आ.व. २०८२ ।८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|
| १ | आयोजना वैंक अद्यावधिक , अभिमुखिकरण तथा कार्यान्वयन | १००० | नियमित | आयोजना बैंक सूचना प्रणाली कार्यान्वियनमा आएको | सूचना प्रणाली अद्यावधिक गरिने |
| २ | प्रदेशमा दिगो विकास लक्ष्यको आन्तरिकरण /स्थानीयकरणको अवस्था अध्ययन तथा अभिमुखिकरण | ५०० | १ वर्ष | दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र रहेको | सूचक आधारित अध्ययन गरिने |
| ३ | प्रदेश विकास पत्रिका प्रकाशन | ८०० | सालवसाली | कार्यविधि रहेको | विकास पत्रिका प्रकाशन गरिने |
| ४ | मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम | ६००० | सालवसाली | - | फेलोसिप कार्यक्रम गर्ने |
| ५ | प्रदेश तथा स्थानीय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन २०७७ अभिमुखीकरण कार्यक्रम | ५०० | सालवसाली | नियमित गर्दिै आएको | व्यावहारिक अभिमुखीकरण गरिने |
| ६ | प्रदेश पालिका साझेदारीमा राष्ट्रिय र प्रादेशिक योजना संग सामञ्जस्यता हुनेगरी स्थानीय तहहरुको आवधिक योजना निर्माण गर्ने | ५५०० | १ वर्ष | कार्यविधि रहेको | कार्यविधि बमोजिम आवश्यक सहयोग गरिने |
| ८ | नीति निर्देशिका मापदण्ड दिग्दर्शन तर्जुमा तथा परिमार्जन | १०५० | नियमित | - | आवश्यकता अनुकूल गरिने |
| १३ | विकास कार्यक्रम/ आयोजनाको प्रभाव अध्ययन तथा प्रतिवेदन (भौतिक पुर्वाधार क्षेत्र) | १००० | नियमित | - | अध्ययन प्रारुप तयार गर्ने |
| १४ | विकास कार्यक्रम/ आयोजनाको प्रभाव अध्ययन तथा प्रतिवेदन (समपुरक तथा विशेष अनुदान क्षेत्र) | १००० | नियमित | - | अध्ययन प्रारुप तयार गर्ने |
| १५ | प्रदेश समुन्नतिका लागि नीति | २००० | १ वर्ष | नियमित गर्दिै आएको | समुन्नतिका सूचक |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्वाद कार्यक्रमहरु सञ्चालन | | | | सम्बोधन गरी गरिने |
| १६ | योजना कार्यान्वियनमा देखिएका समस्या पहिचान तथा सुझाव सहित सिफारिस प्रतिवेदन अद्यावधिक | ३०० | नियमित | नियमित गरिँदै आएको | प्रतिवेदन अद्यावधिक गरिने |
| १७ | प्रदेश तथ्याङ्क प्रणाालिको अद्यावधिक, कार्यान्वियन तथा अभिमुखीकरण | १५०० | नियमित | तथ्याङ्क प्रणाली कार्यान्वियनमा रहेको | नियमित अद्यावधिक एवम अभिमुखीकरण गर्ने |
| १८ | वहुवर्षीय आयोजनाको तथ्याङ्कको आधारमा मन्त्रालयगत वहुवर्षिय सीमा निर्धारण | ५०० | १ वर्ष | - | अध्ययनका आधारमा गर्ने |
| १९ | प्रदेशमा सुशासन सम्वर्द्धन र प्रवर्द्धनका लागि आयोगवाट मार्गनिर्देशन तर्जुमा तथा प्रेषण कार्यक्रम | १००० | नियमित | - | सूचना विस्तार गरिने |
| २० | स्थानीय तहका लागि योजना तर्जुमा, बजेट तर्जुमा, आयोजना बैंक लगायतका विषयमा प्राविधिक सहयोग कार्यक्रम | १५०० | सालवसाली | सहयोगको ढाँचा रहेको | आवश्यकतामा आधारित सहयोग गरिने |

**४.९.११ सम्भाव्य जोखिम पक्ष**

सोह्रौं योजना तथा दोस्रो प्रादेशिक योजनाले लिएका संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्र अनुरूप स्थानीय तहका योजना प्रणाली पुनःसंरचना गर्ने कार्य चुनौतीपूर्ण छ । स्रोत साधनको न्यूनता तथा उच्च राजनैतिक प्रतिवद्धताको अभावमा आयोजना बैंकको पूर्ण कार्यान्वयनमा जटिलता रहेको देखिन्छ । साथै, मध्यमकालीन खर्च संरचना एवम् समपूरक र विशेष अनुदान लगायतका प्रणालीको उपयोग र अन्य प्रणालीसँग आवद्धता प्रभावित बन्न सक्ने देखिन्छ ।

**४.१० प्रदेश सभा सचिवालय**

**४.१०.१ पृष्ठभूमि**

नेपालको संविधानको धारा १७५ ले प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था गरेको छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार प्रदेश व्यवस्थापिकाले संविधान र संघीय कानुनको मार्गदर्शन अनुसार विधि निर्माण गर्ने मूख्य जिम्मेवारी पाएको छ । प्रदेशका जनताको आवश्यकता र अपेक्षा पुरा गर्नको लागि लोकतान्त्रिक व्यवस्थाको पहिलो आधारको रुपमा रहेको जनप्रतिनिधिमार्फत कानुन निर्माण गर्ने प्रणालीलाई

संस्थागत गर्नुका अतिरिक्त प्रदेश सरकार निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने र सदन तथा समिति मार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी रहेको छ । प्रदेश सभालाई अध्ययन अनुसन्धान, व्यवस्थापकीय, प्रशासनिक क्षेत्रमा सहयोग गर्ने जिम्मेवारी प्रदेश सभा सचिवालयको रहेको छ ।

**४.१०.२ कार्य क्षेत्र**

- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने तथा प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने ।

**४.१०.३ प्रमुख सवाल तथा चुनौती**

संसदीय गतिविधि सञ्चालन गर्न आवश्यक पर्ने न्युनतम सुविधा सहितको भवन नहुनु, समिति र सचिवालयका लागि पर्याप्त पुर्वाधार नहुनु, संसदलाई पुर्ण रुपमा विद्यायिकी कार्यमा केन्द्रित गराउन नसकिनु र संसदिय गतिविधिमा सूचना प्रविधिको प्रयाप्त प्रयोग तथा उपयोग हुन नसक्नु जस्ता सवालहरु रहेका छन् । विधि निर्माण प्रक्रिया र संसदिय निगरानीलाई अनुसन्धानमुखी बनाउनु, क्षमतावान जनशक्तिलाई प्रदेश सभा सचिवालयमा आकर्षित गर्नु र प्रत्यायोजित अधिकार अनुसार बनेका कानुनको अनुगमन गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**४.१०.४ रुपान्तरणकारी रणनीति**

- कानुन निर्माणको क्रममा व्यापक छलफल तथा अन्तर्क्रिया मार्फत जनताका वास्तविक आवश्यकता र अपेक्षा संकलन गरी उत्कृष्ट कानुन निर्माण गर्ने,
- प्रदेश सभा सदस्य र नागरिक बिचको सम्बन्धलाई सुमधुर वनाउन तथा नागरिक सहभागितालाई सुनिश्चित गर्न "जनतासँग प्रदेशसभा कार्यक्रम" लगायतका क्रियाकलाप सञ्चालन गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी वनाउन "ई-लेजिष्लेटिभ सफ्टवेयर" तयार गरी कार्यान्वयन गर्ने,
- विभिन्न संघ संस्था सँगको सहकार्यमार्फत संसदीय अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी वनाउने,
- प्रदेश सभा सदस्य तथा सचिवालयका कर्मचारीलाई संसदिय विधि तथा पद्धतिको वारेमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,

- प्रदेश सभा तथा प्रदेश सभा सचिवालयको अल्पकालिन तथा दिर्घकालिन योजना वनाई कार्यान्वयन गर्ने तथा आवश्यक वार्षिक वजेट निर्धारण गर्ने,
- प्रदेश सभाको कामकारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सुविधासम्पन्न प्रदेश सभा भवन निर्माण गर्ने,
- दिगो विकासले लिएका लक्ष्य, समावेशिता, सहभागिता, पारदर्शिता, जवाफदेहिता लगायतका विषयमा ध्यान दिई प्रदेश सभा तथा प्रदेश सभा सचिवालयको कामकारवाही चुस्त, प्रभावकारी र सुशासनयुक्तवनाई प्रदेश सभाको सुद्धिढिकरण गर्ने ।

### ४.१०.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

- कानुन निर्माण तथा अद्यावधिक,
- कार्यसम्पादन तथा संस्थागत सुधार ।

### ४.१०.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता

दोस्रो पञ्चवर्षीय योजना आधार पत्रको परिच्छेद १४ सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्धसँग तादात्म्यता कायम गरेको छ । सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्धको शान्ति, सुव्यवस्था र मानव अधिकार उपक्षेत्रसँग अन्तरसम्बन्ध कायम हुने गरी यस मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरिएको छ । यसका लागि रणनीति, सूचक तथा कार्यक्रमसँग अधिकतम तालमेल गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाले दोस्रो पञ्चवर्षीय योजनाको उपरोक्त विषय क्षेत्रको लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने विश्वास लिइएको छ ।

### ४.१०.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आबद्धता

मध्यमकालीन खर्च संरचनाले दिगो विकासको लक्ष्य १६ शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजलाई प्रत्यक्ष रूपले योगदान पुर्‍याउँछ। कानुन निर्माण तथा अद्यावधीकरण र न्यायिक कार्यसम्पादनलाई चुस्त, आधुनिक र प्रविधिमैत्री तुल्याइ सुदृढीकरण गर्ने दिशामा अग्रसर रहेको छ ।

### ४.१०.८ त्रिवर्षीय नतिजा सूचक

| क्र.स. | सूचक | एकाई | २०८०/०८१ को उपलब्धि | २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | कानुन निर्माण (जम्मा) | संख्या | ७३ | ७८ | ८३ | ८९ | ९७ |

### ४.१०.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु. हजारमा)

| विवरण | शीर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२* (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | १२५१६९ | १२९२६६ | १५५४४८ | १६९६३५ | १७७६०८ |
| | पुँजीगत | ७५८७ | ९४७५ | ५००० | ५२३५ | ५४८१ |
| | जम्मा | १३२७५६ | १३८७४१ | १६०४४८ | १७४८७० | १८३०८९ |
| स्रोत | प्रदेश सरकार | - | - | १६०४४८ | १७४८७० | १८३०८९ |
| | संघीय अनुदान | - | - | 0 | ० | ० |
| | जम्मा | - | - | १६०४४८ | १७४८७० | १८३०८९ |

### ४.१०.१० कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण

**रु लाखमा**

| बजेट बिनियोजन | अबधी | हालसम्मको प्रगति स्थिति | आ.ब.२०८२/८३ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|
| २५ | सालवसाली | ० | अन्तर व्यवस्थापिका सम्मेलन/भेला(प्रतिनिधि सभा सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष, सातै प्रदेशका सभामुख उपसभामुख, संंधिय संसदका महासचिव, सचिवहरु, सवै प्रदेश सभाका सचिवहरु सहभागिता हुने) |
| २४ | सालवसाली | ० | संसदिय समितिहरुको सरोकारवालाहरुसंग अन्तरक्रिया |
| १२ | सालवसाली | ० | प्रदेश सभाले निर्माण गरेका विधेयकको कार्यान्वियनको अवस्थाको अध्ययन(उत्तर विधायीकी परिक्षण) |
| २४ | सालवसाली | ० | अन्तरप्रदेश अनुभव आदानप्रदान/अन्तरस्मवाद ( संसदिय समिति र सचिवालयका कर्मचारी |

### ४.१०.११ सम्भाव्य जोखिम पक्ष

संसदीय गतिविधिका लागि पर्याप्त भौतिक पूर्वाधार, संसदीय अध्ययन र निगरानीका कार्यक्रम निष्पक्ष नभई परिस्थितिमा आधारित हुनु, आधुनिक सुचना प्रविधिको उपयोग, पर्याप्त अध्ययन अनुसन्धान, विधायिकी प्रक्रियालाई निश्चित समय तालिकामा आवद्ध गर्ने जस्ता कार्य हुन नसकेमा तोकिएका उद्देश्य पुरा नहुने जोखिम रहन्छ।

### ४.११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ४.११.१ पृष्ठभूमि

संविधानतः प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्ने हुँदा यो प्रदेश सरकारको प्रशासनको केन्द्रविन्दुको रुपमा रहेको छ । त्यसैले यो कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकाय हो । यसले राजनीतिक र प्रशासनिक दुवै दृष्टिले महत्वपूर्ण निर्णय लिने/दिने तथा समन्वय एवं नियन्त्रण गर्ने कार्य गर्दछ । प्रदेशको सुशासन सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि आवश्यक सम्पूर्ण कार्यहरूको उत्तरदायित्व यस कार्यालयले लिनुपर्ने हुँदा यस कार्यालयको कार्य जिम्मेवारी बृहत् रहेको छ ।

### ४.११.२ कार्य क्षेत्र

- संविधान र कानुन बमोजिम प्रदेश सरकारलाई तोकेको कार्यहरू गर्ने,
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने,
- प्रदेश सरकारको कार्य विभाजन तथा कार्य संचालन गर्नुका साथै कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने,
- प्रदेशको नीति तथा योजना तर्जुमा स्वीकृति कार्यान्वयन तथा प्रदेश मन्त्रालयको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन र मूल्यांकन गर्ने,
- मन्त्रिपरिषद्का निर्णयको प्रमाणीकरण कार्यान्वयन र अनुगमन, मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने, इत्यादि ।

### ४.११.३ प्रमुख सवाल तथा चुनौती

- संविधान प्रदत्त एकल एवं साझा अधिकार प्रयोग ।
- प्रदेशको समग्र प्रशासनिक संगठन संरचना चुस्त, दुरुस्त र अनुमानयोग्य बनाउनु ।
- सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा प्रदेशबासीको जीवनस्तर उकास्नु ।
- प्रदेशको सर्वाङ्गीण विकासका लागि सरल एवं सहज ढङ्गले सार्वजनिक सेवा उपलब्ध गराउनु ।
- गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले लागू गर्ने ।
- लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्ने एवं स्वरोजगार तथा उद्यमशीलता विकास मार्फत महिला तथा अन्य वर्ग (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) को आर्थिक सशक्तिकरणका आधार तयार पार्ने ।

### ४.११.४ रुपान्तरणकारी रणनीति

- नेपालको संविधानमा उल्लिखित मौलिक हक, निर्देशक सिद्धान्त, नीति र दायित्व, सोहौं आवधिक योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक पञ्चवर्षीय योजना, गरिबी निवारण, समावेशी विकास र दिगो विकास लक्ष्यले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने ।
- संविधानद्वारा निसृत अधिकार र कार्यसूचीलाई कार्यान्वयन गर्दै नागरिकमा छिटो, छरितो, मितव्ययी, जवाफदेही शासनको प्रत्याभूति दिलाउने ।

- संवैधानिक तथा कार्यात्मक सुदृढीकरण र सबलीकरण मार्फत संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई फलदायी तथा नतिजामूलक बनाउने ।
- संघ, प्रदेश र स्थानीय तहबीच नीतिगत सामञ्जस्य, योजना व्यवस्थापन, रणनीतिक साझेदारी, नवप्रवर्तन, साझा अधिकार क्षेत्रको प्रयोगमा एकरुपता कायम गर्ने ।
- प्रादेशिक अर्थतन्त्रमा सुदृढीकरण तथा वित्तीय स्रोत पहिचान व्यवस्थापन गर्ने ।
- लोकतन्त्र र संघीयताको सबलीकरण ,संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, अभ्यास र संस्थागत व्यवस्था गर्ने।
- संवैधानिक अधिकार, जग्गा प्राप्ति, बजेट विनियोजन, खर्च, राजश्व व्यवस्थापन, वित्तीय हस्तान्तरण पद्धतिमा लगायतमा परिमार्जन र सुधार गर्ने ।
- संविधानका एकल र साझा अधिकार सूची अन्तर्गत प्रदेशका अधिकार सूचीका विषयलाई कानुन निर्माण मार्फत कार्यान्विन गर्ने ।
- नीति, सुशासन, विकास र सेवालाई अन्तर तह समन्वय र सहकार्य गर्ने।
- प्रदेश र स्थानीय तहको साझेदारीमा नवप्रवर्तनात्मक एवम् विकासका रचनात्मक कार्यक्रम गर्ने ।
- स्थानीय तहसँगको अन्तरसम्बन्धलाई सबलीकरण गर्दै आपसी प्रतिस्पर्धासहित नवीन
- कार्यक्रम, रोजगारी तथा सुशासनका लागि प्रोत्साहन गर्ने ।

**४.११.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

- कार्यविस्तृतीकरणका द्विविधा हटाई तीन तहका सरकारको अधिकार र कार्यजिम्मेवारी स्पष्ट
- गर्न तत्काल कार्ययोजना बनाई लागू गर्ने ।
- बजारको मागको आधारमा तथ्याङ्कमा आधारित एकीकृत मानव संशाधन योजना बनाई
- सरकारी तथा गैर सरकारी क्षेत्रले कार्यान्वियन गर्ने । साथै मानव संशाधन विकासका
- लागि सूचकमा आधारित क्रियाकलापसँग तीनै तहका सरकारको आबद्धता कायम गर्ने ।
- अनलाईन सेवा प्रवाह(Online Service Delivery) र अनलाईन अनुगमन प्रणाली
- (Online Monitoring System) लागू एवम् यसको सुदृढीकरण गर्न नवप्रवर्तनमा आधारित सूचना
- प्रणाली (Innovation based ICT Lab)को विकास गरी लागू गर्ने ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सार्वजनिक निकायहरुको दरबन्दी संरचनालाई
- यथार्थपरक बनाउने । साथै यसरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा जनसंख्या र
- भूगोलको आधारमा सेवा प्रवाहमा समुचित वितरण हुने गरी संरचना तयार हुने वातावरण
- मिलाउने ।

- सार्वजनिक सेवामा भित्रिएका नवीनतम अवधारणाहरुलाई अवलम्बन गर्न आवश्यक कानुनी र
- संरचनात्मक व्यवस्था गर्ने ।
- राज्यका हरेक क्रियाकलापमा लैंगिक मूल प्रवाहीकरण र सामाजिक समावेशीकरणलाई
- आत्मसाथ गर्दै समयानुकूल कानुनहरुको निर्माण एवम् परिमार्जन गर्ने । साथै सेवा प्रवाहमा
- नागरिकको सहभागिता र पहुँच अभिवृद्धि गर्न सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता
- कार्यक्रमलाई बिस्तार गर्ने ।
- दिगो विकासका लक्ष्य, लैंगिक उत्तरदायी बजेट र मध्यमकालीन खर्च संरचनालाई आधार
- लिई कार्यक्रम सञ्चालन गर्ने ।
- सार्वजनिक निकायबाट सञ्चालित क्रियाकलापहरुको गुणस्तर परीक्षण र तेस्रो पक्ष मूल्याङ्कनको
- व्यवस्थालाई अनिवार्य गर्ने ।
- प्रदेश र स्थानीय तहको साझेदारीमा नवप्रवर्तनात्मक एवम् विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- जनतासँग मुख्यमन्त्री, हेल्लो मुख्यमन्त्री लगायतका कार्यक्रमको दायरा व्यापक बनाई
- प्रभावकारिता अभिवृद्धि गर्ने ।
- संघीयता सबलीकरणमा प्रत्यक्ष सरोकार राख्ने संयन्त्रहरुलाई क्रियाशील बनाउने ।
- शान्ति सुरक्षा र विपद् व्यवस्थापनमा तीन तहको सरकारको साझेदारी र समन्वयलाई थप सुदृढीकरण गर्ने ।
- अन्तर तह अनुगमन प्रणाली स्थापना गरी कार्यान्वयन गर्ने ।

**४.११.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता**

आगामी तीन आ.व. (२०८२/८३-२०८४/८५) मा मन्त्रालय/निकायले कार्यान्वयन गर्ने रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरूबाट दोस्रो पञ्चवर्षीय योजनाले समेटेका प्रादेशिक विकास तथा रुपान्तरणका १४ वटा प्राथमिक क्षेत्रहरूले निम्नलिखित सम्बन्धित विषयक्षेत्रमा आवश्यक योगदान पुऱ्याउने विश्वास लिइएको छ :-

- कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाइ पारदर्शी र प्रभावकारी बनाउने ।
- विकास योजनाहरु अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्याहरु तत्काल समाधान गर्ने ।
- पदाधिकारी र कर्मचारीको कार्यसम्पादन मापन योग्य बनाउने ।
- विविधतायुक्त प्रदेशको विशेषता अनुसार यसका सबल पक्षहरुबारे नागरिक समक्ष पुर्याइ राष्ट्रिय एकता प्रबर्द्धनका क्रियाकलापहरु तय गरी कार्यान्वयनमा ल्याएर सरकारी काम कार्वाहीप्रति विश्वसनीयता अभिवृद्धि गर्ने ।

- कुशल, सक्षम र प्रजातान्त्रिक नेतृत्व क्षमता विकासका लागि योजना तयार गर्ने । प्रदेश तथा स्थानीय तहको दिगो तथा सन्तुलित विकास गर्न विभिन्न कार्यक्रमहरु पहिचान गरी नागरिकहरुको सहभागितामा संचालन गर्ने ।
- प्रभावकारी तथा चुस्त प्रशासन संयन्त्र निर्माण, नागरिक मैत्री सेवा प्रवाह तथा वित्तीय सुशासन जोखिम न्युनीकरणका लागि कार्यक्रमहरु संचालन गर्ने। नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गरी क्षमता विकासका गतिविधिहरु संचालन गर्ने आदि ।

### ४.११.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई थप प्रभावकारी गराउन गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ तयार गरेको छ । गण्डकी प्रदेश सरकारले दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई प्रथम पञ्चवर्षीय आवधिक योजनादेखि आत्मसात् गरी कुल २७५ वटा सूचकहरू मार्फत दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरेको र दोस्रो पञ्चवर्षीय योजनामा दिगो विकासको लक्ष्य हासिल गर्न उच्च योगदान पुग्ने गरी रूपान्तरणका प्राथमिक क्षेत्र लगायत रणनीति, कार्यक्रम तथा सूचकमार्फत आबद्धता कायम गर्दै मध्यमकालीन खर्च संरचनामा कार्यक्रम योजना समावेश गरिएका छन् ।

### ४.११.८ त्रिवर्षीय नतिजा सूचक

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ (यथार्थ उपलब्धि) | २०८१/८२* (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | सुशासन तथा सेवा प्रवाह सम्बन्धी कानुन, नीति तथा कार्यविधी निर्माण | संख्या | २ | ३ | ४ | ५ | ६ |
| २ | नागरिक सेवा सन्तुष्टि | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ७८ |
| ३ | प्रहरी भवन निर्माण | वटा | ५ | ३ | २ | १ | २ |
| ४ | कर्मचारीका लागि क्षमता विकास सम्बन्धी तालिम | पटक | १४० | १२० | १२५ | १३० | १३५ |
| ५ | नवप्रवतर्न कार्यक्रम | वटा | १७ | १७ | ५५ | ६५ | ७० |
| ६ | प्रदेश तथा मन्त्रालयगत रुपमा वित्तीय सुशासन परिक्षण भएको | मन्त्रालय | ११ | ९ | ९ | ९ | ९ |
| ७ | कानुन तर्जुमा (एकल सूची) | संख्या | ७ | १२ | १२ | १४ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | भ्रष्टाचार विरुद्द शुन्य सहनशिलताको अख्तियार गरिएको अवस्था | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

**४.११.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु. हजारमा)**

| विवरण | शिर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२* (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | ६०६५८४ | ५९३३६९ | ८८५५०० | ९२७११९ | ९७०६९३ |
| | पुँजीगत | ११६६८० | १५७६७१ | १५८४०० | १६५८४५ | १७३६४० |
| | जम्मा | ७२३२६४ | ७५१०४० | १०४३९०० | १०९२९६४ | ११४४३३३ |
| स्रोत | नेपाल सरकार | - | - | ८४३९०० | ८८३५६३ | ९२५०९१ |
| | वैदेशिक अनुदान | - | - | २००००० | २०९४०० | २१९२४२ |
| | जम्मा | | | १०४३९०० | १०९२९६४ | ११४४३३३ |

**४.११.१० कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण**

**४.११.११ सम्भावित जोखिम पक्ष**

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक नीति, संरचना जनशक्ति, प्रविधि पर्याप्त मात्रामा उपलब्ध हुन नसक्दा सिमित स्रोत साधनबाट अधिकतम् प्रतिफल दिनुपर्ने चुनौती रहेको छ । जलवायु परिवर्तन लगायतले उत्पन्न गराउने विपद्जन्य जोखिमको कारण सिर्जित परिस्थितिले गर्दा सेवाप्रवाहमा प्रभाव पर्ने जोखिम रहन सक्छ ।

उल्लेखित मध्यमकालिन खर्च संरचनामा उल्लेख गरिएका पक्षहरुमा केन्द्रित भएर सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत साधन, पूँजी प्रविधिको कुशल व्यवस्थापनबाट सेवा प्रवाह र विकास निर्माणलाई लक्षित गर्न सकिएमा, स्रोत, साधन, प्रविधि र दक्ष जनशक्तिको उत्पादन तथा विकास हुने, दक्ष तथा प्रविधिमैत्री व्यवस्थापनबाट सेवा प्रवाह र विकास निर्माणका कार्य छिटो, छरितो, पारदर्शी, मितव्ययी तथा गुणस्तरीय भई प्रदेश सरकारप्रति नागरिकको अपनत्व सिर्जना गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

**४.१२ मुख्य न्यायधिवक्ताको कार्यालय**

**४.१२.१ पृष्ठभूमि**

नेपालको संविधानको धारा १६०(५) ले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको कानुनी सल्लाकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार/प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी लाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था रहेको,

धारा १६० (७) वमोजिम मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन वमोजिम हुने व्यवस्था भए वमोजिम गण्डकी प्रदेशमा मुख्य न्यायाधिवक्ता काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ वनेको छ । सोही ऐन वमोजिम मुख्य न्यायाधिवक्ता कार्यालयको देहायको काम कर्तव्य र अधिकार रहेको छ ।

- मुद्दा मामिलामा प्रदेश सरकारको तर्फवाट प्रतिनिधित्व गर्ने,
- प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने,
- अदालतको फैसला वा आदेशको कार्यान्वयनमा सहकार्य गर्ने,
- प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन वनाउनु पर्ने वा भैरहेको कानुन संशोधन गर्नू परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेशभित्र रहेका हिरासत, थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदीउपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने,
- प्रदेश सरकारका मन्त्रालय वा कार्यालयवाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखत दर्ता गर्न समन्वय गर्ने ।

### ४.१२.२ कार्य क्षेत्र

- प्रदेश सरकार पक्ष वा विपक्षी भएको मुद्दाहरुमा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी, गर्ने तथा गराउने, कानुनी प्रश्नमा कानुनी राय प्रदान गर्ने, लिखित जवाफ दर्ता तथा बहस नोट तयार गरी सम्बन्धित अदालत समक्ष पेश गर्ने,
- प्रदेश सरकार तथा मातहतका निकायहरुका नाममा अदालतबाट भएको आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायलाई पत्राचार गर्ने तथा फैसला कार्यान्वयनको अनुगमन गर्ने र प्रदेशको कार्यक्षेत्रको विषयमा नयाँ कानुनहरुको मस्यौदा बनाउने तथा भईरहेका कानुनमा सँसोधन गर्न त्यसको कारण खुलाई गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेश भित्र रहेका बालसुधारगृह, हिरासत, थुनुवा कक्ष तथा कारागारहरुको निरीक्षण गरी कानुनको विवादमा परेका बालबालिका, थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए, नभएको सम्बन्धमा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,
- अदालत, बार एशोसिएसन, सरकारी वकील कार्यालय, प्रहरी, कारागारसँग मानवअधिकार तथा मानवोचित व्यवहारसम्बन्धमा अन्तरक्रिया र स्थानीय तहका न्यायिक समितिका सदस्य एवँ कर्मचारीहरुसँग न्याय सम्पादन सम्बन्धमा छलफल एवँ तालिम प्रदान गर्ने,

- समुदायमा मुख्यन्यायाधिवक्ता कार्यक्रम मार्फत कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्ने, मुख्यन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय तथा अदालत बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, कैदीबन्दी उपचार कोष तथा बालबालिका शैक्षिक कोषको स्थापना गर्ने ।

### ४.१२.३ प्रमुख सवाल तथा चुनौती

- प्रदेश सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकायहरुले कानुनी राय माग गर्दा कानुनले तोकेको प्रकृया नपु-याई/ मौखिक रुपमा राय माग गर्न,
- लिखित जवाफहरु तोकिएको ढाँचा र समयावधिभित्र प्राप्त हुन,
- मुख्य न्यायाधिवक्ताको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत रहने वा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने भन्ने विषयमा कानुनी अन्योलता अन्त्य गर्न,
- यस कार्यालयको आफ्नो नाममा भवन नभएकोले तत्कालिन महिला तथा बालबालिका विकास कार्यालयमा यस कार्यालय रहेको हुँदा भवन पुरानो तथा साँघुरो रहेको साथै गाडी पार्किङको समस्या समाधान गर्न,
- यस कार्यालयको मुद्दा व्यवस्थापनको लागि रहेको सफ्टवेयरको क्षमता कम भएकोले डिजिटल रेकर्डलाई व्यवस्थित गर्न ।

### ४.१२.४ रुपान्तरणकारी रणनीति

- मुख्य न्यायाधिवक्ताको भूमिका थप स्पष्ट तथा प्रभावकारी बनाउने,
- न्यायिक निरूपणका कार्यलाई छरितो, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउन सहयोग गर्ने,
- स्थानीय न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवम् प्रणालीबद्ध बनाई प्रभावकारिता कायम गर्न सहयोग गर्ने,
- कानुन निर्माण गरी न्यायमा सबैको सरल र सहज पहुँच स्थापित गर्न न्यायपालिकालाई आवश्यक सहयोग गर्ने,
- प्रदेशको कार्य क्षेत्रभित्रका कुनै कानुन संशोधन वा नयाँ तयार गर्नुपर्ने भएमा सोको पहिचान गरी कानुन निर्माण गर्ने,
- प्रदेशले निर्माण गर्नुपर्ने कानुन निर्माणमा सरोकारवाला समेतको सहभागिता सुनिश्चित गर्ने ।

### ४.१२.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

- न्यायिक कार्यसम्पादन सुदृढीकरण ।

### ४.१२.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

दोस्रो पञ्चवर्षीय योजनाको परिच्छेद १४ सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्धसँग तादात्म्यता कायम गरेको छ । सो परिच्छेदको शान्ति, सुव्यवस्था र मानव अधिकार उपक्षेत्रसँग यसको अन्तरसम्बन्ध कायम हुने

गरी यस मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरिएको छ । यसका लागि रणनीति, सूचक तथा कार्यक्रमसँग अधिकतम तालमेल गरिएको छ ।

### ४.१२.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

- लैङगिक समानता हासिल गर्ने र सवै महिला, किशोरी र बालिकालाई सशक्त वनाउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको,
- प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रदेश सरकारको तर्फवाट वातावरण संरक्षण समेतका विषयका रिट निवेदन तथा मुद्दाको विषयमा वहस पैरवी र प्रतिरक्षा गरेको,
- वर पिपल संरक्षण लगायतका विषयमा माग भए अनुसार कानुनी राय प्रदान गरिएको ।

### ४.१२.८ त्रिवर्षीय नतिजा सूचक

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ (यथार्थ उपलब्धि) | २०८१/८२* (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वहस पैरवी प्रतिरक्षा । | पटक | ३०७ | ३५७ | ३६२ | ३७० | ३९० |
| २ | समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम | पटक | ० | २३ | ४४ | ४६ | ४८ |
| ३ | अदालत, सरकारी वकील कार्यालय, प्रहरी, कारागार, बार एशोसिएसनसँग विद्यमान कानुन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | पटक | ६ | ११ | ११ | ११ | ११ |
| ४ | विधेयक / कार्यविधि / मस्यौदा तर्जुमा । | पटक | ९ | १८ | २० | २५ | ३० |
| ५ | स्थानीय तहका न्यायिक समितिका सदस्य एवँ कर्मचारीहरुका लागि न्यायिक कार्यसम्पादन र तालिम आदि । | पटक | २ | ११ | ११ | ११ | ११ |

### ४.१२.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

(रु. हजारमा)

| विवरण | शीर्षक | २०८०/८१ (यथार्थ) | २०८१/८२ (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | १३३९४ | १९३४३ | २०५०० | २१४६४ | २२४७२ |
| | पुँजीगत | ११४३ | १२६० | २००० | २०९४ | २१९२ |
| | **जम्मा** | **१४५३७** | **२०६०३** | **२२५००** | **२३५५८** | **२४६६४** |
| स्रोत | प्रदेश सरकार | - | - | २२५०० | २३५५८ | २४६६४ |
| | संघीय अनुदान | - | - | ० | ० | ० |
| | जम्मा | | | २२५०० | २३५५८ | २४६६४ |

### ४.१२.१० कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण

| बजेट विनियोजन (रु.लाखमा) | अवधी१ | हालसम्मको प्रगति स्थिति | आ.व.२०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|
| २०५ | साल बसाली | | १.वहस पैरवी प्रतिरक्षा ।<br>२. समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम ।<br>३. अदालत, सरकारी वकील कार्यालय, प्रहरी, कारागार, बार एशोसिएसनसँग विद्यमान कानुन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम ।<br>४. विधेयक / कार्यविधि / मस्यौदा तर्जुमा ।<br>५. स्थानीय तहका न्यायिक समितिका सदस्य एवँ कर्मचारीहरुका लागि न्यायिक कार्यसम्पादन र तालिम ।<br>६. बाल सम्मेलन, महान्यायाधिवक्ता, अदालत र मुख्यन्यायाधिवक्ताहरुकसँगको अन्तरक्रिया कार्यक्रम, वातावरण संरक्षण तथा दिगो विकास सम्बन्धी अन्तरक्रिया कार्यक्रम, महिलाको क्षमता विकास तथा सशक्तिकरण सम्बन्धी कार्यक्रम । |

### ४.१२.११ सम्भाव्य जोखिम पक्ष

अपेक्षित नतिजा हासिल हुने गरी स्रोत तथा साधनको सुनिश्चितता हुनेमा जोखिम रहन सक्छ ।

### ४.१३ प्रदेश लोकसेवा आयोग

### ४.१३.१ पृष्ठभूमि

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयनमा रहेको छ । संविधान र ऐनका विशिष्ट व्यवस्था बमोजिम प्रदेश लोकसेवा आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा योग्यता, स्वच्छता, निश्पक्षता, समान अवसर, समावेशिता र गोपनियता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगले गर्दै आएको छ ।

आयोगले गण्डकी प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा मातहतका कार्यालय र कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ्ग, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी यस प्रदेशका ११ जिल्लाका १ महानगरपालिका, २६ नगरपालिका र ५८ वटा गाउँपालिका गरी जम्मा ८५ वटा स्थानीय तहहरुका प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाका सेवामा रिक्त हुन आएका विभिन्न पदहरुको स्थायी पदपूर्तिको लागि सिफारिस गर्दछ ।

### ४.१३.२ प्रमुख कार्यक्षेत्र

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने,
- प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा परामर्श दिने,
- प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्ने,
- प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श दिने,
- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानुन, नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धी परामर्श दिने,
- छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषय, कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,
- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा र प्रदेश निजामती सेवा, प्रदेश अन्य

सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श दिने ।

### ४.१३.३ प्रमुख सवाल तथा चुनौती

सार्वजनिक सेवामा योग्य उम्मेदवार छनौट, आयोगभित्र विशेषज्ञ कर्मचारीको व्यवस्थापन गर्ने तथा अनुभवी कर्मचारी आयोगको अनुमति नलिइ अन्यत्र सरुवा हुने प्रवृत्ति रोक्नु, प्रदेश लोकसेवा आयोग, प्रदेश प्रहरी, अन्य प्रदेश तथा स्थानीय तहका सरकारी सेवा, तथा सङ्गठित संस्थाका नियमहरूका बीचमा सामाञ्जस्यता कायम गर्नु महत्त्वपूर्ण सवालका रूपमा रहेको छ । स्थानीय तहहरूको पदपूर्तिको अवस्थाको जानकारी समयमै अद्यावधिक गर्नु, थप नयाँ परीक्षण विधिहरूको अवलम्बन गर्नु, विद्यालय तथा विश्वविद्यालय तथा काम गर्नुपर्ने कार्यालयको कामसँग पाठ्यक्रमको सामञ्जस्यता कायम गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ४.१३.४ रुपान्तरणकारी रणनीति

- आयोगको मानव संसाधन तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- आयोगका भौतिक पूर्वाधार, सूचना प्रणाली र वित्तीय व्यवस्था सुदृढ गर्ने,
- आयोगका पाठ्यक्रम, शैक्षिक संस्थाका पाठ्यक्रम र सम्पादन गर्नुपर्ने कार्यविवरणबीच सामञ्जस्यता कायम गर्ने,
- स्वच्छता, निष्पक्षता र वैज्ञानिक परीक्षण विधि प्रयोग गर्दै उपयुक्त र योग्य उमेदवार छनोट गर्ने,
- परामर्श र उजुरी सुनुवाइलाई उपयुक्त, न्यायिक एवम् कार्यान्वयन योग्य बनाउने ।

### ४.१४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

- नीतिगत, कानुनी तथा संरचनागत सुधार,
- भौतिक पूर्वाधार विकास,
- डिजिटाइजेसन प्रवर्द्धन,
- ज्ञान केन्द्रको स्थापना,
- जनशक्ति विकास ।

### ४.१४.६ दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आबद्धता

प्रदेश लोकसेवा आयोगले प्रादेशिक विकास तथा रूपान्तरणका १४ वटा प्राथमिक क्षेत्रहरू परिचालन गर्न प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक पर्ने मानव संसाधनको भर्ना तथा छनौट गरी सिफारिस गर्दछ । प्राथमिक क्षेत्र ७ मा उल्लिखित शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पूँजी निर्माणमा सहयोग पुग्ने गरी आयोगको पाठ्यक्रम तयार गरिएको छ । प्राथमिक क्षेत्र १४ मा उल्लिखित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत कानुनद्वारा तोकिएको प्रतिशत तोकिएको समावेशीकरण समूहमा छुट्याई सोही समूह अन्तर्गतका उम्मेदवारहरूबिच प्रतिस्पर्धा गराई भर्ना तथा छनौट गरिन्छ । प्राथमिक क्षेत्र १३ मा उल्लिखित

सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्धका लागि उपयुक्त उम्मेदवार छनौट गर्न प्रदेश तथा स्थानीय सरकार, लोकसेवा आयोग तथा अन्य सरोकारवालासँग भर्ना, पाठ्यक्रम तथा विषयगत रूपमा अन्तरक्रिया, छलफल गरी आवश्यक समन्वय, सहयोग तथा सहकार्य गर्दछ ।

**४.१४.७ दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता**

प्रदेश लोकसेवा आयोगले दिगो विकास लक्ष्यका हासिल गर्न प्रदेश सरकारले निर्धारण गरेका २७५ सूचकको प्राप्तिका लागि सहयोग गर्न प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक मानव संसाधनको भर्ना तथा छनौट गरी सिफारिस गर्दछ ।

दिगो विकास लक्ष्यको लक्ष्य ४ को लैङ्गिक समानता हासिल गर्ने अन्तर्गत कानुनद्वारा तोकिएको प्रतिशत महिलाका लागि मात्र छुट्याई सोही समूह अन्तर्गतका उम्मेदवारहरूबिच प्रतिस्पर्धा गराई भर्ना तथा छनौट गरिन्छ । दिगो विकास लक्ष्यको लक्ष्य १६ को दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबै तहमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाको स्थापना गर्ने अन्तर्गत प्रदेश तथा स्थानीय तहमा कानुनद्वारा तोकिएको प्रतिशतमा महिला तथा समावेशीकरणमा समेटिएका वर्ग र जातजातिबीच मात्र प्रतिस्पर्धा गराई उपयुक्त उम्मेदवार सिफारिस गर्दछ ।

**४.१४.८ त्रिवर्षीय नतिजा सूचक**

| क्र. सं. | सूचक | एकाइ | २०८०/८१ (यथार्थ उपलब्धि) | २०८१/८२ (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आयोगले तर्जुमा गर्नुपर्ने नीति नियम, निर्देशिका कार्यविधि, मापदण्डहरु तर्जुमा हुने | संख्या | ऐन, नियमावली, कार्यविधी निर्माण भएको | २ वटा कार्यविधि बन्ने | थप ३ वटा कार्यविधि बन्ने | थप ३ वटा कार्यविधि बन्ने | थप ३ वटा कार्यविधि बन्ने |
| २ | दक्ष विशेषज्ञहरू तथा परीक्षा सञ्चालन तथा व्यवस्थापनमा संलग्न जनशक्तिलाई अभिमुखीकरण | पटक | १ पटक | १ पटक | २ पटक | २ पटक | २ पटक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | जग्गा प्राप्ति र कार्यालय भवन निर्माण हुने | संख्या | नभएको | जग्गा प्राप्तिको लागि कार्यवाही शुरु हुने | DPR तयार हुने | भवन निर्माण शुरु हुने | भवन निर्माणको काम जारी रहने |
| ४ | पदाधिकारीहरु तथा कर्मचारीको क्षमता अभिवृद्धि हुने | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |
| ५ | सूचना तथा सञ्चार प्रविधि र अन्य उपकरण सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन हुने | पटक | प्रयोग भैरहेको | रणनीति बन्ने र सोही अनुसार कार्ययोजना बनाउने । | कार्ययोजना अनुसार सुदृढीकरण गर्ने । | कार्ययोजना अनुसार सुदृढीकरण गर्ने । | कार्ययोजना अनुसार सुदृढीकरण गर्ने । |
| ६ | पाठ्यक्रम विकास र परिक्षण प्रविधि सुदृढीकरण हुने | पटक | ३ पटक | ११ पटक | १२ पटक | १५ पटक | १६ पटक |
| ७ | वेव साईट, बुलेटिन, स्मारिका र बार्षिक प्रतिवेदन नियमित अध्यावधिक/ प्रकाशन हुने | संख्या | बेवसाइट अपडेट भएको, वार्षिक रुपमा प्रकाशन भएको | बेवसाइट अपडेट हुने, वार्षिक र त्रैमासिक प्रतिवेदन समेत प्रकाशन भएको | निरन्तर र अझ परिस्कृत हुँदै जाने । | निरन्तर र अझ परिस्कृत हुँदै जाने । | निरन्तर र अझ परिस्कृत हुँदै जाने । |
| ८ | ज्ञान केन्द्रको स्थापना र विकास हुने | संख्या | नभएको | पुस्तक खरिद हुने | पुस्तकालय स्थापना हुने | थप सुदृढ हुने | थप सुदृढ हुने |
| ९ | प्रदेश सरकार र स्थानीय तहसँग | संख्या | ७ | १० | १२ | १२ | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्तरक्रिया कार्यक्रम तथा विद्यार्थी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने | | | | | | |
| १० | वार्षिक प्रतिवेदन तयारी र प्रकाशन हुने | संख्या | तोकिएको समयमै सम्पन्न भएको | तोकिएको समयमै सम्पन्न भएको | निरन्तर र अझ परिस्कृत रुपमा प्रकाशन हुने | निरन्तर र अझ परिस्कृत रुपमा प्रकाशन हुने | निरन्तर र अझ परिस्कृत रुपमा प्रकाशन हुने |

### ४.१४.९ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान (रु. हजारमा)

| विवरण | शिर्षक | २०८०/०८१ (यथार्थ) | २०८१/०८२ (संशोधित प्रक्षेपण) | त्रिवर्षीय अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| खर्च | चालु | १०५२६८ | ९२४५४ | १०३१२० | ११३०७६ | ११८३९१ |
| | पुँजीगत | ३४४० | ९१५६ | ३४००० | ३५५९८ | ३७२७१ |
| | जम्मा | १०८७०८ | १०१६१० | १३७१२० | १४८६७४ | १५५६६२ |
| स्रोत | **प्रदेश सरकार** | - | - | १३७१२० | १४८६७४ | १५५६६२ |
| | **संघीय अनुदान** | - | - | ० | ० | ० |
| | **जम्मा** | | | १३७१२० | १४८६७४ | १५५६६२ |

### ४.१४.१० आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम

रु.हजारमा

| क्र.सं. | आयोजना / कार्यक्रम | बजेट विनियोजन | अवधि | हालसम्मको प्रगति स्थिति | आ.व.२०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|
| १ | मेसिनरी औजार खरिद, फर्निचर खरिद, विद्युतीय सवारी साधन खरिद, केही सार्वजनिक निर्माण, विद्युतीय सुशासनका लागि सूचना प्रविधि सुदृढीकरण | ११५०० | १ वर्ष | OMR मेशिन र Duplo(OCR) मेशिन खरिद भएको | OMR मेसिन खरिद, OCR मेसिन खरिद, स्कुटर खरिद, फर्निचर खरिद, केही सार्वजनिक निर्माण |

### ४.१४.११ सम्भाव्य जोखिम पक्ष

प्रदेश सरकारको सकारात्मक सहयोग निरन्तर भइ प्रदेश सभाबाट समयमै ऐन संशोधन हुने, आयोगलाई आवश्यक पर्ने बजेट र स्रोत व्यवस्थापन हुने, रिक्त स्थानमा थप जनशक्तिको प्राप्ति, प्रदेश सरकार तथा स्थानीय सरकार र सेवा सञ्चालन गर्ने निकायको तत्परता कायम हुने र दक्ष विशेषज्ञको समयमै सहयोग प्राप्त हुने कुरामा जोखिम रहन सक्छ ।

सारमा, सोह्रौं योजना तथा दोस्रो प्रादेशिक योजनाले लिएका संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप स्थानीय तहका योजना प्रणाली पुनःसंरचना गर्ने कार्य चुनौतीपूर्ण छ । प्रदेश सरकारको स्रोत साधन न्यूनता तथा उच्च राजनैतिक प्रतिबद्धताको अभावमा आयोजना बैकको पूर्ण कार्यान्वयनमा जटिलता रहेको देखिन्छ । साथै, मध्यमकालीन खर्च संरचना एवम् समपूरक र विशेष अनुदान लगायतका प्रणालीको उपयोग र अन्य प्रणालीसँग आबद्धता प्रभावित बन्न सक्ने देखिन्छ । नीति तथा योजना तर्जुमा, अनुगमन मूल्याङ्कनमा संलग्न दक्ष जनशक्ति आयोगमा टिकाइराख्न कठिन छ । विगतका अनुभवका आधारमा विपद्जन्य घटनाबाट सिर्जित प्रतिकुल अवस्थाका कारण त्रिवर्षीय खर्च संरचनाले लिएका लक्ष्य प्राप्तिमा अवरोध आउन सक्ने देखिन्छ । अतः योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धिसहित दिगो विकास लक्ष्यको स्थानीयकरण र आन्तरिकीकरण, मध्यमकालीन खर्च संरचना र आयोजना बैंकलाई अन्तरआबद्ध गरी आगामी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न सकेमा अपेक्षित नतिजा प्राप्तिमा सहयोग पुग्ने अनुमान गर्न सकिन्छ ।

गण्डकी प्रदेश सरकार
## गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल
फोन : ०६१-४५११८८
Email: pppcgandaki@gmail.com    Website: ppc.gandaki.gov.np